# लेखापरीक्षण प्रतिवेदन

## कलैया उप महानगरपालिका, बारा

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कलैया उप महानगरपालिका, बारा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/446

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,
कलैया उप महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बारा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/446

श्रीमान नगर प्रमुखज्यू ,

कलैया उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

कलैया, बारा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस उप महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. कलैया उपमहानगरपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. पालिकाको आय र व्ययतर्फ रु.३ अर्ब ५६ करोड ३२ लाख ६२ हजार को कलैया उप महानगरपालिकाको लेखापरीक्षणबाट रु. १३ करोड ५३ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु . ३५ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड ७३ लाख १५ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ३९ लाख ८८ हजार र पेश्की बाँकी रु. १ करोड ५ लाख ५ हजार गरी जम्मा रु. १३ करोड ५३ लाख ४६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ७३ करोड ५८ लाख४० हजार यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ८७ करोड ११ लाख ८६ बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले कलैया उपमहानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२६ | ५०० | १३,५३,४६,१४० | ० | ० | ० | ० | १२६ | ५०० | १३,५३,४६,१४० | ३५,३८,४५५ | ३,३९,८७,६०१ | ८,७३,१५,२२४ | ० | ० | १२,१३,०२,८२५ | १,०५,०४,८६० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | ७३,५८,४०,२०८ | | ० | | | १३,५३,४६,१४० | ८७११८६३४८ |

# कलैया उप महानगरपालिका, बारा

# ( ८०२२१३०१३०० )

# कलैया उप-महानगरपालिका , बारा

## परिचय

१

**(क) कार्यालय परिचय:-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २७ वटा वडा रहेको छ भने क्षेत्रफल १०८.९ वर्ग कि.मी. तथा जनसंख्या १३६२२२ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१४ देखि २०८२।९।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति:-** कार्यालयको आय - व्ययतर्फ रु. ३५६३२६१८६९। को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरण:**

वित्तीय विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन अनुसार मिति २०८२।९।१९ मा तयार पारेको एकिकृत आर्थिक विवरण देहायानुसार रहेको छ ।

| प्राप्ती | | | | भुक्तानी | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | | रकम | रकम | विवरण | | रकम | रकम |
| सिन | सुरुको मौज्दात | | ११५८४४५१८ | सिन | चालु खर्च | ८५१३८१५१० | ८५१३८१५१० |
| १ | संचित कोष | ७९९४९७६८ | | १ | पालिका तर्फ | ३५१६६८८८८ | |
| २ | धरौटी | २००४२४५६ | | २ | संघिय सशर्त | ४९६७१२६२२ | |
| ३ | कार्यसंचालन कोष | १५८५२२९५ | | ३ | संघिय विशेष | ० | |
| क | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ७०१३८३८ | | ४ | प्रदेश सशर्त | ० | |
| ख | कर्मचारी कल्याण कोष | ५९१०५ | | ५ | प्रदेश विशेष | ३०००००० | |
| ग | स्थानीय तह विविध खर्च खाता | ८७७९३५२ | | | पुजिगत खर्च | ३५०५२२२१३ | ३५०५२२२१३ |
| | अन्य कोष | | | १ | पालिका तर्फ | २७६०९२७२३ | |
| | यस वर्षको आय | | १७८८२२१४०६ | २ | संघिय सशर्त | ५९३८७९६२ | |
| १ | आन्तरिक आय | १५८७३५७३० | | ३ | संघिय विशेष | ० | |
| २ | वित्तीय हस्तान्तरण संघ | १०३१०१०५९६ | | ४ | संघिय समपुरक | ३७००००० | |
| क | समानिकरण अनुदान | २३४१७१५२० | | ५ | प्रदेश सशर्त | ११३४१५२८ | |
| ख | राजस्व बाँडफाट | १७९२४८०७६ | | ६ | प्रदेश विशेष | ० | |
| ग | सशर्त अनुदान | ६१३८९१००० | | ७ | प्रदेश समपुरक | ० | |
| घ | समपुरक अनुदान | ३७००००० | | | अन्तर सरकारी अख्तियारी(संघ) | ४७२४५८३१५ | ४७२४५८३१५ |
| ङ | विशेष अनुदान | ० | | क | समाजिक सुरक्षा | ४४७४०००९० | |
| च | रोयल्टी | | | ख | राष्ट्रपति शैक्षिक सुधार कार्याक्रम | १८००००० | |
| छ | अन्य कोष | | | ग | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | १९७८२९४ | |
| ३ | वित्तीय हस्तान्तरण प्रदेश | ५८९११८१३ | | घ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७९०००० | |
| क | समानिकरण अनुदान | १९५८८००० | | ङ | स्थानीय तह प्रशासनीक भवन पूवाधार कार्यक्रम | १७३७६३४३ | |
| | राजस्व बाँडफाट | २४९७००८४ | | च | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३११३५८८ | |
| | सशर्त अनुदान | ११३५३७२९ | | | | | |
| | समपुरक अनुदान | ० | | | धरौटी फर्ता थता सदर स्याहा | ११३०८८६१ | ११३०८८६१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विशेष अनुदान | ३०००००० | | | कार्यसंचालन कोषमा भएको खर्च | ३१५६६९४८ | ३१५६६९४८ |
| 4 | घर जग्गा रजिष्टेशन | ५५४५०२६७ | | क | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ६२०२८११ | |
| | अन्य कोष | | | ख | कर्मचारी कल्याण कोष | १२७५३४८५ | |
| ५ | अन्तर सरकारी अख्तियारी ( संघ ) | ४८४११३००० | | ग | स्थानीय तह विविध खर्च खाता | १२६१०६५२ | |
| क | समाजिक सुरक्षा | ४५०६३८००० | | | अनुदान फिर्ता | ५७८०२६१७ | ५७८०२६१७ |
| ख | राष्ट्रपति शैक्षिक सुधार कार्याक्रम | १८००००० | | क | संघीय सर्सत अनुदान | ५७७९०४१६ | |
| ग | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ३०००००० | | ख | संघीय विषेश अनुदान | ० | |
| घ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पु | ७०८०००० | | ग | संघीय समपुरक अनुदान | ० | |
| ङ | स्थानीय तह प्रशासनीक भवन पूवार्धार कार्यक्रम | २०८००००० | | क | प्रदेश सर्सत अनुदान | १२२०१ | |
| च | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७९५००० | | ख | प्रदेश विषेश अनुदान | ० | |
| | | | | ग | प्रदेश समपुरक | ० | |
| | | | | | अन्तिम मौज्दात | १२९०२५४६१ | १२९०२५४६१ |
| | | | | १ | संचित कोषको मौज्दात | ९०४१८३१० | |
| | | | | २ | धरौटी | २५०४४३३१ | |
| | | | | ३ | कार्य संचालन कोष | १३५६२८१९ | |
| | जम्मा | १९०४०६५९२४ | १९०४०६५९२४ | | | १९०४०६५९२४ | १९०४०६५९२४ |

उपरोक्त आर्थिक विवरणमा आन्तरिक आय तर्फ सुत्रानुसारको बैंक मौज्दात रु ६९९३६६१७। समावेश गरेको छ । साथै गत वर्षको प्रतिवेदनमा अन्तिम मौज्दात रु १०५६९०४३६। रहेकोमा यस आर्थिक विवरणमा रु १०१५४०८२। बढि रु ११५८४४५१८। जिम्मेवारी सारेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणाली लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्दछ । पालकिाले घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रु १९७८२९४।, सामाजिक सुरक्षा तथा संरक्षणको रु ४४७४०००९०।, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु १७३७६३४३।, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु १८०००००।, र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३९०३५८८। सहित रु ४७२४५८३१५। को सुत्रमा लेखाङ्कन गरेको देखिएन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत

पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था हुनुपर्दछ ।

४ **बैंक हिसाव विवरण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाव मिलान विवरण ( म.ले.प.फा.नं. २१२) तयार गरी हिसाव भिडान गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैंक मौज्दात देहायानुसार रहेको छ ।

| विवरण | श्रेस्ता अनुसार | बैंक अनुसार |
|---|---|---|
| विविध खर्च खाता | ६८४६११८ | ७३८२३१८ |
| विविध खर्च खाता | ५३६१९९ | |
| स्थानीय तह धरौटी खाता | २५०४४३३० | २५०४४३३० |
| स्थानीय तह सञ्चित कोष खाता | ६५९९५९०८ | ६५९९५९०८ |
| स्थानीय तह विविध कोष खाता | ६६६६२ | ६६६६२ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६२१३८३८ | ६२१३८३८ |
| जम्मा | १०४७०३०५५ | १०४७०३०५६ |

उपरोक्त विवरण अनुसार विविध खर्च खाताका दुईवटा देखिएकोमा दोश्रो कोलममा रहेको विविध खर्च खाता श्रेस्ता भन्दा बैंक रु ५३६१९९। ले कम देखिएकोले हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३६,१९९ |

५ **कर तथा अन्य दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व देहाय बमोजिम रु.९३७५५५९। देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

| विवरण | चालु तर्फ | पूजिगत तर्फ | जम्मा |
|---|---|---|---|
| अग्रिम कर आकस्मिक लाभ, निकायले प्राप्त गर्ने | ४५० | ९४९८२१ | ९५०२७१ |
| अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय | १४९८८९ | ० | १४९८८९ |
| अग्रिम कर, प्रा.लि | १४२१६ | ७१०५१ | ८५२६७ |
| अग्रिम कर, लि.कम्पनी | २१६ | २८०९४ | २८३१० |
| अग्रिम कर,साझेदारी,सहकारी अन्य निकाय | १४२९ | १५३१३ | १६७४२ |
| अन्य कट्टी | ६१९५० | १२१४१५३ | १२७६१०३ |
| अन्य कट्टी-२ | ५८१७ | ० | ५८१७ |
| अन्य वहाल कर | ११९२९६ | २८४३३९ | ४०३६३६ |
| कर्मचारी संचय कोष कट्टी | ७८७२ | ० | ७८७२ |
| घर वहाल कर | ८२०४१ | ० | ८२०४१ |
| पारिश्रमिक कर कट्टी | २२०६०४० | ० | २२०६०४० |
| मू. अ. कर -परामर्श तथा ठेक्का | ४२९०५ | १२४११०० | १२८४००५ |
| मु.अ.वस्तु बिक्री र वितरण | १३१३१२ | २६४४०९ | ३९५७२१ |
| योगदानमा आधारित सामाजिक सुरक्षा कोष क | ४७२३ | ० | ४७२३ |
| साबधिक बिमा-नागरिक लगानी कोष | ८०० | ० | ८०० |
| सामाजिक सुरक्षा कर | ४७०५९१ | १३११३२ | ६०१७२३ |
| धरौटी कट्टी | ० | १८७६६०० | १८७६६०० |
| कुल जम्मा | ३२९९५४६ | ६०७६०१२ | ९३७५५५९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,७५,५५९ |

## ६ अनुदान प्राप्ती अवस्था:

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (१) मा नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ । पालिकालाई विगत ३ आर्थिक वर्षमा प्राप्त भएको समानीकरण अनुदान, शसर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व वाडफाडको रकम देहायानुसार रहेको छ । उक्त विवरण अनुसार संघबाट प्राप्त हुने समानीकरण अनुदान आर्थिक वर्ष २०७९/८० मा रु २८ करोड ८१ लाख रहेकोमा आर्थिक वर्षमा २०८०/८२ मा २५ करोड १७ लाख रहि आर्थिक वर्ष २०८१/८२ मा २३ करोड ४१ लाखमा सिमित भएको छ । संघबाट प्राप्त शसर्त अनुदान आर्थिक वर्ष २०७९/८० मा रु ५५ करोड ५३ लाख रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु ४९ करोड ७८ लाख रहि आर्थिक वर्ष २०८१/८२ मा ५५ करोड ६१ लाख प्राप्त भएको देखियो । समपुरक अनुदानको हिस्सा क्रमश ३ करोड ९९ लाख, ३ करोड ४९ लाख र ३७ लाख छ भने विशेष अनुदान १ करोड ८९ लाख, ५३ लाख हुदै यस आर्थिक वर्षमा कुनै पनि प्राप्त भएको देखिदैन । उक्त विवरण अनुसार समानीकरण अनुदानको हिस्सा क्रमश घट्दै गएको छ भने सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७९/८० भन्दा २०८०/८१ मा घटेको भएपनि गत वर्ष पुन बढेको छ । यसैगरी समपुरक अनुदान प्राप्ती क्रमश घट्दै गएको छ भने विशेष अनुदान घटेर यस वर्ष कुनै पनि प्राप्त भएको छैन । यो प्रवृत्ती प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान र अन्य अनुदानको हकमा उस्तै देखिन्छ । पालिकालाई प्राप्त हुने राजस्व

बाडफाडको रकम संघ सरकारबाट प्राप्त हुने आर्थिक वर्ष २०७९/८० मा १० करोड ३ लाख रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ६० प्रतिशतले बृद्धि भई रु १६ करोड १ लाख पुगेको छ । यस्तो बाडफाड आर्थिक वर्ष २०८१।८२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा झण्डै १२ प्रतिशतले बृद्धि भई रु १७ करोड ८९ लाख पुगेको छ । प्रदेशबाट प्राप्त हुने राजस्व बाडफाडको रकम आर्थिक वर्ष २०७९/८० मा रु ७ करोड ८ लाख रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु ६ करोड ६४ लाख प्राप्त भएकोमा पुन वृद्धि भई आर्थिक वर्ष २०८१/८२ मा ७ करोड ९१ लाख प्राप्त भएको छ । पालिकाले आन्तरिक आयमा वृद्धि नगरेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान निरन्तर घट्दै गएको र अन्य अनुदान पनि कम प्राप्त हुदा पालिकाको बजेट व्यवस्थापन तथा खर्चमा वार्षिक रुपमा भुक्तानी हुन नसकी दायित्व सृजना हुदै गएको देखिन्छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सवै किसिमका अनुदान घट्दै गएको अवस्थामा पालिकाले ख्याल गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।




७ **आय व्यय विश्लेषण:**

७.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय( गत वर्षको अल्या सहित ) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १२०१९०३७२२ | ८९३४४५२९ | ७.४३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.४३ प्रतिशत मात्र रहेको छ। त्यसैले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.२ **बजेट र खर्चको अवस्था:** पालिकाको विगत तिन वर्षको बजेट र खर्चको अवस्था निम्न रहेको छ:

| आर्थिक वर्ष | बजेट | | | बजेट प्रतिशत | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा |
| २०८१।८१ | ९८६४१५ | ७६०७०६ | १७४७१२१ | ५६.५ | ४४ | ८५१३८१ | ३५०५२२ | १२०१९०३ | ८६.३१ | ४६.०७ | ६८.७९ |
| २०८०।८१ | ९७८१९६ | ६१३४८७ | १५९१६८३ | ६१.५ | ३९ | ८५७९४९ | ३०३८६१ | ११६१८११ | ७३.२७ | २६.७३ | ७२.९९ |
| २०७९।८० | ९२९२३१ | ६६२०७३ | १५९१३०४ | ५८.४ | ४२ | ७९५६०१ | ५०८६२८ | १३०४२३० | ६०.७६ | ३९.२४ | ८१.९५ |

पालिकाको विगत तिन वर्षमा बजेट बढ्दो अवस्थामा आर्थिक वर्ष २०७९।८० मा १ अर्व ५९ करोड बजेट रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा १ अर्व ७४ करोड पुगेको र खर्च आर्थिक वर्ष २०७९।८० मा १ अर्व ३० करोड भएकोमा आर्थिक वर्ष २०८१।८२ मा घटि रु.१ अर्व २० करोड खर्च भई घट्दो अवस्थामा रहेको छ । आन्तरिक आयको तुलनामा आय प्रक्षेपण धेरै देखाई बजेट निर्माण गरेकोले घाटा बजेट धेरै भएकोले कार्यालयले यथार्थपरक बजेट निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

**चालु आव:** आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट र खर्च देहाय बमोजिम रहेको छ ।

| बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा |
| ९८,६४,१५ | ७६,०७,०६ | १,७४,७१,२१ | ८५,१३,८१ | ३५,०५,२२ | १,२०,१९,०३ | ८६.३१ | ४६.०७ | ६८.७९ |

पालिकाको यस आर्थिक वर्षमा कुल रु.१ अर्व ७४ करोड ७१ लाख २१ हजार बजेट विनियोजन गरेकोमा पुँजिगत तर्फ विनियोजित बजेटको ८६.३१ प्रतिशत र चालु तर्फ ४६.०७ प्रतिशत खर्च भएको छ । त्रैमासिक लक्ष्य अनुसार खर्च गरी विनियोजित बजेटको खर्च प्रभावकारीता हासिल गर्नुपर्दछ ।

७.३ **पुँजिगत खर्च विश्लेषण**-स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६७५०००० | ५२२९४२८ | ७७.४७ |
| २ | सामाजिक विकास | ४८५०२००० | २०८७६०७५ | ४३.०४ |
| ३ | पूर्वाधार विकास | ४२१८५९८०० | १४८२०८९० | ३५.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४३८०००० | ३९८६६० | ९.१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २६९२१५००० | १७२१०९०५९ | ६३.९३ |
| कुल जम्मा | | ७५०७०६८०० | ३४६८२२२१३ | ४६.१९ |

उपरोक्त विवरण अनुसार पालिकाले पूँजीगत खर्च रु.३४ करोड ६८ लाख २२ हजार लेखेकोमा पुर्वधार विकास लगायतका पुर्वधार निर्माणमा संमग्र ३५.१३ प्रतिशत मात्र खर्च गरी कार्यालय संचालन र प्रशासनिक खर्चमा रु.१७ करोड २१ लाख खर्च गरी ६३.१९ प्रतिशत रहेको छ । पालिकाले पुँजीगत विकास निर्माणका कार्यमा प्राथमिकता दिइ कार्य गर्नुपर्नेमा कार्यालय संचालन तथा प्रशासनिक कार्यमा ६४ प्रतिशत खर्च गर्नाले विकास निर्माणका कार्यमा न्युन मात्र लगानी भएको छ । तशर्त पालिकाले पुर्वधार, सामाजिक र आर्थिक विकासमा जोड दिने गरी कार्य गर्नुपर्दछ ।

७.४ **बजेट विनियोजन:** पालिकाको विगत ३ आर्थिक वर्षको बजेट, आम्दानी तथा खर्चको विवरण देहायानुसार रहेको छ । आर्थिक वर्ष २०७९।८० मा २६ करोड ५३ लाख, २०८०।८१ मा ३८ करोड ३३ लाख र २०८१।८२ मा ५० करोड २४ लाख बजेटको तुलनामा न्यून आम्दानी भएको छ ।

| आर्थिक वर्ष | बजेट | आम्दानी | खर्च | अपुग बजेट |
|---|---|---|---|---|
| २०७९।८० | १५९१३०४८११ | १३२५९६८४८३ | १३०४२३०४५८ | २६५३३६३२८ |
| २०८०।८१ | १५९१६८३२५० | १२०८३१८८७१ | ११६१८११७६८ | ३८३३६४३७९ |
| २०८१।८२ | १७४७१२१८०० | १२४४६९४९०८ | १२०१९०३७२२ | ५०२४२६८९२ |

स्रोत अनुमान यथार्थपरक नहुँदा आगामी आर्थिक वर्षमा गत वर्षको भुक्तानीको दायित्व अझ बढ्न गई बजेट असन्तुलन हुन सक्ने भएकाले पालिकाले यथार्थपरक बजेट निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

७.५ **त्रैमासिक खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रेमासिक प्रगतिविवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१२०१९०३०००। खर्च भएकोमा प्रथम त्रैमासिकमा २४.४० प्रतिशत, दोश्रो त्रैमासिकमा १६.४ प्रतिशत, तेश्रो त्रैमासिकमा २६.६० प्रतिशतर अन्तिम त्रैमासिकमा ३२.७० प्रतिशत खर्च भएको देखियो । कुल खर्चको १७.६ प्रतिशत खर्च/भुक्तानी आषाढ महिनामा भएको देखिन्छ । आर्थिक वर्षको अन्तमा बजेट खर्च गर्दा गुणस्तर त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्दछ । आर्थिक वर्षको अन्त्यमा वर्षायाम शुरु भएपछि विकास निर्माण कार्य दिगो र गुणस्तरीय नहुने र कार्यबोझ बढी हुने भएकोले प्रत्येक त्रैमासिकमा समानुपातिक रुपमा खर्च गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याउंदै आएकोमा सुधार भएको छैन । स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भए पछि प्रथम त्रैमासिक भित्र खरिद सम्झौता नगरी आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको गुणस्तरमा समेत प्रतिकुल असर पर्न सक्ने हुँदा नियमानुसार समयमा ठेक्का सम्झौता गरी कार्यतालिका अनुसार कार्य गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७.६ **क्षेत्रगत वजेट र खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था रहेको छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११८१५ | ९८७९ | ८३.६१ |
| २ | सामाजिक विकास | ६०२१११ | ५११९८४ | ८५.०३ |
| ३ | पूर्वाधार विकास | ४२४१०९ | १४८२८९ | ३४.९६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २०९५१ | १४२४८ | ६८.०१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७८१३५ | ५१३८०१ | ७५.७६ |
| ६ | जम्मा | १७३७१२१ | ११९८२०३ | ६८.९७ |

तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सवैभन्दा बढी ८५.०३ प्रतिशत र पुर्वाधार विकास क्षेत्रमा सवैभन्दा न्युन ३४.९६ प्रतिशत खर्च भएको देखिन्छ । पुर्वाधार विकास क्षेत्रको बजेट लगायत पुँजीगत काममा विनियोजित बजेटबाट चेतनामुलक तालिम कार्यक्रमजस्ता

कार्यक्रम भएको देखिन्छ । पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकीएन । पालिकाले आवश्यकता विष्लेषण गरी बजेट विनियोजन गर्ने र सोहीअनुसार खर्च गर्ने गर्नुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम**

८.१ **क.बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**ख.बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था गरेको र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**ग.आवधिक योजना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु.१ अर्ब ७४ करोड ७२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित भएको छ । यसैगरी पालिका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८.३ **योजना तथा वजेट कार्यान्वयन**- यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:
**क.योजना तथा बजेट कार्यन्वयन**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्ने, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम पालिकाले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादम्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित

मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मध्यमकालीन खर्चको संरचना र दिगो विकासको लक्ष्यलाई आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको, दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वति हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको, योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको, स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको, कार्यक्रमगत तथा योजनागत खाता राखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन ।

**ख.**पालिकाबाट संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा उपप्रमुखबाट योजना अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था पुर्ण पालना गरेको पाइएन,

**ग.** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले यस वर्ष रु.३५करोड ५ लाख २२ हजारको खरिद व्यवस्थापन गरेकोमा खरिद गुरुयोजना तयार गरेको देखिएन । कानुनमा भएको व्यवस्थाको पूर्ण पालना गरी आवधिक योजना तयार गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, योजना अनुगमन गर्ने, खरिद गुरुयोजना तयार गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

८.४ **रकमान्तर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ (२) मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यमा सार्न नसकिने व्यवस्था छ ।
विगत तिन वर्षको रकमान्तरको अवस्था: (रकम रु. हजार)

| आर्थिक वर्ष | घटाउने संख्या | रकम | थप संख्या | रकम |
|---|---|---|---|---|
| २०७९।८० | ३०० | ३४९४३६ | ३१३ | ४५५६७४ |
| २०८०।८१ | ३१२ | ३०२९२८ | ४०१ | ३४५३२८ |
| २०८१।८२ | ३८७ | ३४२४७२ | ४९४ | ४४६६४७ |

आर्थिक वर्ष २०७९।८० मा रु.३४ करोड ९४ लाखका ३०० योजना तथा कार्यक्रम घट गरी रु.४५ करोड ५६ लाखको ३१३ योजना थप गरेकोमा यो संख्या आर्थिक वर्ष २०८०।८१ मा ३१२ योजनाको घट गरी ४०१ योजना थप गरेको र आर्थिक वर्ष २०८१।८२ मा ३८७ योजना घट गरी ४९४ योजना थप गरेको छ । रकमान्तर प्रवित्तिमा विगतको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत छ ।

पालिकाले यस आर्थिक वर्षमा पालिकाले गत वर्षको दायित्व भुक्तानी, डिपिआर तयारी, फर्निचर्य एण्ड फिक्चर्स लगायतका ३८७ योजना तथा कार्यक्रमबाट रु.३४ करोड २४ लाख ७२ हजार घटाएको तथा गत वर्षको दायित्व भुक्तानी, डिपिआर तयारी, फर्निचर्य एण्ड फिक्चर्स, इन्धन, डिप वोरिङ्ग लगायत ४९४ योजना तथा कार्यक्रमबाट रु.४४ करोड ६६ लाख ४७ हजार बजेट थप गरिएकोमा जनाएको छ । यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा २५.५३ प्रतिशत हुने देखिन्छ । रकम थप गरिएका योजना तथा कार्यक्रमहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ । कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा योजना तथा कार्यक्रम अनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शिर्षकभन्दा अन्य खर्च शिर्षकबाट भुक्तानी लेखिएको देखिन्छ । वर्षान्तिमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुदाँ बजेट बनाउदा कार्यन्वयन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ । रकमान्तरका केही उदाहरण निम्न छन:(रकम रु. हजार)

| घटाउने | | | बढाउने | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | रकम | कार्यक्रमको नाम | रकम |
| १ | दायीत्व भुक्तानी आ. ब. ०८०/०८१ | ७०१९५ | दायीत्व भुक्तानी आ. ब. ०८०/०८१ | १६१५४५ |
| २ | डि पि आर तयारी | १२५०० | सेवा सुबिधा पदाधिकारी | १०००० |
| ३ | सेवा सुबिधा पदाधिकारी | १०००० | उपदान कर्मचारी | १०००० |
| ४ | उपदान कर्मचारी | १०००० | समपुर कोष | १०००० |
| ५ | समपुर कोष | १०००० | डि पि आर तयारी | ६३३४ |
| ६ | डि पि आर तयारी | ६३३४ | मझोलिया रामजानकी मन्दिर तथा छठ घाटमा माटो पुर्ने | ५००० |
| ७ | डि पि आर तयारी | ६३३४ | सरसफाई कर्मी (स्वीपर) को ज्याला | ५००० |
| ८ | मझोलिया रामजानकी मन्दिर, छठ घाटमा माटो पुर्ने | ५००० | इन्धन (कार्यालय प्रयोजन) | ५००० |
| ९ | मोतिसर प्रवेश द्वार निर्माण | ५००० | रामजानकी मन्दिर निरको छठघाटमा मटो पुर्ने कार्य | ५००० |
| १० | सरसफाई कर्मी (स्वीपर) को ज्याला | ५००० | फर्निचर तथा फिक्चर्स | ४००० |
| ११ | इन्धन (कार्यालय प्रयोजन) | ५००० | बिक्रम बगैचा टोलमा नाला निर्माण तथा मर्मत | ३५०० |
| १२ | फर्निचर तथा फिक्चर्स | ४००० | कलैया हाट बाजार सौन्दरीकरण | ३००० |
| १३ | रामजानकी मन्दिर निरको छठघाटमा मटो पुर्ने कार्य टोल | ३००० | रामजानकी मन्दिर निरको छठघाटमा मटो पुर्ने कार्य टोल | ३००० |
| १४ | कलैया हाट बाजार सौन्दरीकरण | ३००० | वडा १३ वडा कार्यालय भवन निर्माण | २५०० |
| १५ | नगर बिकास कोषको ब्याज भुक्तानी | २५०० | पोल तार जडान र ट्रान्सफर्मर ५० के भि को | २२०० |
| १६ | वडा कार्यालय भवन कार्य (नगर स्तरीय )(पहिलो प्रथमिकता) | २५०० | प्रशासकीय भवन डेकोरेसन | २००० |
| १७ | पोल तार जडान र ट्रान्सफर्मर ५० के भि को र मर्मतको लागी | ४४०० | सि सि क्यामेरा जडान | २००० |
| १९ | प्रशासकीय भवन डेकोरेसन | २००० | मनकामना कलेज अमरेश यादवको घरसम्म बाटोढलान | २००० |
| २० | सि सि क्यामेरा जडान | ४००० | आवस्यक्ता अनुसारको ठाउमा पोल तार ट्रान्सफर्मर | २००० |
| २२ | आवस्यक्ता अनुसारको ठाउमा पोल तार ट्रान्सफर्मर | ४००० | प्रशासकीय भवन डेकोरेसन | २००० |
| २३ | डिप बोरिङ्ग जडान | २००० | डिप बोरिङ्ग जडान | २००० |
| २५ | मनोकामना कलेज देखी पच्छिम अमरेस यादवको घर बाटो ढलान | २००० | हुलाकी सडक देखी वडा नम्बर ६ जोड्ने सडकनाला | २००० |

८.५ **योजना तथा बजेट कार्यन्वयन-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । साथै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमपालिकाले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउन आवश्यकताको पुष्टयाई, योजना कार्यान्वियन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादम्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित

मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन । साथै, दिगो विकासको लक्ष्यलाई आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको देखिएन। पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वति हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन। पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ । स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाहको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन ।

स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा उपप्रमुखबाट योजना अनुगमन गरी प्रतिवेदन पेश नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले यस वर्ष रु.३५ करोड ५ लाख २२ हजार रुपैयाको सार्वजनिक खरिद व्यवस्थापन गरेकोमा खरिद गुरुयोजना तयार गरेको देखिएन । कानुनमा भएको व्यवस्थाको पूर्ण पालना गरी आवधिक योजना तयार गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, योजना अनुगमन गर्ने, खरिद गुरुयोजना तयार गर्ने गर्नुपर्दछ ।

८.६ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७८ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार २७ वडाको लागि वडागत र पालिकास्तरका कुल १०२० योजना तथा कार्यक्रममा वजेट विनियोजन गरेको छ।

| बजेटका आधारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | ५० लाख भन्दा माथि | २०-५० सम्मका योजना | ५-२० सम्मका योजना | ५ लाख सम्मका योजना संख्या |
| १ | सम्पुर्ण | १०२० | १५ | १९ | २१८ | ७६८ |
| कार्यान्वयन तहका आधारमा | | | | | | |
| पालिका स्तरीय | ३८३ | | वडा स्तरिय | ६३७ | | |
| योजना तथा कार्यक्रम कार्यान्वनय विधि: | | | | | | |
| उपभोक्ता समिति | २८१ | निर्माण व्यवसायी | १२३ | निर्माण व्यवसायी र अन्य संस्था | ६१६ | १०२० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमजोर हुन सक्ने देखिन्छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०२० योजनामात्र कार्यान्वयन भई ६८५ योजना तथा कार्यक्रममा शुन्य प्रगति भएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८.७ **सुरु बजेटमा एकमुष्ट बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु.२२ करोड ४९ लाख बजेट व्यवस्था गरी परीक्षण गरिएका केही सहित ६५० योजनामा रु.१९

करोड ८५ लाख खर्च गरेको छ । बजेट राखी कार्यपालिकाको निर्णयबाट योजना छनौट गरी कार्यान्वयन गर्दा बजेटले अपेक्षा राखेको प्रतिफल प्राप्त गर्न नसकिने र स्वीकृत कार्यक्रमको कार्यान्वयनमा ह्रास भएको देखिन्छ । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र.स. | कार्यक्रमको नाम | खर्च शिर्षक | बजेट रकम | खर्च रकम | योजना संख्या | मिति | संचालित योजनातथा कार्यक्रमहरु |
|---|---|---|---|---|---|---|---|
| १ | दायीत्व भुक्तानी आ. ब. ०८०/०८१ | २२५२९ | १६ करोड ४८ लाख | १५ करोड २४ लाख | ५२४ | विभिन्न | सामाग्री खरिद, फर्निचर खरिद, बाटो ग्राभेल, सामाजिक विकासका कार्यक्रम |
| २ | मर्मत संभार खर्च | | १ करोड | ९९ लाख ३३ हजार | ५७ | विभिन्न | वडा नं १ देखी २७ सम्म सडक मर्मत |
| ३ | डिपिआर तयारी | | २ करोड ५१ लाख | २ करोड १२ लाख | २५ | | अन्य शिर्षकमा रकमान्तर गरी खर्च |
| ४ | समपुरक कोष | | २ करोड | १ करोड ३ लाख | ६ | विभिन्न | छठिया पोखरी पार्क, प्रशासनिक भवन निर्माण लगायत |
| ५ | धार्मिक तथा सांस्कृतिक सहायता | | ५१ लाख | ४७ लाख ५४ हजार | ३८ | विभिन्न | दुर्गा पुजा लगायत |
| | जम्मा | | २२ करोड ४९ लाख | १९ करोड ८५ लाख | | | |

८.८ **गत वर्षको भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। कार्यालयमा दाखिला भैसकेको मालसामान, उपलब्ध भैसकेका सेवा वापत भुक्तानी दिन बाँकी रकम वा सम्पन्न हुन लागेको वा भैसकेका कार्यको दिन बाँकी रकम जस्ता दायित्व सिर्जृना भईसकेका रकमहरु यस आर्थिक वर्षमा भुक्तानी हुन नसकेमा भुक्तानी दिन बाँकीको कच्चावारी मलेप फारम २२१ मा प्रविष्टि गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकायको हकमा कानून बमोजिम हुने वा कानून बमोजिम नभएको अवस्थामा कार्यपालिकाको निर्णयमा सभाले गर्ने व्यवस्था रहेको छ । कार्यालयमा दाखिला भैसकेको मालसामान, उपलब्ध भैसकेका सेवा वापत भुक्तानी दिन बाँकी रकम वा सम्पन्न हुन लागेको वा भैसकेका कार्यको दिन बाँकी रकम लगायतका दायित्व सृजना भई सकेका रकमहरु म.ले.प. फारम २२१ मा समावेश गरि कार्यपालिकाको निर्णयमा सभाले निर्णय गरी पालिकाले आर्थिक वर्ष २०८०/८१ मा पूजिगत तर्फको रु.२३१६३६१६९। र चालु तर्फ रु.३३४०७२२१। सहित जम्मा रु.२६५०४३३९०। वार्षिक वजेटमा व्यवस्था गरी भुक्तानी गरेको छ । उक्त भुक्तानी दिन बाँकीको विवरणमा धेरैजसो समय अभावको कारणले भुक्तानी हुन नसकेको जनाएतापनि अनुमान गरिएको समानीकरण अनुदान कम प्राप्त भएको र आन्तरिक आय लक्ष्य भन्दा कम भएको भुक्तानी दिन बाँकी रहेको देखिन्छ । उपरोक्त भुक्तानी मध्ये उपभोक्ता समितिलाई देहायानुसार रु ५५९३७९२२।भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई समयमा सम्झौता गर्ने, ठेक्का व्यवस्थापन समयमा गर्ने, समयमा खर्च भएको रकम भुक्तानी माग गर्ने गर्नुपर्दछ । साथै, शसर्त अनुदानबाट प्राप्त हुने रकम सोही वर्ष खर्च नभएमा पुन खर्च गर्न नसकिने हुदा पालिकाले समयमा खर्च गर्न थप पहल गर्नुपर्दछ ।

| योजना/कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | दायित्व रकम |
|---|---|---|
| मालपोत र जि स स हुदै सरकारी वकिल कार्यालय सम्म बाटो र नाला मर्मत वा नम्बर १ | सडक र नाला मर्मत उ. स. | १६२०७४९ |
| वडा नम्बर २३ भरी वाइफाइ जडान | भरचुवल नेटवर्क प्रा ली | ३९८६६४ |
| डिप बोरिङ्ग जडान वडा नम्बर ११ | डिप बोरिङ्ग जान उ. स. | ११४८८६२ |
| सामुदायिक भवन निर्माण वा नम्बर ९ | सामुदायीक भवन निर्माण उ. स. | ५६०७९८ |
| बेल्वाडिह कल्भर्ट निर्माण कार्य योजना | बेल्वाडिह कल्भर्ट निर्माण उ. स. | ३८२३६३ |
| वडा नम्बर २७ वडा कार्यालय देखी बिजुलपुर टोल हुदै माहाकालेश्वर मन्दिर कल्भर्ट सम्मको सडक मर्मत कार्य | सडक मर्मत उ. स. | ५०४०१८ |
| वडा नम्बर १५ बकुलहर टोलमा रहेको वडा कार्यालय मर्मत संभार कार्य योजना | बकुलहर टोलमा रहेको वडा कार्यालय मर्मत संभार उ. स. | ११९२४७ |
| वडा नम्बर ८ आधारभुत स्वास्थ्य सेवा केन्द्र ब्यवस्थापन र बिधालय मर्मत कार्य | बिधालय भवन निर्माण उ. स. | ३५७८०९ |
| क्षमता बिकास योजना निर्माण कार्य | एभरेष्ट अध्ययन अनुसंधान तथा परामर्श सेवा | १८८३४८ |
| वडा नम्बर १७ को वडा कार्यालयको गाछी देखी खौराही नदी हुदै वडा नम्बर ३ भवानीपुर हनुमान मन्दिर सम्मको सडक मर्मत कार्य | बाटो मर्मत उ. स. | १७५९६०९ |
| यस कार्यालयको अध्यावधीक योजना निर्माण कार्य | सिभिल लिङ्ग सिनर्जी जे भी | ३५६२१६ |
| वडा नम्बर १८ को बिभिन्न बिधालय ब्यवस्थापन कार्य योजना | प्रभु प्रसाद यादव | ९८०३५ |
| वडा नम्बर २४ रामजानकी प्रा बि मा कम्पाउन्डवाल निर्माण | कम्पाउन्डवाल उ. स. | २९६८९९ |
| वडा नम्बर २६ अमलदेव यादवको खेत देखी टेग्रहर नदी सम्म उगम यादवको खेत देखी पैनी हुदै शंकर महराको खेत हुदै लदौरा माई सम्म सडक मर्मत कार्य योजना | सडक मर्मत उ. स. | १२०६७९६ |
| वडा नम्बर १७ सुराही टोलमा पक्की नाला निर्माण कार्य | राज निर्माण सेवा | ४७९३२९ |
| वडा नम्बर ६ मा रहेको श्री ने रा मा बि मदर्सामा इन्टर ब्लक लगाउने कार्य | रोहित कृष्णा कन्सट्रक्सन | ९७८४११ |
| पशु रोग नियन्त्रणको लागी खोप तथा औषधी खरिद कार्यक्रम | मनिष मण्डल / अमित भेट फर्मा | १११३१२ |
| वडा नम्बर ६ रामबालकको घर देखि दिपेन्द्रको घर हुदै नाथुजीको घर सम्म बाटो ढलान र नाला निर्माण | बाटो ढलान तथा नाला निर्माण उ. स. | ३३९९९२ |
| वडा नम्बर ७ मुखलाल राउतको घर देखी सितारामको घर हुदै खुर्सेद मियाको घर सम्म बाटो ढलान तथा रंगपुर टोलको अधुरो नाला निर्माण कार्य | बाटो ढलान कार्य उ. स. | २०८४३८५ |
| वडा नम्बर २५ सुकलैया खेलमैदान निर्माण कार्य योजना | खेल मैदान निर्माण उ. स. | १२०८८४२ |
| वडा नम्बर २५ गंगा साह तेलीको घर देखी नदी सम्म ग्रेभल छठीघाट देखी नगिना राउतको घर सम्म माटोपुरी ग्रेभल तथा भोला पटेलको पसल निरको कल्भर्ट निर्माण शिव नारायण पटेलको घर निरको गली ढलान तथा अधुरो दलित मन्दिर पुरा गर्ने कार्य | माटोपुरी ग्रेभल बाटो ढलान र मन्दिर कल्भर्ट निर्माण उ. स. | ४४५४०५ |
| वडा नम्बर ९ रामपुर टोलको बिभिन्न बाटो ढलान नाला मर्मत तथा स्लैब कार्य योजना | बाटो ढलान तथा नाला निर्माण उ. स. | २७४५२१ |
| वडा नम्बर २१ चन्द्रदेव सहनीको घर देखी जगदिश सहनीको घर सम्म बाटोमा माटो पुर्ने तथा अन्य कार्य | रामपुकार सहनी | ९८५६८ |
| वडा नम्बर ५ बरेवा स्थित ब्रहमबाबा मन्दिर पुन निर्माण तथा मर्मत संभार कार्य | ब्रहमबाबा मन्दिर पुन निर्माण तथा | ८६३२७३ |

| | | |
|---|---|---|
| | मर्मत उ. स. | |
| मझौलियामा नाला तथा स्लेब निर्माण | रोजगार उ. स. | ५८३७२४ |
| वडा नम्बर ९ रामपुर टोलमा सामुदायीक भवन निर्माण मर्मत संभार कार्य | सामुदायीक भवन निर्माण उ. स. | ३६२२१७ |
| वडा नम्बर ३ भवानीपुरमा रहेको कब्रस्थानको अधुरो कम्पाउन्डवाल गर्ने कार्य योजना | कब्रस्थान वाल कम्पाउन्ड निर्माण उ. स. | १३७८०५ |
| वडा नम्बर ३ भवानीपुर मस्जिदको बाटो नाला ढलान गेट समसान घाट ब्यवस्थित गर्ने कार्य | भवानीपुर पुरानो मस्जिद जाने बाटोमा ढलान र नाला निर्माण | ६४४६१ |
| स्कूल मर्मत निर्माण कार्य | कलैया मरमत तथा निर्माण उ. स. | ५८४१८१ |
| वडा नम्बर ५ मा डिप बोरिङ्ग जडान कार्य | खानेपानी डिप बोरिङ्ग उ. स. | २२१०८३ |
| वडा नम्बर ११ मा महिला हिसा सम्बन्धी सचेतना मूलक तालिम कार्यक्रम | ग्रिन सिटि युथ क्लब | ३९८५०० |
| भतौडा पोखरीको डिलमा रहेको पिपलमा चौतारा निर्माण | रोजगार उ. स. | ९३३०० |
| वडा नम्बर १६ मझौलियामा नाला र स्लेब निर्माण | रोजगार उ. स. | २४८०६२ |
| वडा कार्यालय भवन निर्माण | वडा कार्यालय निर्माण उ. स. | ८३७३६३ |
| सुनिता साहको घर देखी ठागा गिरीको बारी सम्म बाटो ढलान तथा अन्य कार्य | मदिलवा बाटो ढलान क्लब उ. स. | २५०१५२ |
| वडा कार्यालय भित्र भुई ढलान तथा प्रखाल ग्रिल निर्माण कार्य | ग्रिल निर्माण उ. स. | १९६६४० |
| कार्यालयको अधुरो भवन निर्माण कार्य | वडा कार्यालय भवन निर्माण उ. स. | ३४९९४६ |
| सानो दोहरीमा अधुरो ब्रहमबाबा मन्दिर निर्माण कार्य | ब्रहमबाबा मन्दिर निर्माण उ. स. | ३५५७८८ |
| वडा कार्यालय भवन निर्माण कार्य | वडा कार्यालय भवन निर्माण उ. स. | ८५५८९८ |
| बेलासको घर देखी रामानन्द यादवको घर सम्मको बाटो ढलान कार्य | यादव टोल ढलान ब्लक उ. स. | २४४८१२ |
| भौरा गाउमा चापाकल जडाँन कार्य | चापाकल जडान उ. स. | ४२५४६८ |
| भवानीपुर मस्जिदको बाटो ढलान नाला गेट समसानघाट ब्यवस्थित गर्ने कार्य | भवानीपुर पुरानो मस्जिद जाने बाटोमा ढलान र नाला निर्माण उ. स. | ६४४६१ |
| प्रिप्रढी टोलमा अधुरो धर्मशाला निर्माण कार्य | अधुरो धर्मशाला निर्माण कार्य उ. स. | ६३७८५५ |
| वडाँ कार्यालयको ग्रिल गेट ढोका र कम्पाउन्ड वाल कार्य | ग्रिल गेट र ढोका कम्पाउन्ड वाल निर्माण उ. स. | २६४४१९ |
| सानो अवधापुरमा धर्मशाला निर्माण कार्य | धर्मशाला निर्माण उ. स. | १७३४०३ |
| धर्मनगरमा मस्जिद देखी जनजाती भवन र जोगिन्द्र पासवानको घर देखी असेसर पासवाको घर सम्म नाला र बाटो ढलान कार्य | नाला र बाटो ढलान उ. स. | ११८०८२२ |
| मोतिसर चौकमा प्रतिक्षालय तथा सौचालय निर्माण कार्यको लागी | गणतान्त्रिक धर्मशाला उ. स. | ३७५२७१ |
| मुस्लिम टोलको गोलमछ तथा इदगाहको प्रखाल निर्माण तथा अन्य कार्य | मुस्लिम टोलको गोलमछ तथा इदगाहको कम्पाउन्ड निर्माण उ.स. | २९६४३३ |
| अवधापुरमा बाटो ढलान कार्य | बाटो ढलान उ. स. | ८९९५३८ |
| बैक रोड नाला निर्माण कार्य | नाला निर्माण उ. स. | १९३३३५८ |
| | | |

| | | |
|---|---|---|
| माटोपुरी ग्रेभल चिप्स र डस्ट | अशोक कन्सट्रक्सन | ३०२६५ |
| जनश्रमदान वापतको रकम फिर्ता | वडाँ कार्यालय भवन निर्माण कार्य उ. स. | १३०००० |
| जनश्रमदान वापतको रकम फिर्ता | अधुरो मख्तम तथा मस्जिद निर्माण उ. स. | ४१०२५ |
| रामभरोसको खेत देखी पुर्व जाने बाटोमा माटोपुरी ढलान | रामभरोसको खेत देखी पुर्व जाने बाटोमा माटोपुरी ढलान उ. स. | ८७५९३ |
| राजदेव महतोको घर देखी बासदेव महतोको घर सम्म माटोपुरी ग्रेभल | राजदेव महतोको घर देखी बासदेव महतोको घर सम्म माटोपुरी ग्रेभल उ. स. | २३२६२१ |
| अधुरो बेतनिया माई मन्दिर निर्माण कार्य | अधुरो बेतनिया मन्दिर निर्माण उ. स. | ३६६७३६ |
| शिक्षक संगठनको भवन निर्माण कार्य | शिक्षक संगठनको भवन निर्माण तथा मर्मत उ. स. | १६६६८१३ |
| बाटो ढलान बच्चा लालको घर देखी रजुवा द्धीको घर सम्मको कार्य | छठ घाट बाटो ढलान उ.स | २२७९३५ |
| धारा जडान कार्य | चापाकल जडान उ.स | २२५५३२ |
| मोरकण्डे पाण्डेको घर देखि भोला मिया घर सम्म बाटो पश्चिम तर्फ पक्की नाला निर्माण कार्य | पक्की नाला निर्माण उ.स | ७९४१९४ |
| बैधनाथपुर टोलमा बाटो तथा नाला निर्माण कार्य | बैधनाथपुर ढलान तथा नाला निर्माण उ.स | २६३७९६ |
| विश्वकर्मा मन्दिर देखि पूर्व बाटो सम्म मर्मत कार्य | निवेदन | ३०८२६ |
| मौजे रामपुर टोलमा बरमदेव राउत अहिरको घरदेखि वडा नं.1 मा जोडने बाटोलाई ढलान कार्य | बाछ्झ ढलान उ.स | १४२०६४ |
| निलकंठवा टोलमा कब्रिस्तानको कम्पाउण्ड वाल निर्माण गर्ने कार्य | इस्लामिय काब्रिस्तान निलकंठवाको कम्पाउण्ड वाल निर्माण उ.स | २२८६२१ |
| वडा कार्यालय भवन तल्ला थप गर्न | वडा कार्यालय पहिले तल्ला निर्माण उ.स | २३१४०० |
| भोडाहा टोलमा श्री राम जानकी मन्दिर निर्माण कार्य | अधुरो रामजानकी मन्दिर निर्माण उ.स | १०२६०४१ |
| भोडाहा बजार टोल अधुरो बाटो ढलान कार्य | भोडहा बजार टोल भित्री बाटो ढलान उ.स | ४३१६६० |
| भोडाहा टोलमा अधुरो सामुदायिक भवन (विवाह घर) फिनिसिङ्ग गर्न कार्य | अधुरो सामुदायिक भवन (विवाह घर ) नि.उ.स | ८९०३२२ |
| भोडाहा मुस्लीम टोलमा अधुरो मोक्तम निर्माण कार्य | अधुरो मोक्तम निर्माण उ.स | १२३१२०४ |
| औधापुरको ब्रहमस्थान मर्मत कार्य + ठुलो अवधापुरमा ब्रहमबाबाको कम्पाउन्डवाल निर्माण कार्य | ब्रहमबाबाको कम्पाउन्ड वाल निर्माण उ.स | ४१०२५२ |
| दोहरी पकडीको नाला पक्की निर्माण कार्य | पक्की नाला निर्माण उ.स | ६१५२६६ |
| धारा गाडने जडान कार्य | धारा जडान उ.स | ४६३६८७ |
| रामपुर टोलमा धारा बोरिङ्ग जडान कार्य | धारा बोरिङ्ग जडान उ.स | १०२५९२९ |
| | | |

| | | |
|---|---|---|
| रामपुर टोलमा मोख्तमको भवन निर्माण कार्य | मख्तम निर्माण उ.स | २०५२२३२ |
| ब्रहमपुरी टोल शिव मन्दिर देखी ब्रहमस्थान सम्म र सानो टोलको छठि घाट सम्म माटोपुरी ग्रेभल गर्ने कार्य | बाटोमा माटोपुरी ग्रेभल नि.कार्यको उ.स | ८२०७१९ |
| विशम्भरपुरमा मस्जिद निर्माण कार्य | मस्जिद निर्माण उ.स | १५४९३४१ |
| दुर्गा मा वि को सटर निर्माण कार्य | विधालय व्यवस्थापन समिति | ५१२६०१ |
| कवलपुर टोलमा धर्मशाला निर्मण कार्य | धर्मशाला निर्माण उ.स | १२३०६२१ |
| ठुलो मनगढवा देखि सानो मनगढवा जोडने सडक ढलान कार्य | ठुलो मनगढवा देखि सानो मनगढवा सम्म बाटो ढलान उ.स | ७१८०३१ |
| Bato dhalan bachalalji ko ghar dekhi rajuwajiko ghar samma (samiti marphat) | Samiti | २२७९३५ |
| Gupta petrol pump dekhi hanuman mandir dekhi pachim main rawad ko nala ra bato | Samiti | ५१४८ |
| Ward no. 4 ko ward karyalaya nirman karya | Samiti | २५०२०३१ |
| Ward no. 8 ko ward karyalaya nirman karya | Samiti | ३४०८०७१ |
| Chapakal nirman karya | samiti | ७००००० |
| ward no 15 ma bato dhalan karya | Samiti | २०००००० |
| khane pani ko lagi Deep boring | Samiti | १५००००० |
| जम्मा | | ५५९३७९२२ |

## ९ आन्तरिक नियन्त्रण प्रणाली:

९.१ आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) पालिकाहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेकोमा सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

•पालिका क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाइएन,

•पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

•पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन,

•वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन,

•शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाइएन,

•दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,

•मध्यकालिन खर्च संरचना तयार गरेको पाइएन।

•पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको पाइएन,

•पालिकाले न्यूनतम दररेट निर्धारण व्यवस्था अनुरुप स्थानीय निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा सामाग्रीको दररेट पुनरावलोकन गरेको पाइएन,

•लागत अनुमान तयार गर्दा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट एकरुपता र मितव्ययी हुने गरी आधिकारिक नर्म्सको स्वीकृति र प्रयोग गरेको पाइएन,

•पालिकाले वार्षिक खरिदको गुरु योजना र खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

•यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन,
•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन गरेको पाइएन,
•पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी योजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको पाइएन,
•पालिकाले शिक्षकको नियुक्ती लगायत अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा राखेको पाइएन,
•एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी निकासा गर्नुपर्नेमा निकासा गरेको पाइएन,
•विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन गर्ने गरेको पाइएन,
•संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको पाइएन, विविध तर्फ
•ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी आ.रा.कालाई भुक्तानी समयमा दिएको पाइएन,
•कार्यालयले जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,
•नागरिक वडापत्रका सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन संयन्त्र तय गरेको पाईएन,
•विविध खर्चमा होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न गरेको पाइएन,
•विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार गरेको पाइएन,
•बेरुजु लगत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख राखेको पाइएन,
•पालिकामा समाहित साविक गाउँविकास समितिको पेश्की तथा बेरुजुको अभिलेख कायम गरी असुल फस्यौट तथा सम्परीक्षण गरेको पाईएन,
•निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन,
•म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेपनि सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी पाम्समार्फत वितरण गर्नुपर्नेमा गरेको पाइएन,
•म.ले.प. फाराम ९१४र ९१५ बमोजिम मर्मत आदेश स्वीकृत रअभिलेख राखेको पाइएन,
उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

९.२ **आन्तरिक लेखापरीक्षण:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारबाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण गराएको पाइएन । आलेप शाखा गठन साथै आलेप नै नगराउनु उचित देखिन ।

९.३ **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा पालिकाको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण सम्बन्धमा पालिकाको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी

प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको देखियो । सुचना प्रविधिको समयमा सेवाप्रवाह छिटो छरितो विश्वसनिय र प्रभावकारी बनाउन सुचना प्रविधि शाखा र जनशक्तिको ब्यवस्था गरि देखिएका व्यहोराहरु सम्वोधन गर्नुपर्दछ ।

९.४ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा,आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

## १० **कानून निर्माण एवं कार्यान्वयन:**

१०.१ **कानुन निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १५ |
| २ | नियमावली | ६ |
| ३ | कार्यविधि तथा निर्देशिका | ३० |
| जम्मा | | ५१ |

पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म १५ ऐन, ६ नियमावली र ३० कार्यविधि तथा निर्देशिका गरी जम्मा ५१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकुल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकुल भए नभएको लेखापरीक्षणका क्रममा यकिन गर्न सकिएन । पालिकाले कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यसैगरि ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरि ३० दिन भित्र प्रमुख प्रशासकिय अधिकृत अनुमति दिन सक्ने व्यवस्था रहेको छ ।

| निर्णयकर्ता | गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | ४९ | ११२ | १६१ | ९८ | ६३ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार ११२ मुद्दा दर्ता र ९८ फछ्र्यौट कारबाही भएको देखियो । न्याय सम्पादन प्रक्रियाको अभिलेख व्यवस्थित गरि छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट/कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

१०.३ **मुद्दा दर्ता र फैसला-** पालिका पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ ।

| अदालत | गत वर्षबाट मौज्दात सरेका मुद्दा संख्या | यस आर्थिक वर्षमा थप संख्या | जम्मा संख्या | यस वर्ष फैसला भएका मुद्दा संख्या | विचाराधीन बाँकी मुद्दा संख्या |
|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | ० | १ | १ | १ | ० |
| उच्च अदालत | २३ | २७ | ४९ | ४२ | ७ |
| जिल्ला अदालत | ८ | २२ | ३० | २६ | ४ |
| जम्मा | ३१ | ५० | ८० | ६९ | ११ |

उपरोक्त विवरण अनुसार पालिकामा गत वर्षबाट ३१ वटा मुद्दाको जिम्मेवारी सरी आएकोमा यस वर्ष ५० वटा थप भई जम्मा ८० वटा मुद्दा पुगेका छन् । उक्त मुद्दाहरु मध्ये यस वर्ष ६९ वटाको फैसला भई ११ वटा मुद्दाहरु विचाराधीन रहेका छन् । त्यसैले विभिन्न अदालत लगायत अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरु उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ सम्पत्ति उपयोग र संरक्षण

११.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनको सामान मध्ये मर्मत गर्नुपर्ने सामान लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- पालिकाले जिन्सी निरीक्षण गरी मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको पाईएन,
- पुराना मालसामान तथा उपकरणहरुको अवस्था यकिन गरी लिलाम विक्री तथा मर्मत गरेको पाइएन, पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली V2 जिन्सीमा भएको अवस्था निम्न रहेको छ ।

| सामानको विवरण | मौज्दात संख्या | मर्मत गर्नुपर्ने | लिलाम/ मिन्हा गर्नुपर्ने |
|---|---|---|---|
| मोटरसाईकल | ६१ | ० | ० |
| डेस्कटप कम्प्यूटर | ७९ | ४ | १५ |
| प्रिन्टर | १३८ | ३ | १२ |
| मोवाईल | ३५ | २० | ० |
| ल्यापटप | ६७ | ३ | १७ |

- पालिकाले गत विगत वर्षको मौज्दात र यस वर्ष खरिद भएका सामानहरुको (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा वडाका सामान दाखिला गरेको पाइएन,
- पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको पाइएन,
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको पाइएन,
- पालिका अन्तर्गतको सरकारी घर, जगाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जगा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्नेमा पठाएको पाइएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४मा पुराना चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताको मौज्दात एकीकृत गरी अभिलेख अद्यावधिक गरेको पाइएन,

•पालिकामा मूल्य नखुलेका सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्नेमा गरेको पाइएन,

•वर्ष भरिका मर्मत गरेका सम्पत्तिको विवरण अध्यावधिक गरेको पाइएन,

• मुल्य नखुलेको सामानको जिन्सी निरीक्षण गरी मुल्य खुलाएको पाइएन,

•स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म स्वास्थ्य मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गरेको पाईएन,

•पालिकाले गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदन अनुसारका सरसामान रहेकोमा यस आर्थिक वर्षमा PAMS v2 मा सारेको पाइएन, पालिकाले जिन्सी अध्यावधिक गर्नुपर्दछ ।

११.२ **जिन्सीको मुल्यः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७को नियम ९६ वमोजिम कार्यालयमा मुल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सि मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको १ वर्ष भित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सि मालसामानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने उल्लेख छ । कार्यालयको २०८१/८२ सम्मको खर्च भएर नजाने जिन्सी खाता र गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदन परीक्षण गर्दा जिन्सी दाखिला नगरिएको देखिन्छ भने सामानको मुल्य समेत खुलाएको देखिएन । पालिकाले नियमावलीमा व्यवस्था भए बमोजिम सरकारी सम्पत्तिको मुल्य खुलाइ नराखेकोले मुल्य नखुलेका अन्य मालसामान समेत नियमावलीको व्यवस्था वमोजिम मूल्य खुलाई जिन्सी श्रेस्ता आवधिक गर्नु पर्दछ ।

| सामानको विवरण | संख्या | मुल्य दर | जम्मा |
|---|---|---|---|
| मोटरसाईकल | ७ | १ | ७ |
| ट्रक | १ | १ | १ |
| भ्यान | १ | १ | १ |
| डेस्कटप कम्प्यूटर | ५ | १ | ५ |
| जिप | १ | १ | १ |

१२ **सहकारी:**

१२.१ **१.सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ र पालिका सहकारी ऐन, २०७5 अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुदाँ ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १७५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ६४ वटाले विवरण दाखिला गरेको पाइयो । पालिकाबाट अनुगमन निरीक्षण गरी सहकारीको सञ्चालन अवस्था बारे एकिन गरेको समेत पाइएन । ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

| क्र स | सहकारी | दर्ता भएका |
|---|---|---|
| १ | बचत तथा ऋण सहकारी | ५० |
| २ | कृषी सहकारी | ८१ |
| ३ | उपभोक्ता सहकारी | ३ |
| ४ | बहुउदेश्यि सहकारी | ३३ |
| ५ | साना किसान | ३ |
| ६ | अन्य | ५ |
| | जम्मा | १७५ |

**२.सहकारी संस्थाको अनुगमन:**पालिका सहकारी ऐन,२०७५ अनुसार पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । पालिकामा १७५ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन । त्यसैले सहकारी संस्थाको नियमानकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**३.विशेष व्यवस्था:**पालिका सहकारी ऐनमा वचत तथा ऋणीहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था रहेको छ। पालिकामा १७५ वटा सहकारी रहेकोमा शेयर सदस्य, पुर्जीँ विवरण प्राप्त भएको छैन तसर्थ पालिकाले निरीक्षण र अनुगमण गर्दा नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिनु पर्दछ ।

**४.बार्षिक प्रतिवेदन:**पालिकाले सहकारी ऐनमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरि वार्षिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। सो कार्य पालिकाले गरेको नदेखिएकोले समस्या ग्रस्त सहकारी भएको नभएको यकिन गर्न सकिएन । पालिकाले कानुनी व्यवस्था बमोजिम कार्य गर्नु पर्दछ ।

१२.२ **सहकारी संस्थाको विवरण:**पालिकाबाट प्राप्त विवरण अनुसार पालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको शेयर पुँजी, बचत, ऋृण लगानी, कुल सम्पत्तीको अवस्था माग गरिएकोमा लेखापरीक्षणका क्रममा पेश भएन ।

पालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सवै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले पालिकाको सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरेको पाइएन, विगतमा सहकारीको यथार्थ अवस्थाको फाइल पेश नभएकाले अनुगमन नभएको जनाएकोमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

१३ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय पठाउनुपर्नेछ । कार्यालयले त्रैमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । पालिकाले यस वर्ष योजना तथा कार्यक्रम कुल १०२० रहेकोमा ६८५ मा शुन्य प्रगति, १४ मा २५%प्रगति, २६ मा ५०% प्रगति, २३ मा ७५% र १९७ योजनामा ७५% भन्दा बढी प्रगति भएको छ । हनुमान मन्दिर निर्माण, ४ नं वडा कार्यालय भवन निर्माण, सिंचाईका लागि विधुतिकरण र वोर्डिङ्ग जडान लगायतका ६८५ योजना तथा कार्यक्रममा शुन्य प्रगति भएको छ । पालिकाले योजना तथा कार्यक्रम छनौट गर्दा जनताका मागका आधारमा कार्यान्वियन योग्य कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | शून्य प्रगती | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि | १०० प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम संख्या | १०२० | ६८५ | १४ | २६ | २३ | १९७ | ७५ |

१४ **आवधिक योजनाः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । आवधिक योजनाको कार्यान्वियनका लागि मध्यकालिन खर्च संरचना समेत तयार गरी योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमलाई समेटी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्दछ । पालिकाले यस वर्ष पञ्चवर्षिय आवधिक योजना(आ.व.२०८०/८१-०८४/८५) तयार गरे तापनि मध्यकालिन खर्च संरचना तयार गरेको छैन । साथै योजनाले निर्धारण गरेको ९ वटा नगर गौरबका योजनामध्ये ३ वटा योजना मात्र बजेटमा समावेश गरेको र ६ वटा योजनामा शुन्य विनियोजन रहेको देखिन्छ । यसरी आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बिच तादाम्यता कमजोर रहेको देखिन्छ। त्यस्तै पालिकाले आवधिक योजनाको वार्षिक समिक्षा समेत नगर्दा योजनाको कार्यान्वियन अवस्था यकिन गर्न सकिएन । तसर्थ आवधिक योजनाको सफल कार्यान्वियनमा जोड दिनु पर्दछ ।

१५ **विषयगत विनियोजनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको देखिएन । त्यस्तै वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा पालिकाले ५ वटा विषयगत क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सँस्थागत विकास, सेवा प्रवाह तथा सुशासन) विभाजन गरी बजेट विनियोजन समेत गरेको देखिएन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१६ **सार्वजनिक जग्गा/सम्पत्ति उपयोगको अवस्था-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ अनुसार पालिकाले आफ्नो क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् : पालिका भित्रका सार्वजनिक, सरकारी, पर्ति, गुठी लगायतका जग्गाहरुको कित्तावाईज तथा वडावाईज विवरण बनाई खोजी खाली गराएको पाइएन, प्रतिवेदन अनुसार पालिका अन्तर्गत सार्वजनिक/सरकारी जग्गामा निर्माण भएका कतिपय भवन संरचनाको नियमानुसार स्वामित्व र भोगाधिकार प्राप्त नभएको तथा एकीन गरेको पाइएन, सार्वजनिक/सरकारी जग्गामा पालिकाबाट विभिन्न क्लब/संस्थाका नाममा सार्वजनिक कोष प्रयोग भई नक्सा पास बेगर भवन संरचना निर्माण भएकोमा हुन सक्ने तर विवरण उल्लेख भएको पाइएन, विगतमा निश्चित प्रयोजनका लागि भोगाधिकार दिईएको सरकारी/सार्वजनिक जग्गाहरु उद्देश्य अनुसार प्रयोग भए/नभएको तथा त्यस्तो भोगाधिकारको औचित्य हाल कायम रहे नरहेको सम्बन्धमा अध्ययन भएको पाइएन, पालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ति, सरकारी जग्गाहरुको संरक्षण गर्दै विभिन्न संघ-संस्थालाई भोगाधिकार दिइएका जग्गाहरुको प्रयोग, त्यसको आवश्यकता र औचित्य समेत विचार गरी उद्देश्य भन्दा फरक प्रयोजनमा उपयोग भएका जग्गाहरुको प्रयोग सम्बन्धमा छानवीन गरी त्यस्ता जग्गाहरुको भोगाधिकार रद्ध वा बदर गर्ने प्रयोजनका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरेको पाइएन, पोखरी/ईनारको जग्गा व्यक्तिका नाममा दर्ता-अन्य सार्वजनिक जग्गा लामो समय देखि भोगचलन हुदै आएको सम्बन्धमा जग्गा दर्ता प्रक्रिया र अन्य आवश्यक विवरणहरु माग गरेकोमा लेखापरीक्षण अवधिसम्म प्राप्त हुन सकेन । नापी कार्यालय र अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी व्यक्तिको नाममा रहेको पोखरी/ईनारको दर्ता भएको सम्बन्धमा पालिकाले यकिन गरेको पाइएन, पालिकाभित्र भित्र शहरी क्षेत्रको फुटपाथमा साना व्यापारीले साना पसलहरु संचालन गरी आवतजावतमा असर पारेको जनगुनासो रहेको सन्दर्भमा बाटो हिड्ने पैदलयात्री स्वतन्त्र रुपमा हिड्न सक्ने अवस्थामा समेत असर परेको, बजार क्षेत्रमा बाटो क्रस गर्ने प्रयाप्त सुचना नभएको पैदल यात्री मैत्री सडक पेटी नभएको सडक छेउमा पार्किङ व्यवस्थापन गरिएको तीन पाङ्ग्रे सवारी साधनलाई संचालन हुने स्थान नतोकि (रुट परमिट)

अनुमती दिईएको, अति सम्वेदनशील क्षेत्र तथा बस चढ्ने र झर्ने क्षेत्रमा सुरक्षा उपकरण सहित उपयुक्त संरचना निर्माण गरी सडक क्षेत्रमा अव्यवस्थित र अनधिकृत व्यपार/व्यवसाय गर्ने अवस्थामा नियन्त्रण गर्दै पैदल यात्री तथा फरक शारिरीक क्षमता भएका व्यक्तिहरुका लागि समेत निर्वाध पैदल आवागमनमा सहज हुने गरी सुरक्षित फुटपाथ तथा आकासे पुल जस्ता वैकल्पिक संरचनाको निर्माण कार्यलाई थप प्राथमिकता दिनुपर्दछ ।

१७ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१७.१ **दरवन्दी र पदपूर्ति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८३ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ६० जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत वडा सचिव सहित १२३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादन यकिन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७.२ **वडा सचिव**- स्वीकृत दरवन्दी अनुसर सवै वडाहरुमा ना सु पाँचौ तहको दरवन्दी रहेको छ । दरवन्दी अनुसार २७ वडामा २७ जना ना सु पाँचौ तह पदपूर्ति हुनु पर्दछ । पालिकाका अधिकांश वडामा प्रशासन तर्फका कर्मचारीको दरबन्दी भएपनि स्वास्थ्य तर्फका कर्मचारीलाइ जिम्मेबारी दिईएको छ । उपचारमा संलग्न हुनुपर्ने स्वास्थ्यकर्मीहरु वडा प्रशासनमा संलग्न हुँदा स्वास्थ्य सेवा प्रभावित भएको छ । पालिकाले स्वास्थ्य तर्फका कर्मचारीलाई अन्य जिम्मेबारी दिने कार्य बन्द गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

१७.३ क)स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वास्थ्य सेवा तथा नगरपालिका अन्तर्गत १०१ कर्मचारीहरु करार र २८५ ज्यालादारीमा राखि तलब भत्ता बापत रु.८९६०३०००। भुक्तानी गरेको छ ।

ख)सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, प्लम्बर इलेक्ट्रीसियन चौकीदार माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिनेमा उल्लेखित पद बाहेकको इन्जिनियर २, सव इन्जिनियर १, सहायक २, कार्यालय सहयोगी वडा र स्वास्थ्य संस्थामा ५५ लगायत ६६ जना करार नियुक्ति भई कार्यरत रहेको देखिन्छ । ऐन बमोजिम करारमा राख्न नपाउने उक्त पदहरुमा पालिकाले करारमा राखी तलब भत्तामा रु.७३०००००००। खर्च गरेको छ । O&M बमोजिम कर्मचारी नियुक्त गरेको पालिकाको भनाई रहेकोमा पद दर्ता गरेको प्रमाण पेश गरेको छैन । पालिकाले कानुन बमोजिम कर्मचारी दरवन्दी दर्ता गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७.४ **दैनिक तथा मासिक ज्यालादारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुनुपर्ने व्यवस्था छ ।

पालिकाले मासिक तथा दैनिक ज्यालादारी तर्फ पालिका केन्द्र, वडा कार्यालय र स्वास्थ्य तर्फ गरि सव इन्जिनियर, कार्यालय सहयोगी, सरसफाई कर्मचारी र अन्य, मिस्त्री लगायत समेत ८५ र फोहोरमैला व्यवस्थापन तर्फ २०२ कर्मचारी राखि रु.४३००००००। खर्च गरेकोमा पालो पहरा खर्च, स्वीकृत दरबन्दीलाई नजर अन्दाज गरि नियमित र टुक्रे ज्यालादारीमा समेत थप नियुक्त गरको छ । पालिकामा डोर हाजिरी कर्मचारीको कामको अभिलेख नराखी अर्थात ३० दिनको डोर हाजिरी पेश गरी भुक्तानी भएकोमा डोर हाजिरी प्रमाणित गर्ने र सुपरभाईज गर्ने कार्यमा एकरुपता नदेखिएको हुँदा दैनिक ज्यालादारीमा भुक्तानी भएको रकम यथार्थपरक नहुन सक्ने, दैनिक रुपमा कार्य नगरी डोर हाजिरीको आधारमा भुक्तानी हुनसक्ने र यस्ता जोखिम रोक्नको लागि पालिकाले आन्तरिक नियन्त्रण

प्रणाली प्रभावकारी बनाउनु पर्दछ । पालिकाले काम, कर्तव्य, अधिकार र डोरहाजिरीमा राख्न नपाउने पदमा समेत नियुक्ती गरेको सहितको कार्यविवरण वेगर वडाबाट सम्झौता गरी नियुक्ति दिई खर्च लेख्ने कार्य नियमसम्मत देखिएन ।

१७.५ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६६ कर्मचारीको रु.६३३५५०००। र पालिकाका ६० कर्मचारीको रु.३८६७१४२५। समेत रु.१०२०२६४२५। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ **आर्थिक सहायता र अनुत्पादक खर्च:**

पालिकाले आर्थिक सहायताको लागि स्पष्ट मापदण्ड र कार्यविधि तयार गरेको देखिएन ।पालिकाले विगत तिन वर्षको आर्थिक सहायता र अनुत्पादक खर्च निम्न रहेको छ ।

| आर्थिक वर्ष | २०८१।८२ | | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५१५०००० | ४७५४९३५ | ५१५०००० | ४४९२५०० | ५५००००० | ४४३३६३५ |
| २५३१५ अन्य सस्था सहायता र सामाजिक सुरक्षा | ४०००००० | ३९९९००० | ४७००००० | ४६९८२५४ | ३३००००० | ३१६५३०० |
| जम्मा | ९१५०००० | ८७५३९३५ | ९८५०००० | ९११९०७५४ | ८८००००० | ७५९८९३५ |

आर्थिक वर्ष २०७९।८० मा ७५ लाख ९८ हजार, २०८०।८१ मा ९१ लाख ९० हजार र २०८१।८२ मा ८७ लाख ५३ हजार खर्च भएको छ । बढ्दो क्रममा रहेको अनुत्पादक र मठ मन्दिर, धार्मिक सहायता जस्ता कार्यलाइ नियन्त्रण गरेको पाइएन । यसका व्यहोरा निम्न रहेका छन ।

१८.१ **आर्थिक सहायता:** पालिकाले यस वर्ष अन्य संस्थालाई सहायतामा रु.३४ लाख ९९ हजार, अन्य सामाजिक सुरक्षामा रु.४ लाख ९९ हजार, उद्धार र धार्मिक तथा सांस्कृतिक संस्था सहायतामा रु.४७ लाख ५५ हजार समेत गरी जम्मा रु.८७ लाख ५३ हजारको वितरण गरेकोमा आन्तरिक आय रु.८ करोड ८८ लाख ९९ हजारको ९.९९ प्रतिशत हुन जाने देखिन्छ ।

आर्थिक सहायता वितरण गरेकोमा ३३२ व्यक्ति वा संस्थालाई प्रति सहयोग रु.५००० देखी रु.२ लाखसम्म सहायता दिएको छ । पालिकावाट प्रदान गरिने आर्थिक सहायतामा २७ वडाको सिफारिश संलग्न नराखी दिने गरेको, दोहोरो नपर्नको लागि उपयुक्त विधि अवलम्वन नगरेको, स्वास्थ्य उपचार सहयोग, दैवि प्रकोप, चाडपर्व, दुर्घटना सहयोग, छट सहयोग लगायतमा गरिव घर परीवार परिचयपत्र वितरण आधार लिएको देखिएन । स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरेको, गरिव घर परिवार परिचयपत्रलाई आधार नलिएकोले दोहोरो पर्न सक्ने संभावना रहेकाले पारदर्शि रहेको छ भन्न सकिने आधार देखिएन । यस्तो कार्यमा नियमसमत मान्न सकिएन यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

| भौ. नं. | विवरण | रकम |
|---|---|---|
| ८२५ | कविता देवी सहित १२ जना | २६४५०० |
| २६१ | दुर्गा पुजा समिति | २००००० |
| ८१९ | मोहरी थारु सहित १९ | १७०५०० |
| ७१५ | अनिता देवी सहित २७ | १६३००० |
| ७९४ | अमर ठाकुर सहित ३२ | १५५००० |
| २६५ | हरेराम ठाकुर सहित १४ | १०३००० |
| ७८ | मोहन चौधरी थारु सहित १२ | १०१००० |

१८.२ **अनुत्पादक र वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष फाईदा तथा योगदान पुग्ने, उत्पादकत्व वृद्धी सहित रोजगारी सृजना गर्ने, स्थानीय स्रोत साधन र सिपको उपयोग सहित महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने दिगो विकासमा आधारित कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिका स्थानीय सरकार भएको हैसियतले स्थानीय धार्मिक, सांस्कृतिक पर्व, मेला महोत्सवहरुलाई संरक्षण गर्ने, पर्वर्धन गर्ने जिम्मेवारी समेत रहेको भएता पनि मेला महोत्सवको नाममा स्टेज व्यवस्थापन, मुर्ति निर्माण, साउण्ड सिस्टम, माला, गम्छाको अतिरिक्त खाना, खाजा तथा दाल, चामल, मासु, फलफुल खरिद लगायतमा खर्च भएको देखाई भक्तालु, श्रद्धालु तथा अन्य विभीन्न संघ सस्थाबाट प्राप्त भएको भेटिघाटी, आर्थिक चन्दा सहितको कुल खर्चको सार्वजनिक परिक्षण नगरी विल पेशको आधारमा सोधभर्ना दिएको देखिंदा खर्चको यथार्थता र पारदर्शितामा कमजोर देखिएको छ । पालिकाले यस वर्ष धार्मिक तथा सांस्कृतिक संस्था सहायता तर्फ अन्य शिर्षकमा समेत गरी रु.७० लाख ४६ हजार खर्च गरेको छ । कतिपय वडाहरुमा वडास्तरको योजना तथा कार्यक्रममै बजेट विनियोजन गरि खर्च गरेको हुँदा उल्लेखित शीर्षकमा थप खर्च भएको अवस्था छ । पालिकाले सार्वजनिक कोषबाट खर्च गर्दा मितव्ययी तथा पारदर्शि ढङ्गबाट खर्च गर्नुपर्दछ । केही उदाहरणः

**(विस्तृत विवरण बेरूजु दफा १८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१९ **सेवाप्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष उपमहानगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । यो बर्ष उपमहानगरपालिकाले बजार क्षेत्रमा विभिन्न टहरा तथा सटर निर्माण गराई भाडामा लगाएको देखिन्छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

| विवरण | २०८०।८१ | २०८१।८१ |
|---|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | ६२३१ |
| जन्मदर्ता | ४७५१ | ४४७३ |
| मृत्युदर्ता | ९४० | १०२३ |
| बसाई सराई दर्ता | २१८ | १९७ |
| विवाह दर्ता | १५३४ | १६४२ |
| सम्बन्धविच्छेद दर्ता | १८ | १६ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक मर्मत | २ किलोमिटर | १.२ किमि |
| ग्राभेल सडक निर्माण | ४ किलोमिटर | ६ किमि |
| ढलान सडक मर्मत | ३.४ किलोमिटर | ८ किमि |
| नँया ट्र्याक खोल्ने कार्य | २ किलोमिटर | ३ किमि |

## २० धरौटी

२०.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयबाट प्राप्त धरौटीको आर्थिक विवरण अनुसार गत आ.व.को जिम्मेवारी सरेको रु. २,००,२९,४५६.५० र यो वर्ष प्राप्त रु. १,६३,२३,७३४.९९ समेत जम्मा धरौटी रु. ३,६३,५३,१९१.४९ मध्ये सदर स्याहा रु. १,६५,७०१.०० रु. १,११,४३,१५९.५९ फिर्ता भै जम्मा रु. १,१३,०८,८६०.५९ रु. २,५०,४४,३३०.९० बाँकी रहेको उल्लेख छ । आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी फिर्ता लिन नआएमा त्यस्तो रकम राजश्व खातामा जम्मा गर्ने सम्बन्धी व्यवस्था छ । त्यस कार्यालयमा रहेको धरौटी बाँकी रु. २,५०,४४,३३०.९० को कस्ले के प्रयोजनको लागि धरौटी राखेको हो छानविन गरी प्रयोजन समाप्त भएका धरौटीहरु सो नियमको प्रकृया पुरा गरी स्थानीय संचित कोष दाखिला गर्न कारबाही गर्नुपर्ने देखिन्छ ।

२०.२ मुल्य अभिवृद्धि कर समायोजन:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा ५ प्रतिशत धरौटी वापत राखेको रकम फिर्ता गर्दा सम्बन्धित सेवा प्रदायकले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कर समायोजन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार पार्टीहरुलाई कार्यसम्पन्न पश्चात रू.७५००००। धरौटी कट्टी फिर्ता गर्दा सम्बन्धित राजश्व कार्यालयमा मु.अ. कर समायोजन गरेको पत्र संलग्न गरेको छैन । खरिद नियमावली बमोजिम रिटेन्सन मनी फिर्ता गरेको रकमको मु.अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| क्र.सं. | गो.भौ.नं. मिति | आपुर्तिकर्ताको नाम | धरौटी फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३६-२०८१।०८।१७ | बिपिन कन्सट्रक्सन धरौटी फिर्ता | ७५०००० | कर चुक्ता प्रमाण संलग्न नरहेको |

## २१ अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानुन बमोजिम अबकाश हुदा प्राप्त गर्ने योगदानमा आधारीत उपदान वा निवृतभरण, औषधिउपचार लगायतका सुबिधा उपलब्ध गराउन लागी एक अवकाश कोष स्थापना गरीने र सो कोषमा स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा

गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले राजश्व वाडफाड रकमबाट देहाय अनुसार कर्मचारी कल्याण कोषमा रू.१ करोड २५ लाख ट्रान्सफर गरेका छ । स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर रकम थप गरी रकम नपठाएको र कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था भएको नदेखिएकोले कानूनको व्यवस्था नगरी कोषमा एकमुष्ट रकम ट्रान्सफर गर्न मिल्ने देखिएन ।

| सिन | गो भौ न र मिति | खाता | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ०१।२०८१।०६।१८ | कर्मचारी कल्याण कोष | कल्याण कोष खातामा रकम निकासा - | २५००००० |
| २ | ०२।२०८१।०६।१८ | कर्मचारी कल्याण कोष | कल्याण कोष खातामा रकम निकासा - | १००००००० |
| | | | जम्मा | १२५००००० |

## २२ आन्तरिक आय

२२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १२०१९०३७२३ | ८८८५४०२९ | ७.३८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.३८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

आन्तरिक आयको गत वर्षको मौज्दात रु ५४९१७।४० समेत यस वर्षको जम्मा आम्दानी ८,८८,५४,०२९.०५ रहेको जनाएकोमा सुत्रको बैक नगदी किताव (म ले प १०८) अनुसार रु १०,३२,७९,३२९.९९ मौज्दात देखाई संञ्चित कोषमा समेत रु १०,३२,७९,३२९.९९ ट्रान्सफर गरी आम्दानी जनाएको देखिएकोले फरक रकम रु १,४४,२५,२१०।९४ बैक घटी देखिएकोले एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,२५,२१० |

२२.२ **कर तथा शुल्क असुली:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचित तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । उपमहानगरपालिकाको आन्तरिक आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली | क्र.स. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ३५१००००००० | १५३७०६८४ | ३२ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०००००० | ७२९३ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३०००००० | ८९८२०३ | ३३ | १४२२१ | न्यायिक दस्तूर | १००००० | ६८०० |
| ३ | ११३१७ | वहाल कर | ८६३१००० | ९८०५५५९ | ३४ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १००००० | ५००० |
| ४ | ११३१८ | वहाल विटौरी कर | २०००००० | ० | ३५ | १४२२४ | परीक्षा शुल्क | १००००० | ९४७०० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १००००० | २१७८० | ३६ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ५००० | ११९०० |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १००००० | ० | ३७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४७५०००० | ८५७६३२५ |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | १००००० | ० | ३८ | १४२४१ | पार्किङ्ग शुल्क | १००००० | ० |
| ८ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १००००० | ६८०० | ३९ | १४२४२ | नक्सापास दस्तुर | ५०००००० | २३८४८८० |
| ९ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | १००००० | ० | ४० | १४२४३ | सिफारिश दस्तुर | २५२९७००० | ७२६७०४९ |
| १० | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००० | २२१० | ४१ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | १०५१५८० |
| ११ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १००००० | ० | ४२ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०००००० | ६२३११० |
| १२ | ११६९१ | अन्य कर | ९४५५००० | ३५५७५४१ | ४३ | १४२४९ | अन्य दस्तुर | ३६००००० | २१२८९२९ |
| १३ | १४१११ | वित्तीय निकायबाट प्राप्त ब्याज | १००००० | ० | ४४ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०००००० | ५३८०० |
| १४ | १४११२ | व्यापारिक निकायबाट प्राप्त ब्याज | ९००००० | ० | ४५ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००००० | ० |
| १५ | १४११३ | औद्यौगिक निकायबाट प्राप्त ब्याज | १००००० | ० | ४६ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १००००० | १००८० |
| १६ | १४११४ | सेवामुलक निकायबाट प्राप्त | १००००० | ० | ४७ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य | १००००० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्याज | | | | | दस्तुर | | |
| १७ | १४११९ | अन्य निकायबाट प्राप्त ब्याज | १००००० | ० | ४८ | १४२६५ | अन्य क्षेत्रको आय | २६०००००० | १२७८६३२ |
| १८ | १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | ७०००० | ० | ४९ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ५००००० | १६६६ |
| १९ | १४१२२ | व्यापारिक निकायबाट लाभांश | १००००० | ११२० | ५० | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | ३०१११० |
| २० | १४१२३ | औद्यौगिक निकायबाट लाभांश | १००००० | ० | ५१ | १४३१३ | धरौटी सदरस्याहा | १००००० | २६३००० |
| २१ | १४१२४ | सेवामुलक निकायबाट लाभांश | २३०००००० | ० | ५२ | १४४११ | चालु हस्तान्तरण | १००००० | ० |
| २२ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | १००००० | ० | ५३ | १४४२१ | पूँजीगत हस्तान्तरण | १००००० | ० |
| २३ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट आय | १६५०००००० | २४०२४३१३ | ५४ | १४५११ | बीमा दावी प्राप्ति | १००००० | ० |
| २४ | १४१९१ | पर्यटन शुल्क | ५००० | ० | ५५ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | १००००० | ० |
| २५ | १४१९२ | पदयात्रा शुल्क | ५००० | ० | ५६ | १४५२९ | अन्य राजस्व | १०००००००० | ८४६७४१३ |
| २६ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | ५००००० | १००० | ५७ | १४५३१ | सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ३२०८८०० | ० |
| २७ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त | १००००० | ७००० | ५८ | १४६११ | व्यवसाय कर | १२०६९००० | २४६१०७५ |
| २८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००००० | २०० | ५९ | १५१११ | बेरूजू | १००००० | ० |
| २९ | १४२१६ | निजी धारा वापतको शुल्क | ५००० | २१० | ६० | १५११२ | निकासा फिर्ता | १००००० | ७७२५० |
| ३० | १४२१७ | नहर तथा कुलो उपयोग शुल्क | ५००० | ० | ६१ | १५११३ | अनुदान फिर्ता | १००००० | ० |
| ३१ | १४२१८ | विद्युत सेवा शुल्क | १००००० | ३१७०० | जम्मा | | | ४७२१०५८०० | ८८८५४०२९ |

उपमहानगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी

करको दायरामा ल्याउनु पर्दछ ।

२२.३ **आन्तरिक आयको विश्लेषण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ८ मा नगरपालिकाको वर्गिकरण अन्तर्गत उपमहानगरपालिका हुनका लागि आधारहरुमा पछिल्लो वर्षको औषत आय कम्तिमा ३ करोड हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सुत्र अनुसार पछिल्लो वर्षको पालिकाको आन्तरिक श्रोतको लक्ष्य र प्राप्तिको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | राजस्व लक्ष्य | राजस्व प्राप्ति | लक्ष्य प्रगति |
|---|---|---|---|
| २०७७/७८ | २३६६८०२५० | ५२२७८४८२ | २२ |
| २०७८/७९ | १७९२९६४२० | ८४७६६९२० | ४७ |
| २०७९/८० | ९९३२३९७० | ६४९५१६६७ | ६५ |
| २०८०/८१ | ३२५९३०१३९ | ९७८२२७५२ | ३० |
| २०८१/८२ | ४७२१०५८०० | ८८८५४०२९ | १९ |

यस उपमहानगरपालिकाको आन्तरिक स्रोत पछिल्लो ५ वर्षको औषत वार्षिक रु. ७ करोड ७७ लाख रहेको छ । ऐनले तोकेको न्युनतम मापदण्डको तुलनामा ४२ प्रतिशत मात्र रहेको छ । त्यसैगरी यस आर्थिक वर्षमा पालिकाले लिएको लक्ष्यको १९ प्रतिशत मात्रै आन्तरिक आय संकलन गर्न सफल भएको छ र पछिल्लो ५ वर्षमा लक्ष्यको तुलनामा औषत २९ प्रतिशत आन्तरिक स्रोत संकलन भएको छ । स्थानिय सरकार संचालन ऐनले उपमहानगरपालिकाका लागि आवश्यक आयस्रोतको न्युनतम मापदण्डको तुलनामा पालिकाको आन्तरिक स्रोत र लक्ष्यको तुलनामा प्रगतिको अवस्था विगत ५ वर्षमा समेत सन्तोषजनक देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्र रहेका राजस्वका संम्भाव्यताको खोज गरी राजस्व क्षमता बढोत्तरी गरी संघीय र प्रादेशिक अनुदान प्रतिको निर्भरता कम गर्न र गुणस्तरीय एवं प्रभावकारी सेवा प्रवाह र विकास निर्माणका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता आफैले गर्नेतर्फ ध्यान जानुपर्दछ ।

## २३ आन्तरिक आयको क्षेत्र:

२३.१ **सरसफाइ शुल्क** -उप-महानगर आर्थिक ऐन, २०८१ को दफा १८ अनुसूची ८ मा सरसफाइ सेवा शुल्क सम्बन्धी व्यवस्था छ । उपमहानगरमा दर्ता भएका ४६० व्यवसायीबाट मासिक तोकिएको दर रु २०० अनुसार हुने वार्षिक रू.१५ लाख १२ हजार र प्रारम्भिक जनगणना अनुसारको कुल घर संख्या १९ हजार ८४८ बाट मासिक रू.५० को दरले सङ्कलन हुने रू.२ करोड ३८ लाख १८ हजार समेत कुल रू.२ करोड ५३ लाख ३० हजार सङ्कलन हुने देखिन्छ। उपमहानगरले सो अनुसारको शुल्क सङ्कलन गरी राजस्व आम्दानी गरेको छैन। उपमहानगर र एक सेवा प्रदायक कम्पनी बीच २०८०।८१ देखि लागत साझेदारीमा फोहोर व्यवस्थापन सम्झौताको गृहकार्य भएपनि कार्यान्वयन भएको देखिएन । पालिकाले ऐनमा भएको उक्त व्यवस्था बमोजिम सङ्कलन हुने रकमलाई समेत ध्यान दिई लागत लाभ साझेदारी मार्फत् फोहोर व्यवस्थापन कार्यलाई प्रभावकारी र मितव्ययी बनाउने गरि पालिकाको समेत आम्दानी हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

२३.२ **व्यवसाय नविकरण दस्तुर:** पालिका आर्थिक ऐन २०८१ को दफा १४ सँग सम्वन्धित अनुसुची १३ मा व्यवसाय कर तथा व्यवसाय नविकारण दस्तुर सम्वन्धित व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार पालिका क्षेत्रभित्र रहेका देहाय वमोजिमका ६९ वटा निजी क्षेत्रको अस्पतालले यो वर्ष देहाय वमोजिम व्यवसाय नविकारण कर दाखिला गर्नुपर्नेमा दाखिला गरेको देखिएन । पालिकाले अन्य व्यवसायको समेत वक्यौताको विवरण तयार नगरेकोले सघन अनुगमन मार्फत कर असुलिमा ध्यान दिनुपर्ने साथै समयमा कर नतिर्ने व्यवसायिलाई जरिवाना सहित असुल गर्नुपर्ने देखिन्छ ।

२३.३ **आय लेखा सफ्टवेयर**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) मा प्रणाली विकास गर्नुपर्ने भएमा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। उपमहानगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति बेगर

आन्तरिक आय सङ्कलनका लागि एक कम्पनीको सूचना प्रणाली प्रयोग गरी यो वर्ष सम्पति कर शिर्षकमा रू. १ करोड १३ लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ। स्वीकृति बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वसनीयता र सम्भाव्य जोखिम बारे आश्वस्त हुन सकिएन। कानूनी व्यवस्थाको पालनामा गर्नुपर्दछ।

## २४ राजस्व बक्यौता

२४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायी एवं व्यक्तिहरुबाट सम्झौता अनुसार रकम असुल गर्न बाँकी रहेको छ ।

२४.२ **सटर निर्माण बक्यौता**- यस वर्ष दहि बजार देखि मेन रोड सम्म सटर निर्माण गर्न साकार गर्ने तपशिलका व्यवसायीले निर्माण सहयोगको लागि गरेकाे सम्झौता वमोजिम दाखिला गर्नुपर्ने अग्रिम भाडा रकम रु ५७९३००१।०० देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकम रु ५७९३००१।०० को असुल हुनुनपर्ने भए प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क्र.सं. | सटर सकार गर्नेको नाम | सटर नं. | स्वीकृत | प्राप्त | प्राप्त प्रतिशत | बाँकी | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोकाल्ती कुमारी | १५८ | २००५००० | १७१०००० | ८५ | २९५००० | १३५००० | |
| २ | प्रेरणा कुमारी | १५९ | २५००००१ | ३००००१ | १२ | २२००००१ | १३३००० | |
| ३ | लक्ष्मण प्रसाद साह | १६५ | २००५००० | १३००००० | ६५ | ७०५००० | १०१००० | |
| ४ | अमित कुमार साह | १६७ | ३२००५०० | ३२००५०० | १०० | ० | ० | |
| ५ | राजन कुमार साह | १६८ | २१०३००० | ३००००० | १४ | १८०३००० | १२१००० | |
| ६ | किरण देवी साह | १६९ | १८१६००० | १६४१००० | ९३ | १७५००० | १२५००० | |
| ७ | किरण देवी साह | १७० | १८१५००० | ८००००० | ४४ | ९१५००० | १२६००० | |
| ८ | आशिक हुसेन | १७१ | १८११००० | १८११००० | १०० | ० | ० | |
| ९ | सुजित कुमार पाण्डे | १७९ | १४७५००० | १४७५००० | १०० | ० | ० | |
| | जम्मा | | १८७३०५०१ | १२९३७५००१ | ५८ | ५७९३००१ | ७४१००० | |

| प्रमाण पेश नगरेको | ५७,९३,००१ |
|---|---|

२४.३ **पोखरी ठेक्का**- उप-महानगरपालिकाले पालिका मातहत ३६ र गुठी संस्थान मातहतको ५ समेत उप महानगरपालिकाले ४१ मध्ये २६ माछा पोखरीको ठेक्का सम्झौता गरेकोमा यो वर्ष प्राप्त गर्नुपर्ने आय मध्ये २२ व्यवसायीबाट रू. १२९८९४५।०० प्राप्त गर्न बाँकी रहेको छ । सम्झौता अनुसार दाखिला गरेको रकम समेत समयमा दाखिला गर्दा जरिवाना समेत असुल गर्नु पर्नेमा असुल गरेको नदेखिएकोले यकिन गरी बाँकी रकम रु १२९८४५।०० को जरिबाना सहित असुल हुनु नपर्ने भए प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु

| क्र.सं | फर्म/ठेकेदारको नाम | आय ठेक्काको नाम | वडा नं. | ठेक्का अवधि | सम्झौता रकम (वार्षिक) | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राधे कृष्ण एकीकृत कृषि फार्म | माछा पोखरी | १ | ७८।०८।२१ देखि ७९ अषाढ | ३३३४४। | ० | ३३३४४। |
| २ | राधे कृष्ण एकीकृत कृषि फार्म | माछा पोखरी | १ | ७९/०८२ देखि २०८५/०८६ | ५१०००। | ५१०००। | ० |
| ३ | किरण मत्स्य ह्याचर फार्म | माछा पोखरी | २ | ७८/८१ देखि ७९/८५ | ७३५५६। | ७३५५६। | ० |
| ४ | आदित्य कन्स्ट्रक्सन | माछा पोखरी | ३ | ७९/०८२ देखि २०८५/०८६ | २७१००। | २७१००। | ० |
| ५ | कृष्ण गौशाला | माछा पोखरी | ६ | ७८/८१ देखि ७९/८५ | ४४६६०। | ४४६६०। | ० |
| ६ | विशाल ज्वेलर्स | माछा पोखरी | ७ | ७८।०७।२० देखि ७९ अषाढ | ६४६७५। | ६४६७५। | ० |
| ७ | जय श्रीदुर्गा मत्स्य फार्म | माछा पोखरी | ७ | ७८।१५।८ देखि ०८६ अषाढ | ५५४७६९। | ५५४७६९। | ० |
| ८ | दृष्टि पोल्टी फार्म | माछा पोखरी | ८ | ७९/०८२ देखि २०८५/०८६ | ५११००। | ५११००। | ० |
| ९ | राधे कृष्ण एकीकृत कृषि फार्म | माछा पोखरी | ९ | ७८।१२।२० देखि ७९ चैत्र | १०५२४००। | १०५२४००। | १०५२४००। |
| १० | जीत पशुपालन | माछा पोखरी | १० | ७८।११।१ देखि ७९ चैत्र | ४१३२०१। | २००१००। | २१३२०१ |
| ११ | गढरीया राईस मिल | माछा पोखरी | १२ | ७८।०८।२१ देखि ७९ अषाढ | २३९४८५। | २३९४८५ | ० |
| १२ | अप्टिमल इन्टरप्राइजेज | माछा पोखरी | १८ | ७८।०७।२० देखि ७९ अषाढ | १९३३४४। | १९३३४४ | ० |
| १३ | सिद्धार्थ सप्लायर्स | माछा पोखरी | १९ | ७८/८१ देखि ७९/८५ | ३०३००। | ३०३००। | ० |
| १४ | साह एण्ड यादव कन्स्ट्रक्सन | माछा पोखरी | १९ | ७९/०८२ देखि २०८५/०८६ | ५००००। | ५००००। | ० |
| १५ | रहमान कन्स्ट्रक्सन | माछा पोखरी | २० | ७७।०७।११ देखि ०८३ अषाढ | ३०२२००। | ३०२२००। | ० |
| १६ | विकास मत्स्य फार्म | माछा पोखरी | २३ | ७७।१५।१ देखि ०८४ अषाढ | २३८९५०। | २३८९५०। | ० |
| १७ | सोनी मत्स्य फार्म | माछा पोखरी | २६ | ७९/०८२ देखि २०८५/०८६ | ५३५३४। | ५३५३४। | ० |
| १८ | ड्रिल जनरल स्टोर | माछा पोखरी | २७ | ७८/८१ देखि ७९/८५ | १४०१००। | १४०१००। | ० |
| १९ | अन्सारी इन्टरप्राइजेज | कलैया-१ को हाट बजार | १ | ७९/८३ देखि | ३४२४५००। | ३४२४५००। | ० |
| २० | अन्सारी इन्टरप्राइजेज | कलैया-६ को साप्ताहिक खसी बजार | ६ | ७९/८३ देखि | १८००४५०। | १८००४५०। | ० |
| २१ | आदित्य कन्स्ट्रक्सन | वातावरण संरक्षण कर | | २०८२।५।२४ गते देखि ०८२ असार मसान्त | ६०४८३२८। | ६०४८३२८। | ० |
| २२ | साइन हब | विज्ञापन कर | | ७९/०८२ देखि २०८५/०८६ | ४९०५०० | ४९०५०० | ० |
| | जम्मा बाँकी | | | | | | १२९८९४५। |

| प्रमाण पेश नगरेको | १२,९८,९५४ |
|---|---|

२४.४ **सटर भाडामा लिने ब्यक्तिहरुको नामावली:** कलैया बजार भित्र रहेका बजार एरियामा रहेको सटर भाडामा लिने निम्न अनुसूचीमा संलग्न व्यक्ति तथा व्यवसायीहरुबाट आ व २०८०।८१ को रु.१९७०००।०० र आ व २०८१।८२ को रु.४६२५००।०० समेत जम्मा रु.६५७५००।०० वक्यौता बाकी रहेको देखिन्छ । सम्झौताको शर्त बमोजिम बक्यौता रकम रु.६५७५००।०० को असुल हुनुनपर्ने भए प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु

| कोठा नं. | नामथर | मासिक दर | ८०/८१को बाँकी | ८१/८२को बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सविता देवी तेली | ३५०० | ६६५०० | ४२००० | |
| २ | भक्तराज प्र. कानु | ३५०० | ४८५०० | ४२००० | |
| ३ | ईसराईँल मियाँ | ३५०० | ४२००० | ४२००० | |
| ४ | महाबीर प्रसाद सोनार | ३५०० | ३१५०० | ४२००० | |
| ५ | राजा प्रसाद दास | ३५०० | ५००० | ४२००० | |
| ६ | भैरव साह कानु | ३५०० | ३५०० | ४२००० | |
| ७ | रामेश्वर प्रसाद सोनार | ३५०० | ० | ४२००० | |
| ८ | लालमहमद मियाँ | ३५०० | ० | ३५५०० | |
| ९ | शिवनारायण साह कानु | ३५०० | ० | ३१५०० | |
| १० | करिम मियाँ | १७५० | ० | २१००० | |
| ११ | जैनुलहक अंसारी | ३५०० | ० | २१००० | |
| १२ | ध्रुव राज वानिया | ३५०० | ० | १७५०० | |
| १३ | धर्मराज प्रसाद वानिया | ३५०० | ० | १७५०० | |
| १४ | म. फिरोज मियाँ | ३५०० | ० | ७००० | |
| १५ | मदिना वेगम | ३५०० | ० | ७००० | |
| १६ | राजकिशोर दास | ३५०० | ० | ७००० | |
| १७ | बास मिया दर्जी | १७५० | ० | ३५०० | |
| | जम्मा | | १९७००० | ४६२५०० | |

| प्रमाण पेश नगरेको | ६,५७,५०० |
|---|---|

२५ **पदाधिकारी सुविधा:**

मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। पालिकाले विगतका ३ आर्थिक वर्षमा पदाधिकारीले प्राप्त गरेको सुविधा र आन्तरिक आयको अवस्था देहायानुसार रहेको छ ।

| आर्थिक वर्ष | आन्तरिक आय(रु. हजार) | पदाधिकारी सुविधा (रु.हजार) | प्रतिशत |
|---|---|---|---|
| २०७९।८० | ६४९५१ | ३७५१७ | ५७.८ |
| २०८०।८१ | ९७८२२ | ४३१०२ | ४४.१ |
| २०८१।८२ | ८८८५४ | ३८५८९ | ४३.४ |

आर्थिक वर्ष २०७९।८० पदाधिकारी सुविधा आन्तरिक आयको ५७.८ प्रतिशत रहेकोमा २०८०।८१ र २०८१।८२ मा घटी क्रमश; ४४.१ र ४३.४ प्रतिशत रहेको छ । पालिकाले पदाधिकारी सुविधा न्युनिकरण गर्नुपर्दछ ।

**चालु आर्थिक वर्षको पदाधिकारी सुविधा:** मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर उपमहानगरपालिकाले आन्तरिक स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.५ करोड विनियोजन गरेकोमा रु.३ करोड ८५ लाख ८९ हजार खर्च भएको छ जस्मा रु.३ करोड ४२ लाख १८ हजार निम्नानुसार शीर्षक अन्तर्गत खर्च गरेको छ । जुन यस वर्षको आन्तरिक आम्दानी को ४३.३५ प्रतिशत हुन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ९०००० | ९०००० | १९४४००० | ५०४००० | ७२७२००० | ९९०००००० |
| २ | यातायात खर्च | ० | ० | ३२४०००० | ७५६००० | ३६३६००० | ७६३२००० |
| ३ | टेलिफोन, मोबाइल | ६०००० | ६०००० | ९७२००० | २१०००० | २४२४००० | ३७२६००० |
| ४ | पुस्तक, पत्रिका , ईन्टरनेट | ६०००० | ६०००० | ९७२००० | २१०००० | २४२४००० | ३७२६००० |
| ५ | अतिथि सत्कार | १९८००० | १६२००० | २९१६००० | ६७२००० | ३६३६००० | ७५८४००० |
| ६ | चाडपर्व खर्च | १५००० | १५००० | ४०५००० | १०५००० | १५१५००० | १६५०००० |
| | जम्मा | ४२३००० | ३८७००० | १०४४९००० | २४५७००० | २०९०७००० | ३४२१८००० |

२६ **कर्मचारी प्रोत्साहन तथा पुरस्कार:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । साथै नेपाल सरकार कार्य संचालन निर्देशिका, २०७७ को ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोषाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था गरेको छ। यो वर्ष नगरपालिकाले नगर कार्यपालिकाको मिति २०७४।११।३० को निर्णय नं ३ मा मिति २०७४।९।२७ को नगर सभाको नीतिगत निर्णय अनुसार कार्यालयमा कार्यरत प्रशासन तर्फका स्थायी र प्राविधिक तर्फका स्थायी कर्मचारीलाई अतिरिक्त समय तथा फिल्ड भत्ता उपलव्ध गराउने निर्णयबाट कानून नबनाई कर्मचारी प्रोत्साहन भत्तामा रू.९४ लाख ५९ हजार भुक्तानी गरेको थप व्ययभार परेको देखिन्छ । पालिकाले कानुनको पालना गर्नुपर्दछ ।

२७ **तालिम तथा कार्यक्रम:**

२७.१ **बाह्य संस्थाबाट कार्य:**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा २४मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाका कर्मचारिबाट हुने देहायानुसारका कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी

८९ कार्यक्रमका लागि ८९ संस्थालाई रु.२८११८३४८। खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद कानून लगायतका आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो । पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता र पोत्साहन भत्ता समेत भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी हुन सक्ने देखिएन । अन्य संस्थाबाट कार्य गराउनुपर्ने कारण पालिकाले उल्लेख गरेको छैन । उल्लेखित खर्च मितव्ययी रहेको तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने आधार प्रमाण पेश नभएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा २७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७.२ **तालिम गोष्ठी खर्चमा नर्म्सको पालनाः** पालिकाबाट संचालित तालिम गोष्ठि, सेमिनारहरु गैरसरकारी संस्थाबाट गराएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रकृया पुरा नगरी गरेको र खर्चको मापदण्ड सम्बन्धी निर्देशिका अनुसार लागत अनुमान तयार गरी सार्वजनिक सूचनाको माध्यमबाट प्रस्ताव माग गरी प्रतिस्पर्धात्मक (घटाघट) विधिबाट कार्य गराएको नदेखिएकोले खर्चको मापदण्ड अनुसारनै संस्थाले खर्चको गर्नुपर्नेमा गरेको पाइएन । पालिका तथा वडास्तरबाट संचालन भएको कतिपय तालिम गोष्ठीहरुमा उल्लेखित कार्यविधिको पालना नगरको, संचालित तालिम, गोष्ठी, सेमिनारको स्रेस्ता परिक्षण गर्दा स्रोत व्यक्ति वा प्रशिक्षक भत्ता, सहभागी स्टेशनरी खर्च, सहभागी खाजा खर्च, प्रतिवेदन खर्च लगायतको शीर्षकमा कार्यविधिले तोकेको भन्दा बढी दरमा भूक्तानी गरी थप व्ययभार पारेको देखिन्छ । पालिकाले खरिद नियमावली बमोजिम लागत अनुमान तयार गरी नम्सको पालना गर्नेगरी प्रतिष्पर्धात्मक तरिकाले कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८१ माप्रदेश अन्तर्गतका कार्यालयहरुले निर्देशिकाले तोकेको दर अनुसार खर्च लेख्न सकिने तथा पालिकाहरुले आफ्नो खर्च मापदण्ड बनाउँदा सम्बन्धित संघ र प्रदेशको खर्च मापदण्डलाई आधार लिई खर्च मापदण्ड बनाउन सक्ने व्यवस्था छ । प्रदेश खर्च मापदण्ड र अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका अनुसार तुलना गर्दा देखिएका व्यहोरा निम्न छन्:

| खर्च शिर्षक | प्रदेश खर्च मापदण्ड, २०८१ | अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका२०८१ |
|---|---|---|
| कार्यक्रम संयोजक | ४०० | ४०० |
| प्रशिक्षक (कार्यपत्र समेत) | १००० | १३०० |
| सहयोगी कर्मचारी (प्रतिदिन) | २५० | २५० |
| सहजकर्ता/ बाह्य(प्रतिदिन) | १००० | ९०० |
| खाजा | २५० | ३०० |
| खाना | ४०० (आवासिय तालिममा) | ४०० (आवासिय तालिममा) |
| स्टेशनरी (प्रति व्याक्ति) | १५० | १०० |
| तालिम सामग्री (प्रति तालिम) | प्रचलित बजारदर | प्रचलित बजारदर |
| सहभागी यातायात खर्च | नभएको | एकमुष्ठ २०० वा ५०० |

पालिकाले संघीय र प्रदेश कानुनसँग एकरुपता कायम हुनेगरी दररेट निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

२७.३ **थप व्ययभार:**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाका कर्मचारिबाट हुने देहायानुसारका कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद कानून लगायतका आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो । पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा विभागिय नम्सको

पालना बाहेक भ्याटमा मात्र रु.३२ लाख ३४ हजार थप व्ययभार परेकोले मितव्ययी रहेको तथा विद्यमान नर्म्स बमोजिम रहेको छ भन्न सकिने आधार देखिएन । पालिकाले कर्मचारी मार्फत कार्यक्रम गरी मितव्यायिता कायम गर्नुपर्दछ ।

२८ **पेश्की व्यवस्थापन:**

२८.१ **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ । गत आर्थिक वर्षमा रु.४५५८२९५२.०० र चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था, पदाधिकारी र कर्मचारीलाई रु.१०५०४८६०.०० समेत रु.५६०८७८१२।०० पेश्की बाँकी रहेकोमा म्याद नाघेको पेश्की गत वर्ष समेत रु.१०५०४८६०.०० देखिन्छ । कानुन बमोजिम समयमा पेश्की फस्यौट गर्नुपर्ने देखिन्छ ।

| क्र.स | मिति | भौ. न. | नाम | रकम | क्र.स | मिति | भौ. न. | नाम | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०६/१८ | १८२ | केदार प्रसाद साह तेली | १२०००० | ३४ | ०६/१८ | १८२ | रमेन्द्र साह | १२०००० |
| २ | ०६/१८ | १८२ | धुरुप राउत अहिर | १२०००० | ३५ | ०६/१८ | १८२ | शिवशंकर प्रसाद कुशवाहा | १२०००० |
| ३ | ०६/१८ | १८२ | राजेश कुमार महतो | १२०००० | ३६ | ०६/१८ | १८२ | हरदेव प्रसाद कानु | १२०००० |
| ४ | ०६/२१ | २०३ | मोहन साह कानु | १२०००० | ३७ | ०६/२१ | २०३ | अवध किशोर साह | १२०००० |
| ५ | ०६/२१ | २०३ | राजेश महथा खत्री | १२०००० | ३८ | ०६/२१ | २०३ | राम एकवाल प्रसाद कुर्मी | १२०००० |
| ६ | ०६/२२ | १४४ | राजेश महथा खत्री | ९०००० | ३९ | ०६/२२ | २१३ | राजेश ठाकुर हजाम | २२३००० |
| ७ | ०६/२२ | १४४ | राजेश महथा खत्री | ९०००० | ४० | ०७/१२ | २९२ | अवध किशोर साह | ४५००० |
| ८ | ०६/२२ | १४४ | राजेश महथा खत्री | ९०००० | ४१ | ०७/१२ | २९२ | आसुतोष पाण्डेय | ४५००० |
| ९ | ०७/०४ | १५७ | राजेश महथा खत्री | ४५००० | ४२ | ०७/१२ | २९२ | खेदु मिया अंसारि | ४५००० |
| १० | ०७/११ | १७७ | चन्द्रिका महतो धानुक | ८०००० | ४३ | ०७/१२ | २९२ | गोरख प्रसाद पण्डित | २१०००० |
| ११ | ०७/११ | १७९ | पुरुषोत्तम सिह पाण्डे | ८०००० | ४४ | ०७/१२ | २९२ | चन्द्रिका प्रसाद यादव वडा | ४५००० |
| १२ | ०७/११ | १७९ | महन्थ राउत कुर्मी | २७०००० | ४५ | ०७/१२ | २९२ | रघु प्रसाद सहनी | ४५००० |
| १३ | ०७/१२ | १८६ | राजेश महथा खत्री | ९०००० | ४६ | ०७/१२ | २९२ | रमेन्द्र साह | ४५००० |
| १४ | ०७/१२ | २९२ | केदार प्रसाद साह तेली | ४५००० | ४७ | ०७/१२ | २९२ | राजेश ठाकुर हजाम | १०७००० |
| १५ | ०७/१२ | २९२ | धुरुप राउत अहिर | ४५००० | ४८ | ०७/१२ | २९२ | राम एकवाल प्रसाद कुर्मी | ४५००० |
| १६ | ०७/१२ | २९२ | मोहन साह कानु | ४५००० | ४९ | ०७/१२ | २९२ | शिवशंकर प्रसाद कुशवाहा | ४५००० |
| १७ | ०७/१२ | २९२ | राजेश कुमार महतो | ४५००० | ५० | ०७/१२ | २९२ | हरदेव प्रसाद कानु | ४५००० |
| १८ | ०७/१२ | २९२ | राजेश महथा खत्री | ४५००० | ५१ | ०८/१९ | २५२ | रघु प्रसाद सहनी | १४०००० |
| १९ | ०७/२० | ३३६ | राजेश कुमार महतो | ४५००० | ५२ | ०९/०३ | २९४ | रघु प्रसाद सहनी | ३५०००० |
| २० | ०८/१९ | २५३ | राजेश कुमार महतो | १३५००० | ५३ | ०९/०८ | ५१७ | खेदु मिया अंसारि | ३५०००० |
| २१ | ११/१९ | ४५५ | अमरी नेटुईन | १५०००० | ५४ | ०९/०९ | ३०८ | राम एकवाल प्रसाद कुर्मी | २००००० |
| २२ | ११/२३ | ८७८ | राम बिश्वास ठाकुर लोहार | ६०००० | ५५ | १२/१९ | ५५९ | नन्द किशोर जैसवार | ८०००० |
| २३ | १२/१२ | ५३३ | मोहन साह कानु | ३०००० | ५६ | ०१/०७ | ११७७ | राजाराम महतो | १५००० |
| २४ | १२/२९ | ५७७ | नजबुन खातुन | १२०००० | ५७ | ०३/०५ | ८१४ | धनबहादुर नेम्वाङ्ग | १६०००० |
| २५ | ०३/२० | ९४८ | मो. आलम पावरिया | १३२००० | ५८ | ०३/१६ | १७६९ | सुलोचना पौडेल | ४०००० |
| २६ | ०६/०७ | ११२ | महमद वासिम | ३०००० | ५९ | ०३/२३ | ४१० | अक्कल बहादुर थिङ | ४५८४० |
| २७ | ०६/१५ | १०० | आसुतोष पाण्डेय | ६६०००० | ६० | ०६/२२ | १४० | चौधरी कन्स्ट्रक्सन | २५००००० |
| २८ | ०६/१५ | १०० | आसुतोष पाण्डेय | १८०००० | ६१ | ०९/०८ | ३०२ | ऋषभ कन्स्ट्रक्सन | ३५०००० |
| २९ | ०६/१८ | १८२ | आसुतोष पाण्डेय | १२०००० | ६२ | ०१/०९ | ६०० | द ताज बिल्डर्स एण्ड भगवान जे.भि. | ७००००० |
| ३० | ०६/१८ | १८२ | खेदु मिया अंसारि | १२०००० | ६३ | ०५/०७ | ८२ | श्री ३ चन्द्र मा.बि. | १००००० |
| | | | | | | | | | |

|  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | ०६/१८ | १८२ | गोरख प्रसाद पण्डित | १२०००० | ६४ | ०१/१५ | ६०८ | नेपाल विधुत प्राधिकरणा | ४७०२० |
| ३२ | ०६/१८ | १८२ | चन्द्रिका प्रसाद यादव वडा | १२०००० | ६५ | ११/१८ | ४५२ | राजकिशोर प्रसाद यादव | ८०००० |
| ३३ | ०६/१८ | १८२ | रघु प्रसाद सहनी | १२०००० |  | १०५०४८६० |  |  |  |

|  |  |
|---|---|
| पेश्की | १,०५,०४,८६० |

२८.२ **जनप्रतिनिधिलाई पेश्की-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४(ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार वडा अध्यक्षले वडा समितिको अध्यक्ष भई कार्य गर्ने, काममा समन्वय र सहजीकरण गर्ने, वडाको विकास योजना बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि पेश गर्ने ,वडाका कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गर्ने, कार्यपालिका, सभा वा वडा समितिले तोकेको अन्य कार्य गर्ने लगायतको कार्यहरु लगायतका ७ प्रकारका कार्यहरु गर्ने, सोही दफाको उपदफा ४(घ) मा कार्यपालिका सदस्यले कार्यपालिका बैठकमा भाग लिने , प्रमुखले तोकेको कार्य गर्ने लगायतको ४ प्रकारको कार्यहरु गर्न मिल्ने देखिन्छ । यस आर्थिक वर्षमा जनप्रतिनिधिहरुले कानुन विपरीत पेश्की लिई विभिन्न प्रशासनिक तथा कार्यालय सञ्चालन लगायतका काममा रकम खर्च गरी पेश्की फस्यौट गरेको देखिन्छ । साथै कानुन विपरित एकमुष्ट रुपमा विभिन्न कारण देखाई सुविधा समेत पेश्कीको रुपमा लिने कार्य नियमित देखिदैँन । ५२ जना जनप्रतिनिधिहरुले गत विगतसम्म २७ जनाको रु.९०७५०००। र यस आर्थिक वर्षको रु.०२३३२०००। समेत रु.११४०७०००। लिएको रकम पेश्की फस्यौट नगरी बाकी रहेको देखिन्छ। जनप्रतिनिधी आर्थिक कारोबारमा समेत समावेश हुँदा सार्वजनिक स्रोतसाधनको अनुगमन नहुन सक्ने, कानुन वमोजिमको कार्यविवरण पालना नहुन सक्ने तथा आर्थिक अनुसासन पालना नहुन सक्ने देखिन्छ। नियम कानुनको परिपालना गरी कानुनबमोजिमको कार्यविवरणको परिपालनामा ध्यान दिनुपर्ने देखिएकोमा कानुनी व्यवस्था विपरित आर्थिक कारोबारमा समेत समावेश भई पेश्की लिने कार्य नियमसम्मत देखिएन । पालिकाले जनप्रतिनिधिलाई पेश्की दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

| भौ. न. | पेश्की लिनेको नाम | पद | रकम | भौ. न. | नाम | पद | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | मनोज साह गोढ | वडा सदस्य | १००००० | २९२ | केदार प्रसाद साह तेली | वडा सदस्य | ४५००० |
| १ | मनोज साह गोढ | | १६५००० | १ | हरेराम मेहता | | ७००००० |
| १ | रामनिवास प्रसाद | | १५०००००| १७७ | चन्द्रिका महतो धानुक | | ८०००० |
| १ | रामलाल प्रसाद साह तेली | | ५००००० | १७९ | महन्थ राउत कुर्मी | | २७०००० |
| १ | श्यामनाथ महतो | | १६५००० | १८२ | केदार प्रसाद साह तेली | | १२०००० |
| १ | साहेबजान मंसुर | | ५००००० | १४४ | राजेश महथा खत्री | वडा अध्यक्ष | ९०००० |
| १ | हरेराम मेहता | | २०००० | १४४ | राजेश महथा खत्री | | ९०००० |
| १ | हरेराम मेहता | | २००००० | २९२ | धुरुप राउत अहिर | | ४५००० |
| १ | डा.अख्तर आलम अंसारी | वडा अध्यक्ष | २०००० | २५३ | राजेश कुमार महतो | | १३५००० |
| १ | डा.अख्तर आलम अंसारी | | १००००० | ९४८ | मो. आलम पावरिया | | १३२००० |
| १ | डा.अख्तर आलम अंसारी | | ५००००० | १८२ | धुरुप राउत अहिर | | १२०००० |
| १ | मो. आलम पावरिया | | १५०००० | १८२ | राजेश कुमार महतो | | १२०००० |
| १ | मो. आलम पावरिया | | १४०००० | २०३ | मोहन साह कानु | | १२०००० |
| १ | राजन प्रसाद कुर्मी | | १०३०००० | १४४ | राजेश महथा खत्री | | ९०००० |
| १ | राजेश महथा खत्री | | ५०००० | १५७ | राजेश महथा खत्री | | ४५००० |
| १ | राजेश महथा खत्री | | १००००० | १७९ | पुरुषोत्तम सिह पाण्डे | | ८०००० |
| १ | राजेश महथा खत्री | | १००००० | १८६ | राजेश महथा खत्री | | ९०००० |
| १ | विक्रम यादव | | २०००० | २९२ | मोहन साह कानु | | ४५००० |
| १ | विक्रम यादव | | १००००० | २९२ | राजेश कुमार महतो | | ४५००० |
| १ | विक्रम यादव | | ५००००० | २९२ | राजेश महथा खत्री | | ४५००० |
| १ | विक्रम यादव | | १२५००० | ३३६ | राजेश कुमार महतो | | ४५००० |
| १ | सैफुल्लाह मिया अंसारी | | ५००००० | ८७८ | राम बिश्वास ठाकुर लोहार | | ६०००० |
| १ | सर्व नारायण चौधरी थारु | | १०००००० | ५३३ | मोहन साह कानु | | ३०००० |
| १ | बदरुनेसा खातुन | दलित महिलासदस्य | १००००० | २०३ | राजेश महथा खत्री | | १२०००० |
| १ | सखी देबी दुसाधीन | | १९०००० | १ | कलावती तेलीन | महिला वडा सदस्य | ५००००० |
| ४५५ | अमरी नेटुईन | | १५०००० | ५७७ | नजबुन खातुन | | १२०००० |

२८.३ **गत वर्ष सम्मको म्याद नाघेको पेश्कीको फर्स्यौट र सम्परीक्षणः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६को दफा ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । सुत्रको अभिलेख अनुसार गत आ.व सम्म म्याद नाघेको अल्या पेश्की तर्फ विभिन्न १९७ व्यक्ति,संस्था र फर्महरुको नाममा गो.भो.नं १।८२।५।२ मा रु.४५५८२९५२।– फर्स्यौट गर्न बांकी रहेको देखिएको छ । यसरी लामो समय देखि सुत्रमा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फर्स्यौट भईसकेको भएमा सोही अनुसार

पेश्की बाँकीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । श्रेस्ता अनुसार पेश्की फस्र्योट भईसकेको अवस्थामा समेत विगतमा कायम भएको पेश्की बेरुजु यथावत रहिरहने हुँदा नियमानुसार सम्परीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ ।

| पेश्की लिनेको नाम | रकम | पेश्की लिनेको नाम | रकम | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|---|---|
| कलावती तेलीन | ५००००० | मेघराज सहनी | १५०००० | हरदेव प्रसाद कानु | १२५००० |
| डा.अख्तर आलम अंसारी | २०००० | मनोज कुमार यादव वडा | २०००० | हरदेव प्रसाद कानु | ७८००० |
| डा.अख्तर आलम अंसारी | १००००० | मनोज कुमार यादव वडा | १००००० | हरदेव प्रसाद कानु | ६५०००० |
| डा.अख्तर आलम अंसारी | ५००००० | मनोज कुमार यादव वडा | १००००० | हरदेव प्रसाद कानु | २५०००० |
| बदरुनेसा खातुन | १००००० | मनोज कुमार यादव वडा | १७६००० | हरदेव प्रसाद कानु | १६५००० |
| मनोज साह गोढ | १००००० | मनोज कुमार यादव | १६५००० | हरदेव प्रसाद कानु | १५०००० |
| मनोज साह गोढ | १६५००० | माधव राज रेग्मी | २०००० | हरदेव प्रसाद कानु | २५०००० |
| मो. आलम पावरिया | १५०००० | माधव राज रेग्मी | १००००० | हरदेव प्रसाद कानु | १००००० |
| मो. आलम पावरिया | १४०००० | माधव राज रेग्मी | १००००० | हरदेव प्रसाद कानु | १००००० |
| राजन प्रसाद कुर्मी | १०३०००० | रघु प्रसाद सहनी | १६५००० | हरदेव प्रसाद कानु | ५०००० |
| राजेश महथा खत्री | ५०००० | रघु प्रसाद सहनी | १५०००० | नरोत्तम अधिकारी | ० |
| राजेश महथा खत्री | १००००० | रघु प्रसाद सहनी | ११२००० | अशोक कन्सट्रक्सन | ७९४२९ |
| राजेश महथा खत्री | १००००० | रघु प्रसाद सहनी | ३४०००० | कपेश्वर कन्स्ट्रक्सन | ५२०००० |
| रामनिवास प्रसाद | १५००००० | रमेन्द्र साह | २०००० | बजरंग कन्ट्रक्सन | २००००० |
| रामलाल प्रसाद साह तेली | ५००००० | रमेन्द्र साह | १००००० | बजरङ्ग कन्स्ट्रक्सन | १३७५०० |
| विक्रम यादव | २०००० | रमेन्द्र साह | ७५०००० | भगवान निर्माण सेवा | ५००००० |
| विक्रम यादव | १००००० | रमेन्द्र साह | १६५००० | सन्नी कन्सट्रक्सन | २००००० |
| विक्रम यादव | ५००००० | रमेन्द्र साह | १००००० | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | २००८१०० |
| विक्रम यादव | १२५००० | रमेश कुमार मोदक | १००००० | अशोक कन्स्ट्रक्सन | १९४६७७ |
| श्यामनाथ महतो | १६५००० | रमेश कुमार मोदक | ९७९७१ | दलित जनजाती उत्थान केन्द्र | १९२७६२५ |
| सखी देबी दुसाधीन | १९०००० | राकेश चौधरि | १००००० | भारति बिल्डर्स | ५००००० |
| सैफुल्लाह मिया अंसारी | ५००००० | राजेश प्रसाद यादव | १८०००० | रामराजा बहुमुखि क्यामपस | २६२३००० |
| सर्व नारायण चौधरी थारु | १०००००० | राजेश प्रसाद यादव | २०००० | लुमन्ती (सम्झना) | २५००००० |
| साहेबजान मंसुर | ५००००० | राजेश प्रसाद यादव | १००००० | विदुषी नेपाल | ४००००० |
| हरेराम मेहता | २०००० | राजेश प्रसाद यादव | ६४०००० | श्री छठ पुजा समिति | २००००० |
| हरेराम मेहता | २००००० | राजेश प्रसाद यादव | १६५००० | श्री सुनिल फलफुल नर्सरी | ९४८००० |
| हरेराम मेहता | ७००००० | राजेश प्रसाद यादव | १२५००० | शशि कन्सट्रकसन | १००००० |
| अनिल कुमार पाण्डे | १७९७००० | राजेश प्रसाद यादव | १००००० | शहरी गरीबि निवारण मन्च | ५००००० |
| अनिल कुमार यादव | १५०००० | राजेश प्रसाद यादव | २५०००० | शहरी गरीबि निवारण मन्च | १०५०००० |
| अनिल कुमार यादव | १५०००० | राजेश प्रसाद यादव | ४२५००० | समिर सप्लायर्स | २०५००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| आसुतोष पाण्डेय | १६५००० | राजेश प्रसाद यादव | २५०००० | अनिल कुमार यादव | ४००००० |
| इन्द्रजित कुश्वाहा | १००००० | राजेश प्रसाद यादव | ११०००० | इजहार मिया ठकुराई | ५०००० |
| उषा कुमारी | १४००० | राजीव पाण्डेय | ५००००० | गोरख प्रसाद पंडित | १६५००० |
| खेदु मिया अंसारि | ४००००० | राम एकवाल प्रसाद कुर्मी | २५०००० | चन्द्रिका प्रसाद यादव | ५०००० |
| खेदु मिया अंसारि | १५०००० | रामचन्द्र श्रेष्ठ | १००००० | चन्द्रिका प्रसाद यादव | १६५००० |
| खेदु मिया अंसारि | १२५००० | रामजी मण्डल महतो | ६५५०० | जमुना ठाकुर हजाम | १५०००० |
| खेदु मिया अंसारि | १६५००० | रामजी मण्डल महतो | २०००० | नारद प्रसाद यादव | १२५००० |
| खेदु मिया अंसारि | २५०००० | रामजी मण्डल महतो | १००००० | प्रभात कुमार बर्मा | ६०००० |
| खेदु मिया अंसारि | २५०००० | रामजी मण्डल महतो | ५००००० | मकबुल अंसारी | १०००० |
| खेदु मिया अंसारि | ३५०००० | रामजी मण्डल महतो | १०००० | मेघराज सहनी | १०००० |
| खेदु मिया अंसारि | १००००० | रामबाबु प्र कुशवाहा | २००००० | महमद इमरान ठकुराई | ५०००० |
| धनबहादुर नेम्वाङ्ग | ८५०००० | रामबाबु प्र कुशवाहा | १६५००० | रघु प्रसाद सहनी | २०००० |
| नारद प्रसाद यादव | १६५००० | रामबाबु प्र कुशवाहा | १००००० | रमेश कुमार गुप्ता | २५००० |
| नारद प्रसाद यादव | १५०००० | रोशन अधिकारी | ९९६०५० | राजकुमार चौधरी चौहान | २००००० |
| प्रमोद कुमार सहनी | ३०००० | संगम कुमार चापागाई | १५०००० | रामनरेश प्रसाद साह | ४००००० |
| प्रमोद कुमार सहनी | २०००० | सुनिल कुमार यादव | १२५००० | श्री निवास यादव | ४००००० |
| प्रमोद कुमार सहनी | १००००० | सुलोचना पौडेल | ८२०००० | सिकेन्द्र दास गोसाई | २५००० |
| प्रमोद कुमार सहनी | ५००००० | सुलोचना पौडेल | १००००० | सिकेन्द्र मण्डल | ७८१०० |
| प्रमोद कुमार सहनी | १२५००० | सुलोचना पौडेल | ८०००० | हरदेव प्रसाद कानु | ३०००० |
| प्रमोद कुमार सहनी | १२५००० | सुलोचना पौडेल | १०००० | हरेन्द्र प्रसाद यादव | १००००० |
| प्रमोद कुमार सहनी | २००००० | हरदेव प्रसाद कानु | ७०००० | हरेन्द्र प्रसाद यादव | २०००० |
| प्रमोद कुमार सहनी | ५००००० | हरदेव प्रसाद कानु | १००००० | हरिन्द्र महतो कोईरी | २५००० |
| प्रमोद कुमार सहनी | ३००००० | हरदेव प्रसाद कानु | ५०००० | जम्मा | १९२६९४३१ |
| जम्मा | १६३०६००० | | १०००७५२१ | | ४५५८२९५२ |

२९ **इन्धन खर्च:**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७६ (चौथौ संशोधन) को खर्च संकेत २२२१२ मा इन्धन कार्यालय प्रयोजन रहेको छ । खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टसको खर्च यस शिर्षकबाट गरिन्छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु.२ करोड ५० लाख वजेट विनियोजन गरेकोमा १५३१०० लिटर डिजल र ७३०४ लिटर पेट्रोलको रु.२ करोड ३३ लाख खर्च गरेको छ । १७ वटा ट्याक्टर, ४ वटा 62.5 KVA जेनेरेटर, २ वटा ट्रिपर/ट्रक, ४ वटा पिकअप/जिप, २ वटा डोजर JCB,१ वटा ग्रेडर, मिनि ट्रक १, वारुणयन्त्र १ र ६१ वटा मोटरसाइकल/स्कुटर रहेको विवरण पेश भएको छ । पालिकाले इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण

सम्बन्धमा कुनै मापदण्ड तर्जुमा गरेको छैन । इन्धनको मापदण्ड बनाएर खर्च नगरी अनियन्त्रित रुपम खर्च गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार रहेका छनः

२९.१ **विगत तिन वर्षको इन्धन खर्चको अवस्था:** आर्थिक वर्ष २०७९।८०मा इन्धनमा रु. २ करोड बजेट व्यवस्था भएकोमा १ करोड ९१ लाख, २०८०।८१ मा रु.२ करोड ५० लाख बजेट व्यवस्था भएकोमा रु.२ करोड ४९ लाख र २०८१।८२ मा रु.२ करोड ५० लाख बजेट व्यवस्था भएकोमा रु.२ करोड २३ लाख खर्च भएको छ । पहिलो वर्ष भन्दा दोश्रो वर्षमा बढेपनि तेश्रो वर्षमा घटेको छ । पालिकाले इन्धन खर्च मितव्यायी रुपमा गर्नुपर्दछ ।

२९.२ पालिकाको आर्थिक ऐन, २०८१ मा ग्रेडरको भाडा प्रति घण्टा रु.५०००। (इन्धन बाहेक)तोकिएको छ । पालिकासँग ब्यक्हो-लोडर, जेसिवी र ग्रेडर रहेको विवरण पेश भएको छ । उक्त उपकरणहरु फोहोरमैला सरसफाई, बाटो निर्माण लगायतका कार्यमा प्रयोग हुने गरेको र सो कार्यको लागि आवश्यक इन्धन लग बुक भरी दिने गरेको देखियो । पेश भएको विवरण अनुसार जेसिवी र ग्रेडरमा १८९०१ लिटर डिजल प्रयोग भएको देखियो । जेसिवी र ग्रेडरले गरेको कार्यको प्राविधिक मूल्यांकन भएको देखिएन । यसबाट जेसीवी र ग्रेडरले कति भौतिक कार्य गरेको हो सो को अभिलेख राखेको देखिएन । कार्य परिमाण खुल्ने नापी किताव प्राविधिकबाट तयार गर्न लगाई जेसिवी, लोडर र ग्रेडरले गरेको कार्य अभिलेखीकरण गर्नुपर्दछ ।

२९.३ **खर्च प्रमाणितः** पालिकामा भएका सम्पूर्ण सावरीसाधन, मेशिनरी औजार, जेसिविमा भएको इन्धन खर्च बाहेक देहाय बमोजिम नगर प्रमुख, उपप्रमुख र कार्यालय प्रमुखबाट थप इन्धन खर्च भएको छ ।

| विवरण | डिजललि. | पेट्रोललि. | पेट्रोल | डिजेल | जम्मा |
|---|---|---|---|---|---|
| कार्यालय प्रमुख | ६४१८ | १८६० | २९९४६० | ९९४७९० | १२९४२५० |
| नगर प्रमुख | १६६९ | ३९१ | ६२९५१ | २५८६९५ | ३२१६४६ |
| नगर उपप्रमुख | १५५ | ७० | ११२७० | २४०२५ | ३५२९५ |
| जम्मा | ८२४२ | २३२१ | ३७३६८१ | १२७७५१० | १६५११९१ |

पालिकाले इन्धन सम्वन्धी मापदण्ड तयार नगरी कुल इन्धन खर्चको ७.४३ प्रतिशत रु.१६५११९१। इन्धन खर्च प्रयोजन नखुलाई खर्च गरेको देखियो । कुनै पनि सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, इन्धन प्रयोगको प्रमाणित अभिलेख नराखेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त हुने गरी इन्धन खर्च नगरेको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,५१,१९१ |

२९.४ स्थानीय तहका पदिधकारी र सदस्यहरुले पाउने सुविधा सम्वन्धि ऐन, २०७७ मा को अनुसुचिको बुदा घ मा उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले मासिक १५० लिटर इन्धन सुविधा पाउने उल्लेख छ । पालिका प्रमुख, उपप्रमुखले प्रयोग गर्ने गाडीहरुमा क्रमश ५२०७ लि. र ३०७० लि. डिजल वार्षिक खर्च भएको देखिन्छ । प्रयोग भएका सवारीसाधनको कम्पनीबाट ११.९ र १४.१ किलोमिटर प्रतिलिटर माइलेज दिने उल्लेख भएतापनि पालिकाले औसत ६ किलोमिटर हुने गरी इन्धन उपलब्ध गराएको देखिन्छ । वार्षिक ३६५ दिनलाई आधार लिदा दैनिक ९० किलोमिटर भन्दा बढी गाडि गुडेको देखिन्छ । मासिक इन्धनलाई आधार लिने हो भने प्रमुख र उपप्रमुखलाई १८०० लिटर इन्धन उपलब्ध हुनुपर्नेमा ३४०७ लि र १२७० लिटर बढि प्रयोग भएको छ । कानुनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

प्रमुख प्रशासकिय अधिकृत चढ्ने गाडि ना १ झ १५८१ मा ३३८८ लिटर र टाटा सुमोमा रु.११४० लिटर इन्धन खर्च भएको देखिन्छ । उक्त गाडीहरुको पनि औसत दैनिक १२० कि मि भन्दा बढी गुड्दा लागेको इन्धन बराबर हुन्छ । पालिकाका कर्मचारीको कार्यक्षेत्र पालिका भन्दा बाहिर नहुने भएतापनि दैनिक ४ वटा गाडीमा अत्यधिक इन्धन खर्च गरेको देखियो । पालिकाले मासिक इन्धन मापदण्ड नबनाएको कारण इन्धनमा नर्म्स बमोजिम खर्च भएको छ भन्न सकिने आधार देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

२९.५ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०८१ मा कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्न सक्ने र मधेश प्रदेशका पदाधिकारीले पाउने सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारीले पाउने ईन्धन खर्चको सुविधाको व्यवस्था गरेकोमा पदाधिकारी तथा कर्मचारी बाहेक अन्य व्यक्तिले समेत इन्धन वितरण गरेको छ,

| विवरण | मापदण्ड अनुसार | वार्षिक खर्च | औषत दर | रकम |
|---|---|---|---|---|
| कार्यालय प्रमुख | डिजल १०० लि. | १२०० | १५५ | १८६००० |
| ६० वटा मोटरसाईकल/स्कुटि | १२ लि. | ८६६० | १५५ | १११६००० |
| नगर प्रमुखले पाउने सुविधा | १५० लि. | १८०० | १५५ | २७९००० |
| नगर उप प्रमुखले पाउने सुविधा | १५१ लि. | १८०१ | १५५ | २७९१५५ |
| अन्य | १०० लि | १२०० | १५५ | १८६००० |
| ग्रेडर | | ९४६५ | १५५ | १४६७०७५ |
| जेसिवी | | ९४३८ | १५५ | १४६२८९० |
| ट्रिपर | | ४४६९ | १५५ | ६९२६९५ |
| सुमो | | ११४० | १५५ | १७६७०० |
| दमकल | | ४५० | १५५ | ६९७५० |
| फोहोरमैला | | ६०२४२ | १५५ | ९३३७५१० |
| जम्मा | | ९८४०५ | | १५२५२७७५ |
| वितिय विवरणमा खर्च लिटर | | १६०४०४ | | २३३००००० |
| बढी | | ६१९९९ | | ८०४७२२५ |

इन्धन र मर्मत खर्चको मापदण्ड,पदाधिकारीको सिफारिसमा उपलब्ध गराईएको कुपनमा गाडी नम्वर उल्लेख नगरेको, लामो अवधिको बिल भुक्तानी, ईन्धनको विवरण पुर्ण रुपमा पाम्स (PAMS) मा प्रविष्टि,एकद्वार प्रणाली नराखेको, कुपन, प्रायोजन, सिफारिस पत्र, नामनामेसी विवरण,गाडी र वाईकको विवरण राखेको पाइएन, पालिकाले नर्म्स र कार्यविधि बनाई औचित्यपुर्ण तरिकाले खर्च गर्नुपर्दछ ।

३० **साइवर तालिम** (312-2081-09-16):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले साइवर अपराध तथा लागु औषध सम्वन्धी जनचेतनामुलक कार्यक्रम संचालनको लागि केयर मधेश ट्रेनिङ सेन्टर प्रा लिसँग सम्झौता गरेकोमा उक्त संस्थाले वडा नं. १३ को नेपाल राष्ट्रिय मा वि बलिरामपुरमा संचालन गरी रु ४९७६९७। भुक्तानी गरेको छ । संस्थाले पेश गरेको विजकमा संस्थागत खर्च रु १६९४०। र भ्याट रु ५७२५७। सहित रु ७४१९७। पालिकाको कर्मचारीबाट कार्यक्रम गराउदा हुने खर्च भन्दा बढी छ । साथै उक्त कार्यक्रमको प्रतिवेदनमा विद्यालयका ५२८ जना सहभागी भएको उल्लेख छ । उक्त विद्यालयको EMIS प्रतिवेदन तथा यस वर्षको पाठ्यपुस्तक दिवा खाजा निकासाको तथ्यांक अनुसार कक्षा ६-८ सम्म २०७ र कक्षा १-५ सम्म २६६ सहित जम्मा ४७३ जना विद्यार्थी रहेको देखिन्छ । कक्षा १-५ सम्मका २६६ विद्यार्थी लागु औषध र साइवर अपराध सम्वन्धि तालिमको लागि योग्य भए नभएको एकिन नगरी पालिकाले कार्यक्रम संचालन स्विकृती दिएको छ । पालिकाबाट एकिन गरेर मात्र तालिम संचालन गर्नुपर्दछ ।

३१ **कार्यक्रम खर्चमा एकरुपता:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ ।पालिकाले शाखागत कार्यक्रम

संचालन गर्ने कर्मचारी पर्याप्त हुदा हुदै वाह्य संस्थाबाट कार्यक्रम संचालन गरेको देखियो । उक्त संचालित एकै किसिमका कार्यक्रमहरुमा खर्चहरुमा संस्थागत खर्च ४ प्रतिशत र भ्याट १३ प्रतिशत र अन्य खर्चको नर्म्सभन्दा बढी भएको देखिन्छ । भौचर नं. ३८२-०८२।१०।७ बाट वाल विकास विरुद्ध जनचेतना तालिम संचालनको लागि पालिकाले ग्रिन सिटी युथ क्लव (६१४६७३०९८) सँग सम्झौता गरी रु ४९८३३०। भुक्तानी गरेको छ । उक्त कार्यक्रममा सहभागी ६०१ जना उल्लेख छ । सोही प्रकृतीको कार्य भौचर नं. ३८३-०८१।१०।७ बाट १५० जना सहभागीको लागि ग्रामिण पुनः निर्माण केन्द्र (६०७३२५७२६) सँग सम्झौता गरी रु २९४९९८। भुक्तानी गरेको छ । स्थिर खर्च उद्धाटन समापन समान भएतापनि नर्म्स अनुसार प्रति सहभागी खर्च समान हुनुपर्नेमा ग्रामिण पुनः निर्माण केन्द्रको धेरै रहेको छ । कार्यालयमा उपलब्ध जनशक्तीबाट कार्य नगराई वाह्य निकायबाट गराउदा अनावश्यक रूपमा कार्यक्रम खर्च बढाउँने, कार्यालयभित्रको जनशक्तीको क्षमता उपयोग नहुँदा उनीहरूको दक्षता विकास नहुने र सार्वजनिक स्रोतको मितव्ययी प्रयोगको नहुने देखिन्छ । नियमित वा सामान्य प्रकृतिका कार्यक्रम बाहिरबाट गराउँदा खर्च दोहोरिने र परिणाम कमजोर हुने जोखिम भएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

३२ **विद्युत महसुल भुक्तानी** (269-2081-09-01):

गत वर्ष भुक्तानी भएको यस भौचरबाट नेपाल विद्युत्त प्राधिकरणलाई वडा नं. १ स्थानीय हाट बजारको सटर भाडामा रहेका पसलहरुले उपभोग गरेको विद्युत्तको वक्यौता भुक्तानी रु ५४२६०३। गरेको छ । उक्त सटर भाडामा दिदा उपभोग हुने विद्युत्त स्वयम भाडामा लिनेले व्यहोर्नुपर्ने उल्लेख गरी सम्झौता गर्नुपर्नेमा सो विषय नखुलाएको कारण पालिकालाई थप भार परेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी विद्युत्त खपत गर्नेबाट नै व्यहोर्ने व्यवस्था गर्नुपर्दछ ।

३३ **शिक्षक संगठन भवन निर्माण** (265-2081-09-01):

पालिकाको बजेट सार्वजनिक हित र सबै नागरिकलाई समान रूपमा लाभ पुग्ने कार्यमा खर्च हुनुपर्छ। पालिकाले शिक्षक संगठनको भवन निर्माण तथा मर्मत उपभोक्ता समितिलाई भवनको नक्सा पास नगरी निर्माण कार्य गर्न रु ११९९५१०। भुक्तानी गरेको छ । यस्ता संगठनहरू निजी तथा स्वायत्त प्रकृतिका हुने भएकाले तिनका भवनहरू सार्वजनिक सम्पत्ति मानिँदैनन् र सबै नागरिकले समान रूपमा प्रयोग गर्न पाउने अवस्था पनि हुँदैन। त्यसैगरी, यस प्रकारका संगठनलाई बजेट उपलब्ध गराउँदा स्थानीय तहको राजनीतिक निष्पक्षता र तटस्थतामाथि प्रश्न उठ्न गई अन्य संगठन वा समुदायसँग असमान व्यवहार भएको अनुभूति गराउने र भविष्यमा यस्तै मागहरू बढ्दै जाने जोखिम रहन्छ। त्यसैले पालिकाले यस्ता खर्च नगरी सबै नागरिकले समान रूपमा उपयोग गर्न सक्ने सामुदायिक भवन, बहुउद्देश्यीय सभाहल जस्ता सार्वजनिक संरचनामा लगानी केन्द्रित गर्नुपर्छ। पालिकाले यस्तो कार्यमा सुधार गरी बजेट तर्जुमा गर्दा स्पष्ट नीति र मापदण्ड तर्जुमा मार्फत कानुनी प्रक्रिया पालना गर्दै सुशासन र वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३४ **जग्गा खरिद**

पालिकाले गत वर्षको भुक्तानी भौचर नं. ५३९-०८१।१२।१४ बाट पालिकाको वडा नं. १९ मा फन पार्क विस्तारको लागि ०-१३-१५, छठ घाट निर्माणको लागि ०-५-६, नेपाल राष्ट्रिय माविको फिल्ड विस्तारको लागि ०-२-० जग्गा प्राप्तीको लागि प्रमुख जिल्ला अधिकारीको समितिले मूल्यांकन गरेको प्रति कठ्ठा रु ४५००००। को दरले भुक्तानी देखियो । भौचर नं. ५२५-०८१।१२।७ बाट वडा नं. ८ स्थित फन पार्क विस्तारको लागि ०-१३-१५ र वडा नं. १९ स्थित छठ घाट निर्माणको लागि ०-५-६ जग्गाधनी ३ जनालाई रु ३३६६०००। भुक्तानी गरेको देखियो । पालिकाले छठ घाट निर्माण, फन पार्क निर्माण र विद्यालय फिल्ड निर्माण जस्ता कार्यहरु नियमित भैरहेको देखिन्छ । आफ्नो क्षेत्रभित्र उपलब्ध सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको अधिकतम उपयोग गर्नुपर्नेमा सो नगरी वार्षिक ठूलो संख्यामा भैरहने कार्यको लागि जग्गा खरिद गर्दा सार्वजनिक बजेटमा अनावश्यक भार बढाउँछ, विकासका प्राथमिक क्षेत्रहरू (खानेपानी, स्वास्थ्य, शिक्षा, सडक) मा लगानी घट्ने जोखिम हुन्छ र सार्वजनिक स्रोतको मितव्ययी तथा प्रभावकारी उपयोगको सिद्धान्त उल्लङ्घन हुन्छ। साथै, एउटै प्रकृतिका कामका लागि बारम्बार जग्गा खरिद गर्दा दीर्घकालीन सम्पत्ति व्यवस्थापन कमजोर भई खर्च दोहोरिने र निर्माण लागत उच्च हुन्छ । तसर्थ पालिकाले यस्ता कार्य गर्दा दिर्घकालीन असर विचार गरेर सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको अधिकतम उपयोग गर्नुपर्दछ ।

३५ **सभा सञ्चालन खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सभा सञ्चालनमा रु.२५ लाख बजेट विनियोजन गरी रु.२५ लाख खर्च गरेकोमा पालिकाका पदाधिकारी र कर्मचारीहरुलाई भत्ता, खाना तथा खाजा, डायरी, फुलको माला, पाइलट पेन, गाम्छा, झोला, रेडवुल लगायत खर्च गरेको छ । पालिकाले यसमा व्याग १४५, ट्याक सुट ८५ र लेडिज ज्याकेट ६०,सभा सदस्य रेनकोट वितरण १५० वटा खरिद गरी वितरण गरेकोमा रेनकोट, छाता व्याग लगायत वितरणको आधार र मापदण्ड देखिएन । पालिकाले सभा सञ्चालनका लागि वजेट विनियोजन गरी गाम्छा, खाना तथा खाजा, खाना, रेनकोट,व्याग, ट्र्याकसुट, ज्याकेटा लगायतका शिर्षकमा खर्च लेख्ने कार्य नियमसम्मत देखिएन । पालिकाले मितव्यायी तरिकाले खर्च गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

३६ **फरक शिर्षक खर्चः**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको खर्च संकेत २२२२१ मा कार्यालयमा रहेका मेशिनरी औजारको संचालनका लागि लाग्ने नियमित तथा मर्मत खर्च समावेश हुन्छ । पालिकाले यस वर्ष यस खर्च संकेतमा रु.१ करोड ४ लाख ९९ हजार खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | हुनुपर्ने | शिर्षक | विवरण | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | ०३/२१ | १८२३ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | मेसिनरी औजार खरिद | | शर्मा इलेक्ट्रोनिक्स | ९१२१०० |
| २ | १२/०५ | १०५२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | मेसिनरी औजार खरिद | | आइ टि सोलुसन एण्ड सप्लायर्स | ४९६५०० |
| ३ | ०१/१५ | १२४९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | S.K. TRADING AND SUPPLIERS | ४९२२१४ |
| ४ | १०/३० | ७६६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | आर के ट्रेडिङ्ग एण्ड सप्लायर्स र रुची ट्रेड एण्ड इन्टरप्राइजेज | ४२४९५८ |
| ५ | ०३/१४ | १७२० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | एस.के.ट्रेडिङ्ग एण्ड सप्लायर्स | २९०४११ |
| ६ | २०८२/०२/३० | १५९९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | शिव स्टोर्स एण्ड सप्लायर्स र नेशनल मल्टिपर्पज | २५०००० |
| ७ | ०३/०१ | १६०४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | मेसिनरी औजार खरिद | | S.K. IT Enterprises र smart it enterprises | २४५१०० |
| ८ | ०१/१५ | १२५९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | न्यू कार फेशन सेन्टर | २४०३५१ |
| ९ | ०२/१४ | १४६६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | मेसिनरी औजार खरिद | | अल ईन वन सप्लायर्स | २३९००० |
| १० | २०८२/०२/३० | १६०२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सामाग्री खरिद | | शिव स्टोर्स एण्ड सप्लायर्स र नेशनल मल्टिपर्पोज | २३९००० |
| ११ | १०/३० | ७७२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | रुची ट्रेड एण्ड इन्टरप्राइजेज R K Trading & suppliers | २३८१४७ |
| १२ | ०३/१४ | १७२४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सामाग्री र मेसिनरी औजार खिरिद | | डेस्टप तथा काटेजको सगुन टेड्र्स | २३३००६ |
| १३ | ०१/१६ | १२७८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी सधन मर्मत | | जग्दम्बा कन्सट्रक्सनलाई लोडर मर्मत | २१८२४४ |

क)पालिकाले शर्मा इलेक्ट्रोनिक्स लाई मेसिनरी सामान खरिद वापत भौचर नं.१८२३ बाट रु.९ लाख १२ हजार भुक्तानी गरेकोमा खर्च पुष्ट्याई नहुने तथा यस शिर्षकबाट खर्च लेख्न मिल्ने पाइएन,

ख)भौचर नं.१०५२ बाट सामान खरिद गरी आइ टि सोलुसन एण्ड सप्लायर्सलाई रु.४ लाख ९६ हजार भुक्तानी गरेकोमा मेसिनरी एण्ड औजार मर्मत शिर्षकबाट खर्च लेख्नु पर्नेमा यस शिर्षकबाट मिल्ने पाइएन,

ग)भौचर नं.१२४९ वाट सवारी मर्मत वापत S.K.TRADING AND SUPPLIERSलाई रु.४ लाख ९२ भुक्तानी गरेकोमा सवारी साधन मर्मतबाट खर्च लेख्नुपर्नेमा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च शिर्षक मिलेको पाइएन,

परीक्षण भएका भौचरहरुमा मेशिनरी औजार संचालनको लागि हुने नियमित खर्च तथा मर्मत खर्च लेख्नुपर्नेमा सो नगरी ल्यापटप, कम्प्युटर, मोवाइल, फिङ्गर प्रिन्ट स्क्यानर, व्याट्रि खरिद, गाडी मर्मत, लगायतमा खर्च गरेको छ । यस शिर्षकबाट भएका अन्य खर्चमा

पटक पटक जेनेरेटर मर्मत, जेसिवी मर्मतको लागि भुक्तानी गरेको छ । पालिकाले खर्च शिर्षक अनुसार खर्च नगरी माथि उल्लेख भएका विविध प्रकारका चालू प्रकृतीका खर्चमा अस्वभाविक बजेट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०४,९९,००० |

## ३७ सुचना प्रकाशन र विज्ञापन शुल्क

३७.१ **विज्ञापन शुल्क-** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि कट्टा गर्नुपर्ने र कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा जानकारी बोर्डलाई दिनुपर्ने, विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८०को नियम ५मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले सूचना प्रकाशनमा भएको खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.११३१५० बोर्डको कोषमा जम्मा हुने गरेको देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

३७.२ **एकै प्रकृतीको सुचना प्रकाशन--** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३मा खरिदको आवश्यकता पहिचान, विगतको अभ्यास, खरिद योजना तथा लागत अनुमान तयार, स्रोत निर्धारण खरिद विधिको छनौट गर्नु पर्ने, नियम ८मा वार्षिक रु.१० लाख भन्दा बढीको खरिदमा खरिद योजना तयार गरी वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक स्रोत, पत्र पत्रिकामा जनताको पहुँच, उपलव्धता र पत्रपत्रिकाको जनतासम्म पहुँच र उपलव्धता जस्ता विज्ञापनको आवश्यकता हुने पक्षको अध्ययन नगरी एकै प्रकृतीको जनहितका सुचना फरक फरक मितिमा प्रकाशन गर्ने गरेको, सडक क्षेत्र खुला गर्ने, डेंगु नियन्त्रण, लागु औषध नियन्त्रण, शित लहरबाट जोगिने, किसानहरुलाई आग्रह गर्ने, छट, दिपावली, सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, शित लहरबाट जोगिने जस्ता सुचना प्रकाशन गरी रु.३७ लाख ९६ हजार खर्च गरेको छ । सुचना प्रकाशनको आधार स्पष्ट नगरी विलका आधारमा भुक्तानी दिनेलाई जिम्मेवार बनाई कार्यादिश, सम्झौता र स्वीकृति, सुनिश्चितता बेगर एउटै प्रकृतिका सुचना प्रकाशन भुक्तानी गरेको नियमसम्मत देखिएन । पालिकाले एकै प्रकृतिका सुचना प्रकाशन गर्दा आवश्यक्ताको आधारमा मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।

३७.३ **सार्वजनिक सुनुवाईः** सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ को नियम१९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ । यस्तो सार्वजनिक सुनुवाई गर्दा कार्यालय प्रमुखले सुनुवाईको वहसलाई विषय केन्द्रित गराउन एकजना सार्वजनिक सुनुवाई सहजकर्ता (मोडोरेटर) नियुक्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा व्यवस्था रहेको छ । पालिकाले सूचना तथा संचारको लागि स्थानीय रेडियो तथा पत्रपत्रिकालाइ रु.३७ लाख ९६ हजार खर्च गरेको भएतापनि कानुनमा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाई गरेको देखिएन । कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

## ३८ भ्रमण खर्चः

भ्रमण खर्च नियमावली, २०६४को नियम १८,२१ र २३ मा भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने, भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकामा पदाधिकारी तथा

कर्मचारी तर्फ रु.२० लाख ६ हजार, अनुगमन, मूल्यांकन खर्च रु. ४ लाख ७३ हजार र सशर्त अनुदानको कार्यक्रम खर्चमा समेत दैनिक भ्रमण भत्तामा उल्लेखितको अतिरिक्त थप खर्च भएकोमा देखिएका व्यहोरा निम्न छन:

१.भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमणको प्रयोजन र उद्देश्य उल्लेख गरेको पाइएन,

२.भ्रमण प्रतिवेदन र भ्रमण काजमा गएको पुष्टी हुने थप प्रमाण कागजात, फोटो पेश गरी भुक्तानी गरेको पाइएन,

३.पदाधिकारी तथा कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गएको हो भन्ने पुष्ट्याई हुने पार्याप्त आधार पेश गरेको पाइएन,

४.एकै दिन गएर फर्कन सक्ने (जनकपुर, विरगन्ज,वर्दिवास) लगायतका स्थानमा जादा दैनिक भ्रमण भत्ताको २५ प्रतिशत मात्र रकम भुक्तानी गरेको पाइएन,

५.पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको तथा भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) तयार गरेको पाइएन,

६.पदाधिकारीहरुलाई दोहोरो पर्ने गरि विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी गरेको यकिन गरेको पाइएन,

७.पदाधिकारी र कर्मचारीहरुको भ्रमणको वास्तविक भ्रमण प्रतिवेदन राखेको पाइएन,

८.भ्रमणको उदेश्यमा कार्यालयको कामकाज लेखिएकोमा के काम काज भन्ने खुलाएको पाइएन,

९.पदाधिकारीहरु तथा कर्मचारीहरुको भ्रमण आदेश अधिकारप्राप्त अधिकारी बाट स्वीकृत गरी कार्यपालिकाबाट अनुमोदन गरेको पाइएन,

उद्देश्य र प्रयोजन सहित कार्यालयको कामको सिलसिलामा हुने भ्रमणको मात्र पदाधिकारी तथा सदस्यलाई भ्रमण प्रतिवेदन सहित खर्च भुक्तानी गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **औषधी खरिद:**

३९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ विभिन्न भौचरहरुबाट रु.४० लाख ४२ हजारको खरिद कार्य सम्पन्न गरेको छ । कम्पनीले पेश गरेको दररेटको आधारमा औषत मुल्यको आधारमा लागत अनुमान तयार गरी सोझै खरिद गरेको जनाएको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखिएन। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रमको नाम | विवरण | खर्च |
|---|---|---|---|---|---|
| १ | १४-Dec | १०८९ | औषधी खरिद खर्च | चुन चुन फार्मेशी | ७१५९३७ |
| २ | २८-Jan | १३५९ | औषधी खरिद खर्च | चुन चुन फार्मेशी | १०५००७० |
| ५ | २२-Mar | १८७५ | औषधी खरिद खर्च | पि.एस. मल्टीप्रपोज प्रा.लि. | ११४५०० |
| | ८।१२ | ५० | औषधी खरिद खर्च | चुन चुन फार्मेशी | १७६१८७२ |
| | | २८ | औषधी खरिद खर्च | Elite Medihealth Concern Pvt Ltd | ३९९८०० |
| जम्मा | | | | | ४०४२१७९ |

३९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५० लाख सम्मको औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले १०२ प्रकारका औषधी खरिद गरी भुक्तानी गरेकोमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने ९ प्रकारका औषधी पनि खरिद गरेको देखियो । पालिकाको लागि आवश्य औषधी आर्थिक वर्ष २०८१/८२ रहेकोमा आर्थिक वर्ष सकिनु अगाडी खरिद गरेको देखियो । वर्ष दिनको लागि आवश्यक पर्ने औषधी आषाढ मसान्तमा आएर खरिद गर्दा बजेट सकाउनुपर्ने दवाबका कारण वास्तविक आवश्यकता विश्लेषण नगरी हतारमा धेरै मात्रा औषधि खरिद हुनगई भण्डारण क्षमताभन्दा बढी औषधि जम्मा हुने, म्याद सकिने जोखिम बढ्ने तथा गुणस्तर जाँच कमजोर रहने समस्या उत्पन्न हुन्छ। संघीय तथा प्रदेश सरकारबाट नियमित रूपमा आउने औषधिको आपूर्ति नहेरी स्थानीय तहले पुनः खरिद गर्दा दोहोरो खर्च, अनावश्यक भार बढ्ने समस्या देखिन्छ। केन्द्र–प्रदेश–स्थानीय तहबीच समन्वय कमजोर हुँदा एउटै औषधि धेरै आउने, तर केही अत्यावश्यक औषधि नपुग्ने स्थिति बन्ने गर्दछ। संघीय स्रोतबाट प्राप्त औषधिको स्टक e-LMIS मा समयमै इन्ट्री नगर्दा वास्तविक भण्डार विवरण अस्पष्ट हुन्छ । पालिकाले वर्षभरि नियमित रूपमा औषधि आवश्यकता निर्धारण (forecasting) गर्नुपर्ने, संघीय तथा प्रदेश आपूर्तिको विवरण अद्यावधिक रूपमा राखेर मात्रै अतिरिक्त खरिद गर्ने तथा सार्वजनिक खरिद ऐनअनुसार वार्षिक खरिद योजना जेठ महिनाभित्र नै तयारी गरी चरणबद्ध रूपमा आपूर्ति गर्ने प्रबन्ध गर्नुपर्ने देखिन्छ । First Expiry–First Out (FEFO) विधि लागू गर्ने, विभिन्न स्वास्थ्य संस्थाबीच औषधि साटासाट (inter-facility transfer) को व्यवस्था गर्न सकेमा वर्ष भरी औषधी अभाव नहुने देखिन्छ । आर्थिक वर्ष व्यतीत भैसक्न लाग्दा अर्को आर्थिक वर्षको लागि भण्डारण गर्न औषधी खरिद गर्नु नियमसम्मत देखिदैन । आगामी आर्थिक वर्षको लागि औषधी खरिद बजेट व्यवस्था हुने भएकोले सालवसाली गर्नुपर्ने कार्यलाई बजेट सकाउनुपर्ने दबाबका कारण खरिद गरि भण्डारण गर्नु नियमसम्मत देखिएन ।

४० **फोहोरमैला व्यवस्थापन:**

**क.विगत तिन वर्षको फोहोरमैला व्यवस्थापनमा खर्चको अवस्था:** विगत तिन वर्षको अवस्था निम्न रहेको छ:

| आर्थिक वर्ष | खर्च(रु. हजार) |
|---|---|
| २०७९।८० | ४९८४३ |
| २०८०।८१ | ५०९०१ |
| २०८१।८२ | ५१९९८ |

विगत तिन वर्षमा फोहोरमैला व्यवस्थापनका लागि खर्च आर्थिक वर्ष २०७९।८० मा रु.४ करोड ९८ लाख ७३ हजार, आर्थिक वर्ष २०८०।८१ मा रु.५ करोड ९ लाख र आर्थिक वर्ष २०८१।८२ मा रु.५ करोड १९ लाख ९८ हजार खर्च भएको छ । पालिकाको फोहोरमैला विसर्जनबाट आय भएको विवरण प्राप्त भएको छैन । पालिकाले आर्थिक ऐन बमजिम फोहोरमैला संकलन गर्दा शुल्क लिई वा टेन्डरमार्फत फोहोरमैला विसर्जन गर्न सके बढ्दो अवस्थामा रहेको खर्च मितव्यायी बन्न सक्ने देखिन्छ ।

**ख.चालु आर्थिक वर्ष:**फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहोरमैला प्रबन्धतथा व्यवस्थापनगर्ने जिम्मेवारीर दायित्वस्थानिय तहको हुने व्यवस्था गरेको छ त्यसै गरी दफा १५ मा प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिन सकिने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १७ मा सार्वजनिकनीजिसाझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने र १८ दफामा सेवा शुल्क उठाउन सक्ने व्यवस्था गरेको छ । उप-महानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनको योजना बनाएकोदेखिएन ।यो वर्ष सरसफाईव्यवस्थापनकोलागि रु.५१९९८४९२।खर्च गरेको देखिन्छ ।

| खर्च शीर्षक | रकम | विवरण |
|---|---|---|
| इन्धन (६६२४०लिटर) | ९९४३२८७ | २०८१।८२ को डिजलको औषतमुल्य रु.१५१.२२ रहेको |
| ज्याला | ३४२५५४९२ | मासिक औषत१९८ जना ज्यालाकर्मिको भुक्तानी |
| सरसफाई औजार भाडा | ५०००००० | पालिकामा रहेका ट्याक्टर बाहेकको भुक्तानी गरेको ज्याला |
| जम्मा | ५१९९८४९२ | |

पालिकाले वार्षिक फोहोरमैलाव्यवस्थापनमा रु.५१९९८४९२। आन्तरिक स्रोतको ५२.१० प्रतिशत रकमखर्च गरेको देखिएतापनि ल्यान्डफिल्ड साइडको व्यवस्था नहुनु, फोहोरको बर्गिकरण नहुनु एंव बजार वरपर गल्लितिरफोहोरमैला फ्याकिनु

जस्ता कारणलेफोहोरमैला व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मेवारी दिन सकिने एवं फोहोरमैला व्यवस्थापनमा सार्वजनिक-नीजिसाझेदारी गर्न सकिने र सेवा शुल्क उठाउन सकिने व्यवस्था रहेको सन्दर्भमा फोहोरमैला व्यवस्थापनको प्रभावकारी योजना बनाई फोहोरको प्रभावकारी व्यवस्थापन र फोहोरबाट समेत लाभ उठाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४१ **विगत तिन वर्षको खर्चको अवस्था:**

पालिकाको चालु तर्फका विभिन्न शिर्षकमा गरिएको विगत तिन वर्षको खर्चको अवस्था निम्न रहेको छ ।

| आर्थिक वर्ष | २०८१।८२ | | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|
| शीर्षक | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| इन्धन | २५०६०००० | २२३४१४७४ | २५०६०००० | २५०११९८५ | २००५०००० | १९१२०८०७ |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०९००००० | १०४९९८७१ | ९०००००० | ५७५३२२८ | ७०९६००० | ६२७३१११ |
| मसलन्द तथा कार्यालय सामाग्री | ३०००००० | १८७२२३७ | ३०००००० | २९८७१४९ | १८८०००० | १८७६८७५ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४०५०००० | ३७९४९७६ | ३७००००० | २४१३०७० | ३१००००० | ३०६५८११ |
| सेवा र परामर्श खर्च | २८६६००० | ८३७००० | ५००००० | २३६००० | ५००००० | ३२०१०० |
| कार्यक्रम खर्च | ५९३७३६९२२ | ५१५१८४७५० | २७००८२००० | २३६८२४१८९ | २५९०३४००० | २३७३८४७८२ |
| विविध कार्यक्रम खर्च | २९९००००० | २३२६४२११ | ७५०७७००० | ५२८१५९३६ | २०२२३००० | २००६३१८४ |
| अनुगमन, मूल्यांकन खर्च | १०००००० | ४७३७२९ | १८४०००० | ५२९८३३ | २१४०००० | ११९०४९८ |
| भ्रमण खर्च | २००९००० | २००६६२६ | २०५९००० | १८६०८६९ | २८००००० | १८१३१०३ |
| विविध खर्च | १०५००००० | १०००५५४१ | ९३००००० | ९२७१३९२ | ८८६०००० | ८५००९२० |
| सभा सञ्चालन खर्च | २५००००० | २५००००० | १२००००० | ११९४१४७ | | |
| औषधीखरिद खर्च | २७००००० | २०१३३१४ | ५३३८००० | ५३३७९५० | १०००००००० | ३८१४०४९ |
| जम्मा | ६८८२२१९२२ | ५९४७९३७२८ | ४०६१५६००० | ३४४२३४९४७ | ३३५६८३००० | ३०३४२३२३९ |

पालिकाको इन्धन खर्च २०७९।८० को तुलनामा बढेको, सुचना प्रकाशन, विविध खर्च, अनुगमन मुल्याङ्कन समेत बढ्दो अवस्थामा रहेको छ । पालिकाले यथार्थ आंकलन गरी मितव्यायी ढंगले बजेट बिनियोजन गरी खर्च गर्नुपर्दछ ।

४२ **अनुगमन भत्ता:**

४२.१ मधेश प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को दफा ७ मा बैठक भत्ता र दफा ८ मा अनुगमन भत्ता सम्बन्धी व्यवस्था गरेको र अनुसूची (ख) मा पालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धी व्यवस्था गरिएको छ । जसमा पदाधिकारीहरुको बैठक र अनुगमन भत्ता रकम भुक्तानी गर्दा माइन्युट र प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले पदाधिकारीको सुविधा बापत मासिक रुपमा तीन वटाको दरले अनुगमन र बैठक भत्ता भुक्तानी गरेकोमा प्रतिवेदन प्रतिवेदन र फोटोमा अनुगमन गरेको भनि एकै किसिमको फोटो राखेको, एक योजनामा छुट्टा छुट्टै गएको देखाएको, अनुगमनका प्रत्येक पानामा राम्रो रहेको, निर्माण भएको, निर्माण भएको लेखिएको, प्रत्येक व्यक्ति छुट्टा छुट्टै गएको देखाएको, सवै प्रतिवेदनमा योजनाको नाम र मितिमात्र फरक लेखिएकोले अनुगमन भत्ता भुक्तानी गर्नका लागिमात्र माईनुट तयार गरेको देखिन्छ । गत वर्षको भुक्तानी दिन बाँकी विवरणमा उल्लेख गरेपनि कागजपत्र यस आर्थिक वर्षमा मात्र पेश गरेको मितिबाट देखिन्छ । गत वर्षमा अनुगमन गरेको भत्ता भुक्तानी

भएको नभएको यकिन गर्न सकियन । पालिकाले अनुगमनको यथार्थ विवरण राखी वडा समिति र वडाअध्यक्ष र सदस्यको अनुगमन यथार्थपरक भएको नभएको यकिन गर्नुपर्ने गर्नुपर्ने देखिन्छ । यसका केही उदाहरण निम्न रहेका छन:

| क्र.सं. | मिति | भौ. नं. | विवरण | खर्च |
|---|---|---|---|---|
| १ | ९।२८ | ६३९ | वडा नं २७Ashok Kumar Tiwari सहित ५ | ४५०,००० |
| २ | ९।३४ | ६४७ | वडा नं ३ का स्यामनाथ महतो सहित ६ | ५४०,००० |
| ३ | १२।५ | १०५५ | वडा नं २०Kedar Prasad Sah Teli सहित ५ | ४५०,००० |
| ४ | ९।३५ | ६४८ | वडा नं. ४ प्रविन कुमार बेहुत सहित ६ | ४५०,००० |
| ५ | ९।२८ | ६४० | वडा नं. २ अशोक कुमार ठाकुर सहित ५ | ४५०,००० |
| ६ | ९।३१ | ६४४ | वडा नं १५ ओहव अन्सारी सहित ५ | ४५०,००० |
| ७ | ९।२९ | ६५४ | वडा नं. १० मो सविर सहित ५ | ४५०,००० |

४२.२ **दोहोरो अनुगमन भत्ता भुक्तानी**: पालिकाले अनुगमन भत्ता भुक्तानी गर्दा विल भर्पाइ जाँच गरी दोहोरो नपर्ने गरी गर्नुपर्दछ । पालिकाले गो.भौ.नं ६४५ र ६४६ मा दिपेन्द्र महतो सहित ५ जनाको भुक्तानी भुक्तानी गर्दा दोहोरो परेको देखिएकाले दोहोरो परेको नपरेको यकिन गरी असुल गर्नु नपर्ने भएमा प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

४३ **स्तरवृद्वी**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने, प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन २०७५मा स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले साविक स्थानिय तहका कर्मचारी र लोकसेवा आयोगबाट सिफारिस कर्मचारीलाई स्थानिय सेवाको गठन, संचालन र सेवाका शर्तहरुको सम्बन्धमा बनेको ऐन २०८१को दफा ४ (छ) मा साविक स्थानिय सेवाका पदका कर्मचारीलाई समान पदमा समायोजन भएकाहरुको हकमा बढीमा १ पटक स्तरवृद्धी गर्न सक्ने व्यवस्था भएकोमा २० जना कर्मचारीको स्तरवृद्धि गरी यो वर्ष (कार्यालयबाट पेश भएको विवरणको आधारमा) रु.४७७२०३। थप रकम भुक्तानी भएको छ । साविक जिविस तर्फ पालिकाले तयार गरेको कर्मचारी व्यवस्थापन नियमावली अनुसार विभिन्न मितिमा लोकसेवाको परामर्श नलिई स्तरवृद्धि भई सकेकोमा स्थानिय सेवाका पदका कर्मचारीलाई समान पदमा समायोजन भएकाहरुको हकमा बढीमा १ पटक स्तरवृद्वी गर्न सक्नेमा कुन कुन कर्मचारीको गत विगतमा परामर्श नलिई र यस पटक गरी दुई तहमा स्तरवृद्वी तह वृद्वि गरी खर्च लेखेको नियमसम्मत देखिएन ।साथै साविक अधिकृत छैंटौ तहका कर्मचारीले एक तहमुनीको कासमुलतिन वर्ष भनि लोकसेवाले परामर्श दिएकोमा २ तह वृद्धी गरेको नियमसम्मत रहेको देखिएन । पालिकाले कर्मचारीहरुको स्तरवृद्धि गर्दा कर्मचारीहरुको सेवाको शर्त सम्वन्धी कानुन, स्तरवृद्धि गर्दा अपनाउनुपर्ने सर्वमान्य सिद्धान्त तथा निजामती सेवा ऐन बमोजिम निर्माण भएको प्रदेश कानुन बमोजिम स्तरवृद्धि नगरेको र समायोजनपछि परामर्श नलिई साविक जिविसका कर्मचारीको साविकको पदमा एक तहमात्र तहबृद्वी गर्न मिल्नेमा दुई तह वृद्वि गरेकोमा ऐनको दफा १५९मा ऐन प्रारम्भ हुन भन्दा पहिले प्रचलित कानुन वा स्थानीय तहले कानुन निर्माण गरी गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भनिएकाले स्तरवृद्वी गरेको पालिकाले जनाएको छ । पालिकाले स्तरवृद्वी गरेको नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ४,७७,२०३ |

४४ **कार्यालय सामान खरिद तथा प्रयोग:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद आवश्यकता पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरि खरिद योजना तयार गर्ने तथा खरिद लागत तयार गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेत २२३११ को खर्च शिर्षक मसलन्द तथा कार्यालय सामाग्रीमा यस वर्ष रु.३० लाख बजेट व्यवस्था गरी रु.१८ लाख ७२ हजार खर्च गरेको देखियो । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः

क)भौचर नं.१२९७र ९४० बाट सालघारी इन्टरप्राइजेज प्रा. लिलाई रु.१३ लाख १६ हजार भुक्तानी गरी A4 साईज कम्प्युटर पेपर ३०० रिम, नेपाली कागज , पिस, ग्लुस्टिक, हार्पिक र फिनेल लगायत खरिद गरेकोमा सामानको स्पेसिफिकेशन खुले/ नखुलेको, स्पेसिफिकेशन अनुसार भए नभएको यकिन नगरेको, धेरै मात्रामा खरिद भएको, प्रायोजन खुलेको, गुणस्तर यकिन गरेको पाइएन,

**ख)आम्दानी, निकासा र मौज्दात:** पालिकाले खरिद गरीएका सामान खर्च भएर जाने खातामा दाखिला गरी विभिन्न आईटमहरु फोटोकपी पेपर ९०० रिम मा ९००रिम, डटपेन ४४९८मा ४४९८, मायाको चिनो १०, रजिष्ट्रर ५५० पिस खरिद गरिएकोमा ५५० पिस, ग्लुस्टिक १३२०मा १३२०, व्याग १३७ मा ३५ खर्च भई १०२, गाम्छा ४८०, ग्याँस सिलिन्डर सहित सेट ४९३, त्रिपाल ४३२, एलपि ग्याँस २११, पाइलट पेन निकासा गरेपनि यथार्थ रुपमा निकासा नगरेको, आर्थिक वर्षको अन्तिम दिनमा अप्रत्यासित संख्यामा खरिद गरिएका सामान खर्च जनाएको पाइएन, १२ वडामात्र रहेको पालिकामा ९००रिम फोटोकपि खरिद गरिएकोमा खर्च भएको देखिएन र गत वर्ष असारमा खरिद गरिएका फोटोकपि पेपरको अवस्था नखुलाएको फोटोकपि पेपर, स्कुल व्याग र रजिष्ट्रर लगायत सामानहरुको खरिद अवस्था, सामानको परिमाण र खपतको अवस्था नखुलाएकाले मितव्यायी रहेको भन्न सकिने स्थिति रहेन ।

४५ **लघु उद्यम विकास कार्यक्रम:**

लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु. १० लाख ६० हजार विनियोजन भएकोमा रु.१० लाख ५७ हजार खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:

४५.१ **कार्यक्रम बाँडफाँड**- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसुची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। । पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकासको लागि तालिम शीर्षक, सिप विकास तालिम, प्रविधि हस्तान्तरण कार्यक्रमको लागि कुल जम्मा रु १० लाख ५७ हजार कार्यक्रममा बजेट खर्च गरेको देखिन्छ।निर्देशिकाले तोकेनुसार सबै चरणको कार्यक्रम गर्नु पर्ने देखिन्छ।

४५.२ **हस्तकला सामाग्री बनाउने तालिमः-** गरिबि निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(२) बमोजिम तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गर्न सकिनेछ । उपदफा ४ बमोजिम शाखाले उपदफा २ बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्रि वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्रि कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी पठाउँदा पनि बिक्रि नभएमा वितरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । गरिबि निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम अर्न्तगत २८ जना महिलाको लागि १५ दिने मकैको खोष्टाबाट हस्तकाला सामाग्री बनाउने तालिमको लागि रु.१,९७,१८५/- खर्च लेखेको छ । उत्पादित कुनै पनि सामान बिक्रि नभएको तथा उक्त उत्पादित सामान स्टोर दाखिला गरेको छैन। निर्देशिका बमोजिमको प्रकृया पुरा नगर्ने जिम्मेवार पादाधिकारीलाई जिम्मेवार बनाई पालिकाले उत्पादित सामान तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

४५.३ **सिलाई कटाई तालिमः**- गरिबि निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २८(२) बमोजिम कार्यालयले दफा २७ बमोजिम उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आबद्ध गरी आवश्यकता अनुसारको छोटो, मध्यम वा लामो अवधिको सीप विकास तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.२५१- २०८२।०२।२७ बाट रु.३,८६,६७८।- सिलाई कटाई तालिममा खर्च लेखेको छ । पालिकाले उक्त तालिम सञ्चालन गर्दा दफा २७ बमोजिम उद्यमशिलता तालिम लाएकाबाट दफा २५ बमोजिम समुह छनौट गरी सम्भाव्य लद्यु उद्यमीको समूहलाई उद्यमशीलता विकास सम्बन्धी तालिम दिएकोलाई छनौट गर्नुपर्नेमा सो प्रमाणीत गर्ने विवरण समवेश गरेको छैन । साथै उक्त तालिमको प्रशिक्षकको योग्यताको प्रमाणपत्र संलग्न गरेको देखिदैन । जसबाट प्रशिक्षकको विज्ञता, तालिमको प्रभावकारीता सुनिश्चित हुने अवस्था नदेखिएकोले कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी सिप विकास तालिम सञ्चालन गर्नुपर्दछ

४५.४ **प्रविधि हस्तान्तरणः**- गरिबी निवारणको लागि लद्युउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम प्रविधि हस्तान्तरणमा २० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । पालिकाले १४ वटा सिलाईकटाई मेशिन रु. १६३५००/- मा खरिद गरी गरेकोमा पालिकाबाट रु. १४००००। लाभग्राहीबाट २० प्रतिशत अनुदान रु. ३२३६०। लागत सहभागी गराई हस्तान्तरण गरेको देखिन्छ। Industrial overlook sewing machine completed set ७ थान र Industrial sewing machine peako set ७ थान गरी कुल १४ थान ११ जना लाभग्राहीलाई हस्तान्तरण गरेकोमा सो उपयोगको अवस्थाको सम्बन्धमा पालिकाले अनुगमन गरेको छैन। पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रमको लाभ लागत विश्लेषणको आधारमा पालिका र लाभग्राहीको जिवस्तरमा भएको प्रभावकारीता मापन गरी सो को आधारमा अनुदानको निरन्तरता गर्नुपर्दछ। समुहले प्रयोग तथा सञ्चालन गर्ने कार्यविधि बनाई उपयोग भएको सुनिश्चित हुनुपर्दछ ।

४५.५ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी उद्यमशिलताको विकास सम्बन्धी ८ दिने तालिमबाट ३० जना सहभागी भएका, उद्यम व्यवसाय सञ्चालन गर्न सहयोग पुर्‍याउने र नयाँ लघु उद्यमी सृजना गर्ने उद्ध्येका साथ उद्यमशिलता विकास तालिम प्राप्तकाबाट ३२ जनालाई सिलाई कटाइ सम्बन्धि सिपमुलक तालिम प्रदान भएको र पालिका भित्रका २८ जना महिलाहरुको स्तरवृद्धिको लागि १५ दिने खोष्टाबाट हस्तकलाको सामाग्री तयार गर्ने तालिम प्रदान गरेको भएतापनि लाभग्राहीको छनौटको आधार स्पष्ट पारेको छैन। साथै अनुगमन गरी कार्यक्रमको उपलब्धीको मुल्याङ्कन गरेको छैन।लाभग्राहीहरुको अभिलेख तथा जिविकोपार्जनको लागि व्यवसाय संचालन गरेको अभिलेख gesimis.moics.gov.np सिस्टममा अद्याविध गरेको छैन। पालिकाले सिप विकास तालिममा उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले निर्देशिकामा भएको व्यवस्था पालना भएको छैन। पालिकाले निर्देशिकामा भएको व्यबस्था अनुसार नियिमत अनुगमन अनुमगन गरी यस्ता विषयमा सुधार गर्नुपर्दछ ।

४६ **सवारी साधन वा अन्य सम्पत्ती मर्मत:**

नेपालको सरकारी लेखा फारम (म.ले.प.फारम) ४१४ मा मर्मत आवेदन तथा आदेश फारम ४१४ क मा मर्मत सम्पन्न फारम तथा ४१५ मा मर्मत अभिलेख खाता फारमको व्यवस्था गरेको छ । कुनै सवारी साधन वा अन्य सम्पत्ती मर्मत गर्नुपूर्व मर्मत आवेदन तथा आदेश फारम भरी यसभन्दा अघि भएको मर्मत खर्च, बजेटको उपलब्धता विश्लेषण गरि स्विकृत गराएर मात्र मर्मत आदेश दिनुपर्ने र स्वीकृत भएपछि सो बमोजिम भएको मर्मत कार्यको जाँच गरी भुक्तानी गर्न तथा मर्मत खर्च अभिलेख राख्न मर्मत सम्पन्न फारम भर्नुपर्दछ । मर्मत सम्पन्न भएका सम्पत्तीहरुको अभिलेख मर्मत सम्पन्न फारम अनुसार छुट्टाछुट्टै राख्नु पर्दछ । पालिकाले यस वर्ष २९ मोटरसाइकल, गाडी १ र जेनेरेटर २ सवारीसाधन मर्मत खर्च मेसिनरी तथा औजार मर्मत तथा संम्भार तथा संचालन खर्च शिर्षक २२२२१मा रु.१ करोड ४ लाख ९९ हजार खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः

क)भौचर नं.१८२३ बाट गाडी मर्मतमा रु.४ लाख २४ हजार एस के टेडिङ्ग एण्ड सप्लायर्सलाई मर्मत खर्च भुक्तानी गरेकोमा मर्मत गर्ने सम्पत्ती पहिचान गरी मर्मतको कारण खुलाउनुपर्नेमा नखुलाएको, अभिलेखमा सम्पत्तीको छुट्टाछुट्टै अभिलेख नराखेको, सम्पत्तीको इन्जिन नं., सम्पत्तीको स्पेसिफिकेशन, मर्मत आवेदनकर्ताको नाम, यस अगाडी गरिएको मर्मत मिति लगायतका विषयहरु समावेश गरी भुक्तानी गरेको पाइएन,

ख) भौचर नं.७६६बाट आर के ट्रेडिङ्ग एण्ड सप्लायर्स र रुची ट्रेड एण्ड इन्टरप्राइजेजलाइ रु.४ लाख २४ हजार,भौचर नं.१२५९ बाट न्यू कार फेशन सेन्टर लाई रु. २लाख ४० हजार भुक्तानी गरेकोमा मर्मत गर्नुपूर्व मर्मत आदेश मलेप फारम नं.४१४ मर्मत पश्चात भर्नुपर्ने म.ले.प.फारम नं. ४१४ क तथा मर्मत सम्पन्न पश्चात अभिलेख राख्नुपर्नेमा सो राखेको, मर्मत अभिलेख राख्नुपर्ने सम्पत्तीको इन्जिन नं., मर्मत गर्ने सम्पत्तीको स्पेशिफिकेशन, मर्मत आवेदनकर्ताको नाम, यस अगाडी गरिएको मर्मत मिति लगायतका विषयहरु समावेश गरेको पाइएन,

ग)पालिकाले सवारीसाधन मर्मत खर्च शिर्षक २२२१३मा सवारी साधन मर्मतको खर्च लेख्नुपर्नेमा मेसिनरी औजार मर्मत सम्भार र संचालन खर्च लेखेकोमा नियमसम्मत रहेको पाइएन,

कार्यालयको सम्पत्ती नै मर्मत गरेको/नगरेको, आर्थिक वर्षको अन्तमा खरिद भएर पुन आर्थिक वर्षको सुरुवातमा खरिद नभएको, वास्तविक मर्मत भएको/नभएको, सम्पत्तीको समयमा मर्मत गरी प्रभावकारी प्रयोगमा ल्याएको/नल्याएको, मर्मत सम्पन्न भएपश्चात मर्मत कार्यको जाँच गरी भुक्तानी भएको/नभएको जस्ता पक्षहरु स्पष्ट भई खर्च प्रभावकारी भएको छ भन्न सकिने अवस्था पाइएन । नेपालको सरकारी लेखा फारम बमोजिम मर्मत आवेदन तथा आदेश फारम ४१४, मर्मत सम्पन्न फारम ४१४क र मर्मत अभिलेख फारम ४१५ नगरी कार्यालय बाहेकका निजी सवारी साधन समेत मर्मत गरेको खर्च सोधभर्ना गर्ने कार्यलाई सुधार गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **विविध खर्च**

विविध र वडा संचालन खर्च:यस आर्थिक वर्षमा विविध खर्च (वडा संचालन समेत) रु.१ करोड ५ हजार खर्च भएकोमा आन्तरिक आय रु.८ करोड ८८ लाख ५४ हजार (११.२६ प्रतिशत) देखिन्छ । यसमा देखिएका व्यहोरा निम्न छन:

**विगत तिन वर्षको विविध खर्चको अवस्था:** पालिका र वडाको खाना तथा विविध खर्च निम्न अनुसार रहेको छ:

| कार्यक्रमको नाम | रकम |
|---|---|
| विविध खर्च पालिका तथा वडा कार्याय **२०७९ / ०८०** | १०९२६२४०.२८ |
| विविध खर्च पालिका तथा वडा कार्याय **२०८० / ०८१** | ९४६००८३.६९ |
| विविध खर्च पालिका तथा वडा कार्याय **२०८१ / ०८२** | १०२९४७११.५१ |

आर्थिक वर्ष २०७९।८० मा १ करोड ९ लाख खर्च भएकोमा २०८०।८१ मा ९४ लाख ६० हजार र आर्थिक वर्ष २०८१।८२ मा १ करोड २ लाख खर्च गरेको छ । पालिकाको विविध खर्च गत आव भन्दा घटेपनि भुक्तानी दिन बाँकी समेत रहेकोले यथार्थ यकिन गर्न सकिएन । पालिकाले मितव्यायी तरिकाले प्रायोजन खुलाएरमात्र विविध खर्च गर्नुपर्दछ ।

४७.१ **वडा संचालन र विविध खर्च:** यस वर्ष वडा संचालन खर्च बापत विभिन्न शीर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री, मर्मत तथा सम्भार र विविध जस्ता शिर्षकमा प्रति वडा प्रति महिना रु.३० हजारका दरले २७ वडामा रु.७० लाख ७२ हजार खर्च गरेकोमा विभिन्न कर्मचारीहरुले बील पेश गरेकै आधारमा उनीहरुको नाममा भुक्तानी गरेको, खरिद मसलन्द सामग्रीहरु जिन्सी दाखिला नगरेको, वडाहरुमा शीर्षक अनुसार बजेट विनियोजन नगरी एकमुष्ट विविध, वडा संचालन जस्ता शीर्षकबाट गर्ने गरेको, कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्यांकन गर्न सकिएन । वडा कार्यालय सञ्चालनमा स्पष्ट मापदण्ड बेगर अधिकांश खाना, खाजा, चिया, नास्ता, पानी र ईन्धन लगायतका खर्च गरेको, इन्धन खर्चको लगबुक विवरण

नभएको, खर्चमा एकरुपता नभएको, एक काममा दोहोरो खर्च हुन सक्ने देखिन्छ । पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना, खरिदको एकमुष्ट अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट गर्ने र सामग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ ।

| मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|
| ०७/२८ | ३४८ | अमन कुमार ठुङ्गाना सहित २३ जनाको २०८१ श्रावणदेखी कार्तिकसम्म र गत आ.ब.को वडा संचालन र विविध खर्च | १२८२६०० |
| ०९/२३ | ६०० | वडा नं. १ देखी २७ वडाहरुमा अनलाइन राजश्व संकलन प्रणाली मार्फत कार्य गरे वापत राजेन्द्र साह सहित २७ जनाको विविध खर्च भुक्तानी | ४७१००० |
| ११/२६ | ९२२ | चन्द्रिका प्रसाद यादव सहित ७ जनाको भुक्तानी | ४१३००० |
| ११/१५ | ८०५ | मनोज यादव सहित ७ जनाको वडा संचालन | ३५७९१० |
| ०९/०२ | ४८३ | राजिव यादव सहित ५ | ३५४९५३ |
| ११/१८ | ८११ | राजिव यादव सहित ६ | ३१८८८० |
| ११/२८ | ९४६ | राजेश ठाकुर सहित १० | २५८००० |
| ११/२७ | ९२५ | रामजि मण्डल सहित ५ | २३३००० |
| ०३/२३ | १८८४ | गायत्री साह सहित ८ | २२७००० |
| ०३/२३ | १९०३ | भरत साह सहित ८ | १६४३६५ |
| ०८/१६ | ३९४ | भरत साह सहित ६ | १२१९२० |
| | | जम्मा | ४२०२६२८ |

४७.२ **पालिका विविध खर्च:** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७६ (चौथौ संशोधन) अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकमा रु.१०५०००००।बजेट व्यवस्था गरेकोमा रु.१०००५५४०.५१ खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको सङख्यामा लन्च वक्स, खाजा, पानी, कफि, नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको देखियो । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यसका केहि उदाहरणहरु देहायानुसार छ

भौचर नं.२१,५७,७२७,८१२मा केशर स्वीटस ६१४४११९५३लाई विभिन्न खाजा खर्च रु.६७९२२९, भौचर नं.१५९,२८७,८८०,१०३६,१७३५,१९०३ मा रु.३२८५८७।, भौचर नं.१६८,७१६ र २००२ बाट कलैया भान्सा घर ६०५४९२८९९ लाई रु.३१३५६३।र भौचर नं.१४९,२८३ बाट नवल होटल लाइ रु.२५२१४३ भुक्तानी गरेकोमा अधिकांश विलमा खर्च शिर्षक अनुसार खर्च पुष्टि हुने प्रमाण र प्रायोजन संलग्न राखेको पाइएन,

४८ **फोहोर संकलन खर्च**

उप-महानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनको योजना बनाएको छैन, संकलनको लागि ल्याण्डफिल्ड साइटको व्यवस्था गरेको छैन पालिका क्षेत्र भित्र संकलन हुने फोहोरको बर्गिकरण गरेको पाइएन। सरसफाई तथा फोहर संकलन व्यवस्थापनको लागि गत वर्ष ९७ जना कुचिकार १० थान ट्याक्टर भाडामा समेत १४ थान ट्याक्टर खर्च र ईन्धन खर्च समेत वार्षिक रु.३,७५,१९,१०६।- फोहर मैला व्यवस्थापन खर्च लेखेकोमा यस वर्ष ११७ प्रतिशत थप भई रु ४४१७१०२४।०५ खर्च गरेको छ । पालिकाले फोहरमैला संकलन वापत फोहर व्यवस्थापन शुल्क तथा राजश्व संकलन गर्ने गरेको छैन । फोहोर संकलन तथा व्यवस्थापन योजना तयार गरी फोहर व्यवस्थापन शुल्क संकलन तथा संकलित फोहर प्रशोधन गरी फोहर व्यवस्थापन हुने खर्चलाई प्राप्त हुने रकमबाट आय व्यवस्थापन गर्ने तर्फ ध्यान नदिई प्रत्येक वर्ष खर्चमा बृद्धि हुनेगरि खर्च गरेको नियमसम्मत नदेखिएकोले न्यून खर्चबाट बढी प्रतिफल लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| खर्च शिर्षक | संख्या | गत वर्षको खर्च रकम | संख्या | यस वर्षको खर्च रकम | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| सरसफाई कर्मीको तलव | ९७ जना स्वीपर ४ चालक | २६५२९८०६ | ११७ जना स्वीपर ४ चालक | ३,४२,०३,००१.२५ | १२९ |
| ट्याक्टर भाडा | भाडामा १० र कार्यालयको ४ समेत जम्मा १४ | ५१८५६५० | भाडामा १० र कार्यालयको ४ समेत जम्मा १४ | ६,३०,५१२.८० | १२१ |
| ईन्धन खर्च (सरसफाई प्रयोजनको लागि) | ३८६९१ लिटर डिजल | ५८०३६५० | ६०२४२ लिटर डिजल | ९३,३७,५१०.०० | १६० |
| कुल जम्मा | | ३७५१९१०६ | | ४४१७१०२४।०५ | १३६ प्रतिशत |

४९ **कन्टिजेन्सी खर्च:**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची - १ अनुसार हुने उल्लेख छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्नें व्यवस्था रहेको छ । सार्बजनिक खरिद नियमावली, २०६४ अनुसार जून निर्माण कार्यको लागि कन्टन्जेन्सी खर्चको व्यवस्था गरेको हो सोही कार्यमा वर्क चार्ज र अन्य खर्चमा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्दछ । पालिकाले आयोजनागत र खर्चको प्रकृति अनुसार खुल्ने गरी कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्नेमा सो अनुसारको खाता राखेको देखिएन ।पालिकाले योजनामा भएको जम्मा खर्च रकमको १.५ प्रतिशत प्राविधिक विजकमा उल्लेख गरी सोही बमोजिमको रकम कट्टा गरी आन्तरिक राजस्व खातामा जम्मा गरेको छ । यस वर्ष उक्त कन्टिजेन्सी खर्च रु ४६१५०८९।२८ कट्टी गरी आन्तरिक राजस्व खातामा जम्मा गरेको देखियो । यसरी खर्चको प्रकृति अनुसार कन्टिन्जेन्सी खर्च खुल्ने गरी अभिलेख नराखी आन्तरिक आय खातामा जम्मा गरी आम्दानी देखाएको भएतापनि उक्त रकम खरिद कानुनमा भएको व्यवस्था बमोजिम खर्च नभई अन्य शिर्षकमा खर्च हुने गरेको देखिन्छ । कन्टिजेन्सी खाता व्यवस्था गरी कट्टा गरेको रकम तोकिएकै शिर्षकमा खर्च गरी बाँकी रहेको रकम आन्तरिक आयमा आम्दानी देखाउनुपर्दछ ।

५० **सम्झौता कार्यान्वयन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता अन्त्य गर्न सकिने अवस्थाहरुको व्यवस्था गरेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्य कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्यस्विकार प्रतिवेदन तयार गर्न सकिने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम खरिद सम्झौता अन्त्य नगरी कृष्ण मन्दिर भन्दा दक्षिण पन्नाबागको बाटो र नाला मर्मत वडा नं. ४ को कार्य निर्माण व्यवसायी नारायण कन्ष्ट्रक्सनसँग भ्याट सहित रु ६३५२७९३। को सम्झौता भएकोमा २९.६२ प्रतिशत न्यून रु ४४७१०००। कार्य भएकोमा कार्यस्विकार प्रतिवेदन जारी गरेको देखियो । सार्वजनिक खरिद नियमावलीको नियम १२८ मा निर्माण व्यवसायिले खरिद सम्झौता उल्लङ्घन गरेमा सार्वजनिक निकायले त्रुटिपूर्ण कार्य अस्विकार गर्ने, समयमा कार्य सम्पन्न हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ती प्राप्त गर्ने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने व्यस्था बमोजिम पालिकाले नगरेको देखिएको रु

| अनियमित भएको | ४४,७१,००० |
| --- | --- |

५१ **टाउन हल निर्माण KSMC/NCB/01-080/81**

पालिका र निर्माण व्यवसायी तामाकोशी साहारा जे.भि. २०८१।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०८०।८।२२ मा भ्याट र पिएस सहित रु ४९५७७७९८।मा सम्झौता गरेकोमा देखिएका व्यहोराहरु देहायानुसार छनः

५१.१ **कार्य प्रगतीः** उक्त निर्माण कार्यको हालसम्म (छैठौ रनिङ विल) सम्म भ्याट र पिएस सहित रु ४४९७३७४७। भुक्तानी भएको छ । उक्त भवनको स्ट्रक्चरको कार्य सम्पन्न भई फिनिसिङको कार्य बाँकी रहेको छ ।

**म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न अधिक प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा सोही नियममा उल्लेख छ । तामाकोशी साहारा जे.भी. ले मिति २०८१।२।८ मा वर्षा तथा राष्ट्रिय चाडपर्वको कारणले समयमा कार्य गर्न नसकेको उल्लेख गरी म्याद थपको लागि निवेदन दिएकोमा १३ औ नगरसभाले मिति २०८१।३।२४ सम्म पहिलो पटक म्याद थप गरेको देखियो । उक्त अवधिमा कार्य सम्पन्न नभई दोश्रो पटक कार्यपालिकाको निर्णय बमोजिम २०८१।११।३० सम्म र तेश्रो पटक वर्षा, गढीमाई मेला, सामान उपलब्ध नभएको उल्लेख गरी निर्माण व्यवसायीले म्याद थप निवेदन दिएकोमा कार्यपालिकाको बैठक नं. २४ बाट २०८३।४।३१ सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीले म्याद थप गर्नुपर्ने उल्लेख गरेका कारणहरुले निर्माण अवधि थप गर्नुपर्ने कारण र निजले अनुरोध गरेका कारणको अभिलेख पालिकाले राखेको छैन । सभाबाट म्याद थप भए पश्चात सभाभन्दा तल्लो इकाइ कार्यपालिकाबाट २ पटक म्याद थप गर्ने कानुनी व्यवस्था भएको देखिदैन । सार्वजनिक खरिद नियमावलीको नियम १२१ र ठेक्का सम्झौतामा ढिला गरी कार्य गर्नेलाई पूर्व निर्धारित क्षतिपूर्तीको व्यवस्था भएकोले सो आकर्षित गरी कार्य गराउनुपर्नेमा सो गरेको देखिएन । लेखापरीक्षण अवधि मिति २०८२।९। २१ सम्म उक्त निर्माण कार्य सम्पन्न भएको छैन ।

**अद्यावधिक कार्यतालिकाः** SCC को GCC 34.3 मा The period between program updates is 15 days. The amount to be withheld for late submission of an updated program is Rs. 50000 . सो ब्यवस्था बमोजिम हालसम्म छैठौ रनिङ विल भुक्तानी भैसकेको अवस्थामा अद्यावधिक कार्यतालिका पेश भएको देखिएन । पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप गर्दा निर्धारित अवधिको संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्नेमा म्याद थप गर्दा सो गरेको देखिएन । अद्यावधिक कार्यतालिका पेश नगर्दा पनि हालसम्मको भुक्तानीबाट रु ३०००००। रोक्का गरेको देखिएन । सम्झौताको शर्तानुसार नभएको देखिएको रु

| अनियमित भएको | ३,००,००० |
| --- | --- |

५१.२ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । यस्तो जमानतको मान्य अवधि सम्झौतामा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा उल्लेख छ । उपरोक्त निर्माण कार्यको कार्यसम्पादन जमानत रु ३७४५०००। को जमानत अवधि २०८३।७।३० सम्म रहेको देखियो । तेस्रो म्याद थपले निर्माण अवधि २०८३।४।३१ सम्म रहेकोले उक्त जमानत मिति २०८४।५।३० सम्म हुनुपर्नेमा सो भएको देखिएन । कानुन बमोजिम कार्यसम्पादन जमानत थप गर्नुपर्दछ ।

**विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११२ मा निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने र यस्तो विमाको अवधि त्रुटि सच्याउने अवधिसम्म हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि पिएस आइटमबाट विमा वापत रु २१३०९९। भुक्तानी भएकोमा विमा सम्वन्धि कागजात पेश भएन । कानुनले निर्धारण गरेको अवधिसम्मको विमा भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१३,०९९ |

५२ **प्रशासकीय भवन निर्माण KSMC/NCB/13-078/79**

प्रशासकीय भवन निर्माणको लागि पालिका र निर्माण व्यवसायि चौधरी कन्ष्ट्रक्सन प्रा लि बिच २०८१।२।३० मा सम्पन्न गर्ने गरी मिति २०७९।१२।३१ मा भ्याट र पिएस बाहेक रु ९१२९४८८२।मा सम्झौता गरेकोमा देखिएका व्यहोराहरु देहायानुसार छनः

५२.१ **कार्य प्रगतीः** उक्त निर्माण कार्यको हालसम्म (पाचौ रनिङ विल) सम्म भ्याट र पिएस सहित रु ५०९६३८६०। भुक्तानी भएको छ । उक्त भवनको स्ट्रक्चरको कार्य सम्पन्न भई फिनिसिङको कार्य बाँकी रहेको छ ।

**म्याद थपः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न अधिक प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा सोही नियममा उल्लेख छ । चौधरी कन्ष्ट्रक्सन प्रा लि ले मिति २०८१।२।२० मा वर्षा तथा राष्ट्रिय चाडपर्वको कारणले समयमा कार्य गर्न नसकेको उल्लेख गरी म्याद थपको लागि निवेदन दिएकोमा १३ औ नगरसभाले मिति २०८१।९।३० सम्म पहिलो पटक म्याद थप गरेको देखियो । उक्त अवधिमा कार्य सम्पन्न नभई दोश्रो पटक कार्यपालिकाको निर्णय बमोजिम २०८२।२।३० सम्म र तेश्रो पटक वर्षा, गढीमाई मेला, सामान उपलब्ध नभएको उल्लेख गरी निर्माण व्यवसायीले म्याद थप निवेदन दिएकोमा कार्यपालिकाको बैठक नं. २४ बाट २०८२।७।३० सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीले म्याद थप गर्नुपर्ने उल्लेख गरेका कारणहरुले निर्माण अवधि थप गर्नुपर्ने कारण र निजले अनुरोध गरेका कारणको अभिलेख पालिकाले राखेको छैन । सभाबाट म्याद थप भए पश्चात सभाभन्दा तल्लो इकाइ कार्यपालिकाबाट २ पटक म्याद थप गर्ने कानुनी व्यवस्था भएको देखिदैन । सार्वजनिक खरिद नियमावलीको नियम १२१ र ठेक्का सम्झौतामा ढिला गरी कार्य गर्नेलाई पूर्व निर्धारित क्षतिपूर्तीको व्यवस्था भएकोले सो आकर्षित गरी कार्य गराउनुपर्नेमा सो गरेको देखिएन । लेखापरीक्षण अवधि मिति २०८२।९।२१ सम्म उक्त निर्माण कार्य सम्पन्न भएको छैन ।

**बैंक जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । यस्तो जमानतको मान्य अवधि सम्झौतामा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा उल्लेख छ । उपरोक्त निर्माण कार्यको कार्यसम्पादन जमानत रु ७५०५०००। को जमानत अवधि २०८३।३।३० सम्म रहेको देखियो । तेस्रो म्याद थपले निर्माण अवधि २०८२।७।३० सम्म रहेकोले उक्त जमानत मिति २०८३।८।३० सम्म हुनुपर्नेमा सो भएको देखिएन । कानुन बमोजिम कार्यसम्पादन जमानत थप गर्नुपर्दछ ।

**अद्यावधिक कार्यतालिकाः** SCC को GCC 34.3 मा The period between program updates is 15 days. The amount o be withheld for late submission of an updated program is Rs. 50000. सो ब्यवस्था बमोजिम हालसम्म पाचौ रनिङ विल भुक्तानी भैसकेको अवस्थामा अद्यावधिक कार्यतालिका पेश भएको देखिएन । पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप गर्दा निर्धारित अवधिको संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्नेमा म्याद थप गर्दा सो गरेको देखिएन । अद्यावधिक कार्यतालिका पेश नगर्दा पनि हालसम्मको भुक्तानीबाट रु २५००००। रोक्का गरेको देखिएन ।सम्झौताको शर्तानुसार नभएको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

५२.२ **थप खर्चः** सम्झौताको विओक्युको पिएसको आइटम नं. २ मा Provision of Laboratory Test as required.. को लागि रु २२३०७८। व्यवस्था भएकोमा पालिकाले Structural assessment work को लागि कोटेशन मार्फत न्यू जेनेरेशन इन्जिनियरिङ कन्सल्टेन्सीलाई भ्याट सहित रु १९७७५०। पालिकाको पूजिगत खर्च शिर्षको भौचर नं. ३-०८२।३।२५ बाट भुक्तानी गरेको छ ।

सम्झौताको विओक्युमा भएको प्रावधान बमोजिम नगराई वाह्यबाट गराउनु सम्झौता विपरीत पालिकालाई थप व्ययभार परेको देखिएकोले सो रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु

**विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११२ मा निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने र यस्तो विमाको अवधि त्रुटि सच्याउने अवधिसम्म हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको विमाको अवधि २०८४।३।२२ सम्म रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९७,७५० |

५२.३ **पेश्की कट्टीः** सम्झौताको SCC को GCC 57.3 मा पेश्की जमानत लिई २० प्रतिशत पेश्की दिने र यस्तो पेश्की सम्झौता अंकको ३० प्रतिशत भन्दा बढी भुक्तानी भएमा ४० प्रतिशतको दरले कट्टा गरी काम सक्नुपर्ने अवधिको ८० प्रतिशत अवधि व्यतित हुदा सम्म सम्पूर्ण पेश्की कट्टा गर्नुपर्ने उल्लेख छ । निर्माण कार्यको अन्तिम म्याद थप २०८२।७।३० सम्म रहेकोमा हालसम्म पेश्की रु २५०००००। बाँकी रहेको देखियो । सम्झौताको शर्तानुसार निर्माण कार्यको ८० अवधिमा पेश्की कट्टा नगरी निर्माण व्यवसायीलाई फाइदा हुने गरी कट्टा गर्नुपर्ने पेश्की रकम भुक्तानी दिनु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

५३ **भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । नारायण कन्ष्ट्रक्सनलाई गत वर्षको भुक्तानी भएको भौचर नं. १०६३-०८२।३।२५ बाट निर्माण व्यसायिले पेश गरेको विजक रु १९२८०७६। रहेकोमा भौचरबाट रु २०१८२७३। भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु ९०१९६। असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,१९६ |

५४ **कम कार्यको कार्यस्विकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्य कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले सम्झौता बमोजिम कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले परिक्षण गरेका देहायका निर्माण कार्य सम्झौता भन्दा १५ देखि ५० प्रतिशत न्युन कार्य हुदा पनि कार्यस्विकार/कार्यसम्पन्न प्रतिवेदन जारी गरेको देखियो । ठेक्का सम्झौता BOQ अनुसार सबै कार्य पूरा गर्ने सर्तमा आधारित हुने भएकाले यस्तो अवस्थामा सम्झौताको पूर्ण कार्यान्वियन भएको देखिदैन । कम दरका कार्य बाँकी रहदा कुल लागत बढ्न गई पालिकालाई अनावश्यक आर्थिक भार पर्ने हुन्छ। प्राविधिक दृष्टिले पनि कम दरका कार्यहरू तत्कालीन र दीर्घकालीन गुणस्तरसँग सम्बन्धित हुने भएकाले ती नगर्दा परियोजनाको उपयोगिता र टिकाउपनमा नकारात्मक असर पर्न सक्छ। पालिकाले उक्त कार्य गर्नु पुन ठेक्का आवह्वान गर्नुपर्ने भएकोले थप जनशक्ती, लागत, समय लाग्ने हुन्छ । यस्तो अवस्थामा कार्यालयले भुक्तानी रोक्का वा कटौती गर्न सक्ने, र अवस्था गम्भीर भएमा ठेकेदारमाथि जरिवाना, ठेक्का रद्द वा अन्य कानुनी कारबाही समेत हुनसक्ने सार्वजनिक खरिद ऐनमा व्यवस्था भएपनि पालिकाले सो कार्य गरेको देखिएन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

| विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता रकम भ्याट सहित | कार्यसम्पन्न रकम भ्याट सहित | प्रतिशत कम |
|---|---|---|---|---|
| कृषि विद्युतिकरण कार्य वडा नं. १ देखि २० | मनतोष ब्रदर्स जे . भी | ७५८१९२३ | ६४२५६०१ | १५ |
| कृषि वजार पूर्वाधार निर्माण फेज २ | रितेश कन्ष्ट्रक्सन | ४४९७६४५ | २५६७३३४ | ४३ |
| कृष्ण मन्दिर भन्दा दक्षिण पन्नावागको बाटो र नाला मर्मत कार्य | नारायण कन्ष्ट्रक्सन | ५६२१९४० | ३९५६६३७ | ३० |
| अधुरो वेतनिया मन्दिर निर्माण | अधुरो वेतनिया मन्दिर निर्माण उस | ७१७६८८ | ३५६२७३ | ५० |
| धर्मनगरमा मस्जिद देखि जनजाती भवन र जोगिन्द्र पासवानको घर... | नाला र बाटो ढलान उस | ४१०३४०१ | २९३२९४३ | २९ |

## ५५ सम्झौता कार्यान्वयन

५५.१ कलैया नगरपालिका र वारा उद्योग वाणिज्य संघ, कलैयाविच साविक कलैया नगरपालिका वडा नं. ९ स्थित कृषि उपज बजार संकलन केन्द्र संचालन गरी आय आर्जन व्यवस्थित गर्न भएको सम्झौताको बुदा नं. ४ मा ठेक्काबाट प्राप्त हुन आउने रकममा प्रथम पक्षले ६० प्रतिशत र दोश्रो पक्ष उद्योग बाणिज्य संघ बाराले ४० प्रतिशत रकम प्राप्त गर्ने उल्लेख भए बमोजिम २०७३ साल देखि हालसम्म बाडफाड हुदै आएको देखियो । आर्थिक वर्ष २०७२/७३ मा भएको सम्झौताको बुदा नं. ५ मा कृषि बजारको पूर्वाधार विकास सम्वन्धी योजना कार्यान्वियन गर्दा पालिकाले ७५ प्रतिशत र उद्योग वाणिज्य संघले २५ प्रतिशत खर्च व्यहोर्ने उल्लेख छ । उक्त कृषि उपज बजार संकलन केन्द्रमा पूर्वधार विकास सम्वन्धीत कार्यको लागि निर्माण व्यवसायी सोनुमोनु कन्ष्ट्रक्सनसँग ठेक्का नं. KSM/NCB/03/081/82 बाट भ्याट सहित रु ८०४८५४८। को सम्झौता गरी हालसम्म भ्याट सहित रु ६७०९५५७। भुक्तानी गरेको छ । पालिकाले उद्योग वाणिज्य संघ बारासँग भएको सम्झौताको बुदा नं. ५ बमोजिम हालसम्म भुक्तानीको २५ प्रतिशतले हुने रु १६७७३९०। प्राप्त गरेको देखिएन । सम्झौताको शर्तानुसार उद्योग वाणिजय संघ बाराबाट असुल गर्नेपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७७,३९० |

५५.२ (78-2082-03-22):
साविक कलैया नगरपालिका वडा नं. ९ र हाल कलैया उपमहानगरपालिका वडा नं. ६ मा रहेको कृषि उपज बजार संकलन केन्द्रको माछा तथा मासु भण्डारण गर्ने कार्यको लागि नेपकुल इण्ड्रष्ट्रिज प्रा लिबाट चिस्यान उपकरण खरिदको लागि रु ९९६७००। भुक्तानी दिएको देखियो । यस वर्षको लेखापरीक्षण अवधि पौष मसान्तसम्म उक्त मेशिन जडान भई चालु अवस्थामा रहेको देखिएन । पालिकाले कार्यविधि तयार नभएको कारण उक्त मेशिन संचालन गर्न नसकिएको जनाएको छ । कार्यविधि तयार नगरी संचालन सुनिश्चित नभई आर्थिक वर्षको अन्तमा बजेट सकाउनको लागि मात्र खरिद गर्नु उपयुक्त देखिएन । साथै पालिका र उद्योग वाणिज्य संघविच भएको सम्झौताको बुदा नं. ५ अनुसार पूजिगत खर्चको २५ प्रतिशतले हुने रु २४९१७५। उद्योग वाणिज्य संघ बाराबाट प्राप्त गर्नुपर्नेमा सो गरेको नदेखिएकोले सम्झौता अनुसार प्राप्त गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४९,१७५ |

## ५६ नक्सा पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (घ) मा पालिका क्षेत्रभित्रको भवन निर्माण सम्वन्धी मापदण्ड बनाउने, नक्सा पास गर्ने, अनुगमन गर्ने र कारवाही गर्ने अधिकार पालिकामा रहेको छ । पालिकाले यस वर्ष देहायका भवन निर्माण कार्य ठेक्का तथा उपभोक्ता समितिबाट गराएकोमा नक्सा पास गरेको देखिएन ।यसबाट भूकम्प प्रतिरोधी मापदण्ड नजाचिने भएकोले संरचना कमजोर हुन सक्ने, भूकम्प, आगलागी वा अन्य आपतकालीन अवस्थामा भवन असुरक्षित हुने, प्रकाश/हावाको व्यवस्था र पहुँचमा मापदण्ड नपुगेको हुन सक्ने, ड्रेनेज, विद्युत्, खानेपानी, सरसफाइ, वर्षा पानीको निकास जस्ता विषयहरु निमिलेको हुने र पछि सुधार गर्न

अत्यधिक लागत र संरचनात्मक क्षति हुने सम्भावना रही भवनको दीर्घायु, सञ्चालन सुरक्षा र सार्वजनिक प्रयोगका लागि विश्वसनीयतामा प्रभावित हुन्छ । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम भवनको नक्सा स्विकृत गरेर निर्माण कार्य गराउनुपर्दछ ।

| क्र स | निर्माण कार्यको विवरण | खरिद विधि | लागत अनुमान भ्याट सहित |
|---|---|---|---|
| 1 | Construction of townhall work Phase III | ठेक्का | १३०२३३८१ |
| 2 | 4 Room RCC Building construction work with attached toilet | ठेक्का | ९८८४६७८ |
| 3 | श्री ने रा मा विद्यालय, मटिअर्वामा Four Room RCC School Building construction | ठेक्का | ९८८४६७८ |
| 4 | श्री ने रा आवासिय विद्यालय, रामपुरमा Four Room RCC School Building construction | ठेक्का | ९८८४६७८ |
| 5 | Construction of the Administrative Building of Kalaiya Sub Metropolitian Municipality | ठेक्का | १४४१५५८०० |
| 6 | कार्यालय भवन निर्माण वडा नं. १३ | उपभोक्ता समिति | २५९२६३० |
| 7 | वडा कार्यालय कोठा थप्ने कार्य वडा नं. २६ | उपभोक्ता समिति | १५५४११४ |
| 8 | अधुरो स्वास्थ्य भवन निर्माण वडा नं. १३ | उपभोक्ता समिति | २५९२५८७ |
| 9 | वडा कार्यालय भवन निर्माण वडा नं. ४ | उपभोक्ता समिति | २५९१९४४ |
| | जम्मा | | १९६१६४४९० |

## ५७ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खरिद कार्य संचालन गर्दा सम्झौताको शर्त र अवधी भित्र पुरा गर्ने गरी मितव्ययी र प्रभावकारी रुपवाट गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयारी र ठेक्का सम्झौता सम्बन्धी कार्य प्रथम चौमासिकमा गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष देहाय अनुसार ११ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा सम्झौता भएको छैन ।

कार्यालयबाट प्राप्त बिवरण अनुसार चालु वर्ष ठेक्का सम्झौता भएका रु ११ करोड ७३ लाख १३ हजारका ११ ठेक्कामध्ये प्रथम त्रैमासिकमा सम्झौता र दोस्रो त्रैमासिकमा नभएको, तेस्रो त्रैमासिकमा रु ४ करोड ८४ लाख १४ हजार ६ ठेक्का, अन्तिम त्रैमासिकमा रु २ करोड ६८ लाख ५२ हजारका ५ ठेक्का सम्झौता भएका छन् । कुल सम्झौतामध्ये ४ वटा सम्पन्न हुन बाँकी छन । सार्वजनिक खरिद ऐन नियम र निर्माण व्यवसायीसंग भएको सम्झौता वमोजिम समयमै निर्माण कार्य सम्पन्न हुनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५८ ठेक्का प्रतिस्पर्धा

सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा लागत अनुमान यथार्थपरक हुने गरी तयार गर्नुपर्ने, अस्वभाविक रुपमा घटेको आइटमको बिशेष मुल्याङ्कन गर्नुपर्ने र निर्माण कार्यको गुणस्तर नियन्त्रण गर्नुपर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिकाले इ-बिडिङ्गको माध्यमबाट बोलपत्र आह्वान गरेका ११ वटा ठेक्का सम्झौता भएका छन् । कार्यालयले भवन, सडक, बाटो नाला निर्माण, कृषि विद्युतिकरण लगायतका निर्माणको लागि यो बर्ष रु ११ करोड ७३ लाख १३ हजारको लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा २ देखि ७ वटा सम्म बोलपत्र दर्ता भएको र लागत अनुमानभन्दा देहाय अनुसार २२.२६ प्रतिशत देखि ४५.२३ प्रतिशतसम्म घटीमा ठेक्का सम्झौता भएको देखियो । यस बर्ष भएका ठेक्का सम्झौता देहाय अनुसार रहेका छन् ।

| सि.नं. | बिबरण | लागत अनुमान भ्याट र पिएस सहित रु | संझौता रकम भ्याट र पिएस सहित रु | घटी प्रतिशत | बोलपत्र संख्या | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Construction of town hall work phase03(KSMC/NCB/WORKS/4-2081/082) | १३०२३३८२ | ८७११७० | ३३.११ | २ | २७४१६७८ | रनिङ् |
| २ | Construction of Krishi Bajar Purwadhar nirman (Kalaiya sadarmukha) KSMC/NCB/WORKS/03-2081/082) | १४५०५०३४ | ७९४४९९२ | ४५.२३ | ६ | ५७५०२२८ | सम्पन्न |
| ३ | Chhatiya pokhari park costruction work, ward no.7 (KSMC/NCB/WORKS/02-081/082) | २१८५७१८९ | १३४८५१९७ | ३८.३० | ६ | ११०५२४४१ | सम्पन्न |
| ४ | 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom At Shree Ne.Ra.Namuna.Ma.Vi.Kalaiya W N 1 (KSMC/NCB/WORKS-07-081/082) | ९८८४६७९ | ६३२११९९ | ३६.०५ | २ | ४३८७८५८ | रनिङ् |
| ५ | श्री ने रा मा विधालय, मटिअर्वामा 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom कार्य | ९८८४६७९ | ५९७०६५२ | ३९.६० | ३ | २८२५४७१ | रनिङ् |
| ६ | श्री ने रा अवासिये विधालय, बिजुलपुर, रामपुरमा 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom कार्य | ९८८४६७९ | ५९८११४६ | ३९.४९ | ४ | ३७४०५०९ | रनिङ् |
| ७ | कृषि बजार पूर्वाधार निर्माण (कलैया सदरमुकाम) 2nd Phase (KSMC/NCB/WORKS-08-081/082) | ७३९११०० | ४४९७६४६ | ३९.१५ | ४ | २२७१९७७ | सम्पन्न |
| ८ | Barewa Chhatiya pokhari park costruction work, (F/Y 2081/082 part 2KSMC/NCB/WORKS-10-081/082) | ७४२५८८२ | ४६३८६०२ | ३७.५३ | ४ | ३९९३३७६ | सम्पन्न |
| ९ | कृष्ण मंदिर भन्दा दक्षिण पन्नाबागको बाटो र नाला मर्मत कार्य वार्ड द्वं.4 (Road Maintenance work) KSMC/NCB/WORKS-09-081/82) | ८६१७५५० | ६४६३६३७ | २४.९९ | ३ | ३९५६६३८ | सम्पन्न |
| १० | 1 देखि 27 वटै वडाहरुमा कृषि विधुतिकरण कार्य (कलैया उप.महा.नपा) (KSMC/NCB/WORKS-11-081/82) कार्य | १०९८७१४९ | ८५४१७७१ | २२.२६ | ७ | ७६३७८४२ | सम्पन्न |
| ११ | वडाहरुमा कृषि विधुतिकरण कार्य | ३८५१८१८ | २७१०७९० | २९.६२ | २ | २३८८७६९ | सम्पन्न |
| | जम्मा | ११७३१३१४० | ७५२६६८०२ | | | ५०७४६७८८ | |

माथि उल्लिखित ११ ठेक्काहरुमध्ये ६ ठेक्का तेस्रो त्रैमासिकमा र ५ अन्तिम त्रैमासिकमा भएका र ती ठेक्काहरु लागत अनुमानको तुलनामा २२.२६ प्रतिशतदेखि ४५.२३ प्रतिशतसम्म घटेको देखिन्छ । सबै ठेक्का २०८२ जेठ मसान्तमाभित्र सम्पन्न गर्ने रहेकोमा ४ ठेक्का सम्पन्न भएको छैन । उल्लिखित ठेक्काहरुको लागत अनुमान कन्टिन्जेन्सी र मु.अ.कर सहित पेश भएकोले सोही आधारमा ठेक्काको तुलना गरिएको छ । जस्ले गर्दा लागत अनुमानको तुलनामा सम्झौता रकम बढी प्रतिशतले घटेको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको मुल्य बारा जिल्लाको दररेटलाई आधार लिएको छ भने विद्युतीय सामग्री र अन्य केही वस्तुको लागि पर्सा र छिमेकी जिल्लाको दररेटलाई आधार लिई ढुवानी थप गरी मुल्य कायम गरेको र स्थानीय निर्माण सामग्रीको दररेट सम्बन्धित जिल्लाको दररेटलाई आधार लिएको छ । पालिकाले दररेट तयार गर्दा मोटर पम्प अन्य जिल्लाको दरभन्दा बढी भएकोमा सोही अनुसार लिएको छ भने इँटाको गाह्रो लगाउने कार्यमा प्रति घनमिटर ५३० र केहीमा ५६० राखि दररेट तयार गरेको छ । भवन निर्माण गर्दा गाह्रोमा ठुलो साइजको इँटा प्रति घनमिटर ५३० गोटा भन्दा कम लाग्ने गरी छिमेकी जिल्लाहरुमा दररेट तयार गरेको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा यथार्थपरक हुनेगरी तयार गर्नुपर्दछ ।

५९ **म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । नियमको व्यवस्था अनुसार निर्माण व्यवसायीले काबु बाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भन्ने ठोस आधार प्रमाण बेगर कार्यालय प्रमुखले पूर्बनिर्धारित क्षतिपूर्ति समेत नलिई म्याद थप गरेका छन् । लेखापरीक्षण क्रममा उपलब्ध गराएको म्याद थपको विवरण निम्नानुसार छः

| क्र स | योजनाको नाम | कार्य सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पटक | अन्तिम म्याद थप मिति कहिले सम्म |
|---|---|---|---|---|
| १ | Construction of town hall work phase03(KSMC/NCB/WORKS/4-2081/082) | 2082 जेष्ठ मसान्त | २ पटक | २०८२ कार्तिक मसान्त |
| २ | Construction of Krishi Bajar Purwadhar nirman (Kalaiya sadarmukha) KSMC/NCB/WORKS/03-2081/082) | 2082 जेष्ठ मसान्त | १ पटक | २०८२ असार २३ |
| ३ | Chhatiya pokhari park costruction work, ward no.7 (KSMC/NCB/WORKS/02-081/082) | 2082 जेष्ठ मसान्त | २ पटक | २०८२ कार्तिक मसान्त |
| ४ | 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom At Shree Ne.Ra.Namuna.Ma.Vi.Kalaiya W N 1 (KSMC/NCB/WORKS-07-081/082) | 2082 जेष्ठ मसान्त | २ पटक | २०८२ कार्तिक मसान्त |
| ५ | श्री ने रा मा विधालय, मटिअर्वामा 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom कार्य | 2082 जेष्ठ मसान्त | २ पटक | २०८२ कार्तिक मसान्त |
| ६ | श्री ने रा आवासिय विधालय, बिजुलपुर, रामपुरमा 4 Room RCC School Building Construction Work With Attach Toilet/ Bathroom कार्य | 2082 जेष्ठ मसान्त | २ पटक | २०८२ कार्तिक मसान्त |
| ७ | कृषि बजार पूर्वाधार निर्माण (कलैया सदरमुकाम) 2nd Phase (KSMC/NCB/WORKS-08-081/082) | ६६५५५ | १ पटक | २०८२ असार २० सम्म |
| ८ | Barewa Chhatiya pokhari park costruction work,(F/Y 2081/082 part 2KSMC/NCB/WORKS-10-081/082) | ६६५५५ | १ पटक | २०८२ असार २० सम्म |

माथी उल्लेखित तालिका बमोजिम कुल 11 ठेक्काको म्याद थप भएकोमा ३ वटाको ५१ देखि १०० प्रतिशतसम्म र ५ वटाको शुरु अवधिको शतप्रतिशतभन्दा वढी अवधि म्याद थप भएको छ । उल्लेखित विवरण अनुसारको म्याद थप शुरुमा निर्माण व्यवसायीले बन्द हड्ताल, वर्षा, कामदारको अभाव, निर्माण सामग्रीको अभाव, स्थानीयबाट अवरोध जस्ता कारण देखाई कार्यपालिकाको निर्णय, सभाको निर्णय तथा प्रमुख प्रशासकिय अधिकृतबाट म्याद थप हुने गरेको छ । कामको लागत अनुमान बनाउँदा नै कामको प्रकृति र कार्यबोझलाई ध्यानमा राखी अवधि किटान गरी सम्झौता गर्ने तर निर्माण व्यवसायीले कार्यतालिका अनुसार सम्झौता अवधिभित्रै निर्माण कार्य सम्पन्न गर्ने गरेका छैनन् । पटक पटक म्याद थप भएपनि धेरै ठेक्काहरु लामो समयसम्म सम्पन्न नभई अधुरो रहेका छन् । प्राविधिक पुष्ट्याई र ठोस आधारमा मात्र म्याद थप गर्नुपर्ने र निर्माण व्यवसायीको ढिलाइको कारणले म्याद थप गर्नु पर्दा सम्झौता अनुसार पूर्वनिधारित क्षतिपुर्ति लिनुपर्दछ ।

६० **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा सार्वजनिक निर्माण व्यवसायीसँग खरिद संझौता भएका निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कार्य नगरेमा निजलाई विभिन्न कारबाही गर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताका शर्तमा समेत उक्त व्यहोरा उल्लेख छ । पालिकाले आ.व २०७८।७९ देखी आ.व २०८१।८२

सम्म ३ महिना देखी ३२ महिना अवधी भित्र कार्यसम्पन्न गर्ने गरी खरिद सम्झौता गरेका देहाय अनुसारका ठेक्का कार्यसम्पन्न नभई यो वर्ष सम्म अधुरै रहेको पाइयो । पालिका अन्तरगतका आ.व २०७८।७९ देखी आ.व २०८१।८२ सम्म खरिद व्यवस्थापन भई निर्माण कार्य सम्पन्न हुन नसकेका ठेक्काको विवरण देहाय अनुसार छ ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Park planning and beautification of Ram janaki Temple (phase-3) | श्री भगवान निर्माण सेवा | 2080/07/01 | 2082/10/30 | २५२८७९३ | 25.0% | साईट किलियर नभएको |
| २ | वडा नं ५ मूल बाटो देखी पश्चिम हुदै कलैया उ.म.न.पा कार्यालय हुदै मनकामना स्कुल सम्म र शाखा बाटो नाला निर्माण कार्य | एन एन कन्सट्रक्सन | 2078/12/22 | 2081/08/30 | ३०८२६८० | 50% | कार्यपालिकाबाट २०८१/08/30 सम्म म्याद थप |
| ३ | वडा नं ८ मा हेल्थ पोष्ट निर्माण | भारती बिल्डर्स मदन जयसवाल | 2081/08/02 | 2082/10/30 | ० | ० | बजेटको अभाव र साईट किलियर नभएको |

उपरोक्त ठेक्का मध्ये वडा नं. ८ मा हेल्थ पोष्ट निर्माणको ठेक्का अवधि ३ महिना रहेकोमा साइट क्लियर नभएको तथा बजेट अभावका कारण कार्यसुरुवात हुन नसकेको छ भने वडा नं. ५ मूल बाटो देखी पश्चिम हुदै कलैया उ.म.न.पा कार्यालय हुदै मनकामना स्कुल सम्म र शाखा बाटो नाला निर्माण कार्यको पटक पटक म्याद थप भई ३२ महिना अवधि रहेकोमा निर्माण व्यवासयिबाट हालसम्म ५० प्रतिशत कार्य भएको छ । त्यसैगरी रामजानकी मन्दिर फेज ३ को कार्य म्याद थप सहित २०८२ माघसम्म रहेकोमा हालसम्म २५ प्रतिशत मात्र कार्य भएको छ । पालिकाले साइट क्लियर नभएको कारण प्रगती नभएको उल्लेख गरेको छ । पालिकाले साइट क्लियर नभएको अवस्था ठेक्का व्यवस्थापन नगर्नुपर्नेमा गरेको देखियो । साइट क्लियर गरी निर्माण कार्य समयमा सक्न पालिकाले पहल गर्नुपर्दछ ।

६१ **ईटाको दर विश्लेषण**

निर्माण सम्बन्धी स्वीकृत नर्म्स अनुसार सिमेण्ट र बालुवाको १:४ जोडाइ भएको इटाको गाह्रो लगाउने कार्यमा प्रति घ.मी. गाह्रो लगाउन लम्बाई २२४ एमएम, चौडाई १०८ एमएम र उचाई ५७ एम.एम. साइजको इटा ५६० गोटा लाग्ने र इटाको साइज, आकार घटी बढी भएमा सोही अनुपातमा इटाको परिमाण घटी बढी हुने गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले सबै इटाको निर्माण कार्य गर्दा केहिमा ५६० गोटा र केहीमा ५३० गोटा ईँटा लाग्ने गरी बारा जिल्लाको जिल्ला दररेट अनुसार मुल्य राखी दरबिश्लेषण गरेको छ । तराई क्षेत्रमा उत्पादन गरेको ईँटाको साइज ठुलो भएकोले अन्य पालिकाले प्रशासकिय भवन निर्माण, हेल्थ पोष्ट निर्माण, १५ सैया अस्पताल निर्माणको लागत अनुमानमा तयार गर्दा प्रति घनमिटर गाह्रोमा ४४० गोटा र माध्यमिक बिद्यालयको भवन निर्माणको परामर्शदाताबाट लागत अनुमान तयार गर्दा प्रति घनमिटर ४६० वटा मात्र ईँटा लाग्ने गरी दरबिश्लेषण गरेको देखियो । ती सबै भवन निर्माणको लागत अनुमान परामर्शदाताबाट ईँटाको साइज नापजाँच गरी सँख्या यकिन गरेको देखिन्छ । ईँटाको साइज र मुल्य समान रहेपनि उस्तै कामको लागि ईँटाको संख्या बढी राखी दरबिश्लेषण गरी लागत अनुमान तयार गरेकोले बढी व्ययभार परेको देखिन्छ । नमूना छनौट गरी परीक्षण गरिएका देहायका ५ वटा उपभोक्ता समितिबाट भएको कार्य र ३ वटा कोटेशनबाट भएको निर्माण कार्यमा ३७४ घनमिटर ईँटाको गाह्रोको लागि २६२०० वटा इटा वढी दिएको छ । उक्त परिमाणको इटाको जिल्ला दररेट अनुसार रु १४ प्रतिगोटाको दरले हुने रु ३६६८०४। बढी व्ययभार परेको देखियो । लागत अनुमान तयार गर्दा उपलब्ध हुने वस्तुको आकार प्रकृती अनुसार फरक दर तय गरी मितव्ययी बनाउनुपर्दछ ।

| निर्माण कार्य | ईँटाको गाह्रो (घ.मि.) | प्रयोग भएको ईँटा | लाग्ने ईँटा गोटा | फरक ईँटा गोटा | ल.ई. दर रु. | फरक ईँटाको हुने रकम |
|---|---|---|---|---|---|---|
| उपभोक्ता समितिबाट कार्य भएको बिवरण | | | | | | |
| ने.रा.आ,बि..बर्वामा भवन निर्माण कार्य,कलैया २७ | ५०.०२ | २६५११ | २३००९ | ३५०१ | १४ | ४९०२० |
| वडा कार्यालय भवन निर्माण ,वार्ड न. ४ | ५.२३ | २७७२ | २४०६ | ३६६ | १४ | ५१२५ |
| वार्ड न.१३ को वडा कार्यालय भवन निर्माण | ३७.९५ | २०११४ | १७४५७ | २६५७ | १४ | ३७१९१ |
| कृषि बजार पुर्बधार निर्माण कार्य | १४४.८२ | ७६७५५ | ६६६१७ | १०१३७ | १४ | १४१९२४ |
| गंगापुरमा धर्मशाला निर्माण निर्माण कार्य | ३०.९५ | १६४०४ | १४२३७ | २१६७ | १४ | ३०३३१ |
| कोटेसनबाट कार्य भएको बिवरण | | | | | | |
| सागर्दिना ब्रहमबाबा मंदिरको पर्खाल निर्माण तथा टोलमा अन्य निर्माण कार्य | २१.५९ | ११४४३ | ९९३१ | १५११ | १४ | २११५८ |
| खम्वा टोलमा रहेको छठीघाटको आधुरो बाउनड्री वाल निर्माण कार्य | २४.९७ | १३२३४ | ११४८६ | १७४८ | १४ | २४४७१ |
| टेंग्रहर टोल र लोदिया टोलकोनाला मर्मत र स्लब ढलान कार्य | ५८.७६ | ३११४३ | २७०३० | ४११३ | १४ | ५७५८५ |
| जम्मा | ३७४.२९ | १९८३७४ | १७२१७३ | २६२०० | | ३६६८०४ |

## ६२ पालिका जनशक्तीबाट हुने कार्यक्रम

यस पालिकाको महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखामा २ जना कर्मचारी रहेको देखियो । आर्थिक वर्ष २०८१/८२ मा यस शाखाबाट अपाङ्गता परिचय पत्र वितरण कार्यका लागि स्थानीय समन्वय समितिको मासिक बैठक सञ्चालन, लैङ्गिक हिँसा विरुद्ध १६ दिने अभियान कार्यक्रम संचालन र २ वटा अन्य कार्यक्रममा सहभागी भएको देखियो । पालिकाले कार्यालयमा जनशक्ती अभाव देखिई एनजिओ र अन्य संस्थाहरुबाट महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, शिक्षा शाखा तथा सामाजिक विकास शाखाबाट गर्न सक्ने देहायका कार्यक्रम संचालन गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त शाखाहरुमा कार्यबोझले कार्य नगरेको नभई बाह्य संस्थाहरुबाट कार्य गराएको देखियो । आन्तरिक कर्मचारीले गर्न सक्ने काम बाह्य संस्थाबाट गराउँदा दोहोरो खर्चको अवस्था सिर्जना भई पालिकाको आर्थिक भार अनावश्यक रूपमा बढ्न जान्छ। स्पष्ट आवश्यकता, प्राविधिक जटिलता वा जनशक्ति अभाव प्रमाणित नभई बाह्य संस्थाबाट काम गराउदा स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्था विपरीत हुन्छ । यस्तो अभ्यासले पालिकामा कार्यरत कर्मचारीको सीप, अनुभव र कार्यक्षमता विकास हुन नदिई संस्थागत क्षमता कमजोर हुनगई दीर्घकालमा बाह्य संस्थामै निर्भर हुने अवस्था सिर्जना हुन सक्गदछ ।साथै, कामको गुणस्तर, उत्तरदायित्व र जवाफदेहिता स्पष्ट नहुँदा प्रशासनिक नियन्त्रण कमजोर भई जनप्रतिनिधि तथा प्रशासनप्रति नागरिकको विश्वासमा समेत नकारात्मक असर पर्न सक्ने भएकोले यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

| भौचर मिति | कार्यक्रमको नाम | कार्य गरेको संस्थाको नाम | भुक्तानी रकम रु |
|---|---|---|---|
| २१८-०८१।८।११ | वडा नं. २० मा बाल विवाह जनचेतनामुलक तालिम | द रिलिफ फर ह्युम्यानीटी | ४९८४४३ |
| २१९-०८१।८।११ | वडा नं. ७, १२.. मा बाल विवाह जनचेतनामुलक तालिम | दलित महिला बाल विकास केन्द्र | ४९८४४३ |
| २२२-०८१।८।११ | वडा नं. ७ मा वाल विवाह विरुद्ध अभिमुखिकरण तालिम | सेभ लाइफ फाउण्डेशन | ३९८३२५ |
| २२५-०८१।८।१२ | वडा नं. ९ मा लागु औषध सम्वन्धी जनचेतनामुलक कार्यक्रम | नवज्योती युवा क्लव | ३९८३२५ |
| २०८-०८१।७।२० | वडा नं. ११ मा लागु औषध नियन्त्रण सम्वन्धी कार्यक्रम | ग्रिन पिस नेपाल | ४४८७२३ |
| ३१२-०८१।९।१६ | वडा नं. ११ साइवर अपाराध तथा लागु औषध सम्वन्धी तालिम | केयर मधेश ट्रेनिङ सेन्टर | ४९७६९७ |
| ३९३-०८१।९।१६ | वडा न. १९ वाल विवाह विरुद्ध अभिमुखिकरण तालिम | जनमुखि सेवा नेपाल | ३९६१५८ |
| ३१६-०८१।९।१६ | वडा नं. १२ र १३ मा साइवर अपराध सम्वन्धी जनचेतनामुलक कार्यक्रम | जनचेतना नेपाल | ३९६१५९ |
| ३४८-०८१।९।२२ | वडा नं. १३ मा वाल अधिकार सम्वन्धी जनचेतनामुलक तालिम कार्यक्रम | जनमुखि सेवा नेपाल | ४९७६९७ |
| ३५०-०८१।९।२२ | वडा नं. ७,९,१२,१७ मा बालबालिकाहरुको जनचेतनामुलक कार्यक्रम | महिला तथा समाज सेवा केन्द्र | ४९७६९७ |
| ३७२-०८१।१०।३ | वडा नं. ७, ११, १२ मा नेतृत्व विकास कार्यक्रम | दलित महिला बाल विकास केन्द्र | ४९८३३० |
| | जम्मा | | ५०२५९९७ |

६३ **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने र दफा ८ मा खरिद विधि छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागि देहायका विद्यालयलाई लागत अनुमान सम्झौता वेगर विद्यालयमा वास सुविधा सहितको शौचालय निर्माण/खानेपानीको कार्यको लागि सम्वन्धित विद्यालयको खातामा रकम जम्मा गरेको छ । उक्त कार्यको प्रगती विवरण पालिकामा पेश भएको छैन । विद्यालयको लेखापरीक्षण प्रतिवेदन पनि संलग्न देखिएन । खरिद कानुन बमोजिम कार्य नभएको देखिएको रु

| क्र स | विद्यालयको नाम | बापत | रकम रु. |
|---|---|---|---|
| १ | श्री ने.रा.नमुना मा.वि. कलैया-१ | शौचालय निर्माण | ४५०००० |
| २ | श्री गढीमाई आ.वि., पतौरा कलैया-१८ | शौचालय निर्माण | ४५०००० |
| ३ | श्री राधाकृष्ण आ.वि. सिस्वा कलैया-२६ | शौचालय निर्माण | ४५०००० |
| ४ | श्री ने.रा.आ.वि. मनगढ़वा कलैया-१८ | शौचालय निर्माण | ४५०००० |
| | जम्मा | | १८००००० |

| | |
|---|---|
| अनियमित भएको | १८,००,००० |

६४ **प्रमाण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गरेका देहायका भौचरमा निम्नानुसारका कागजात/प्रमाण पुष्टी हुने विवरण समावेश गरेको नदेखिएकोले देहाया बमोजिम पेश गर्नुपर्ने देखिएको रु

| भौचर नं./मिति | विवरण | रकम रु |
|---|---|---|
| ३०९-०८१। ९।९ | वनिमाई कन्ष्ट्रक्सन एण्ड सप्लायर्सबाट खरिद भएका हैण्डपाइप हेड ७५ थान भ्याट वाहेक रु ३७५०००।, एचडिपिइ पाइप १.५" भ्याट वाहेक रु १७५०००। सहित रु ५५००००। खर्च विवरण पेश भएको देखिएन । खरिद गरेका उक्त सामानहरुको प्रयोग भएको स्थान खुल्ने प्राविधिक विजक पेश गर्नुपर्ने देखिएको रु | ५५०००० |
| ९६५-०८२। ३।२० | पञ्च वर्षिय गढीमाइ मेला संचालन तथा व्यवस्थापनको लागि प्रशासन शाखा प्रमुख सैलेश कुमार महतोले पेश्की फस्र्यौट गर्दा कृषि प्रदर्शनीको लागि संजिता लामिछानेलाई रु ५ लाख बुझाएको भनेतापनि निजको संस्थाले प्राप्त गरेको भरपाई संलग्न नराखेकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु | ५००००० |
| ४४०-०८१। ११।८ | ३५५ वटा ५० वाटका सडक वत्ती जडान कार्यको लागि रिसभ कन्ष्ट्रक्सनलाई भुक्तानी दिएकोमा स्थान खुल्ने प्राविधिक विजक समावेश नगरेकोले कार्यस्थल खुल्ने प्रमाण पेश गर्नुपर्ने देखिएको रु | १०००००० |
| ९८०-०८२। ३।२३ | वडाँ नं. ५ मा विभिन्न टोलमा नाला तथा स्ल्याव निर्माणको लागि यमन कन्ष्ट्रक्सनलाई भुक्तानी गरेकोमा नापी किताव प्राविधक विजक कार्यस्विकार प्रतिवेदन लागयतका प्राविधिक कागजात वेगर भुक्तानी गरेकोले कागजात संलग्न गर्नुपर्ने देखिएको रु | ९६३९०० |
| १०००-०८२। ३।२४ | वडा नं. १६ र २२ मा धारा तथा चापाकल निर्माणको लागि बानी माइ कन्ष्ट्रक्सनलाई भुक्तानी गरेकोमा चापाकल लाभग्राहीको विवरण देखिने गरी पालिकाको वेभसाइटमा नराखेको, कार्यस्थल खुल्ने प्राविधिक विल विजक पेश नभएकोले सो प्रमाण पेश गर्नुपर्ने देखिएको रु | ९४९५७९ |
| १०४१-०८२। ३।२५ | वडा नं. ९ को विभिन्न टोलमा माटो पुरी मर्मत कार्य गरेवापत भुक्तानी भौचरमा कार्यास्थलको चेनेज खुल्ने प्राविधिक नापी किताव समावेश नगरी एकमुष्ठ राखि भुक्तानी गरेको रु | ९९३५०० |
| | जम्मा | ४९५६९७९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,५६,९७९ |

## ६५ संघीय निकाय खर्च

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था गरेको र प्रदेश वा स्थानीय तहले नेपाल सरकारका निकायलाई रकम उपलब्ध गराउने परिकल्पना गरेको छैन । नेपाल सरकारले सालवसाली विनियोजन ऐन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा अन्तर सरकारी अख्यारी सम्वन्धी व्यवस्था गरेको छ । अन्तर सरकारी अख्तियारी कार्यान्वयन गर्दा अख्तियारी दिने निकायको एकाइ कार्यालयको रुपमा आर्थिक कारोबार गर्नपर्ने, आफ्नो संचितकोषमा आम्दानी बाध्न नपाइने, प्रतिवेदनहरु अख्तियारी दिने निकायमा पठाउनु पर्ने, आन्तरिक लेखापरीक्षण अख्तियारी दिने सरकारको निकायले गर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका संघीय निकायलाई निम्नानुसारको कार्यको लागि भुक्तानी गरेको देखियो ।यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

| विवरण | रकम रु |
|---|---|
| बारा जिल्ला अदालत र नापी कार्यालयको पर्खाल निर्माण | ७९२९९० |
| इलाका प्रशासन कार्यालयलाई इलेक्ट्रोनिक्स सामान खरिद | ९७८०० |

## ६६ सवारी साधन खरिद (५६६-2081-12-20):

प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० को दफा २१ सँग सम्वन्धित अनुसुची ६ र ७ मा मुख्यमन्त्री/सभामुख/मन्त्रीस्तर/ उपसभामुखलाई चार पाङ्ग्रे सवारी साधन खरिद गर्दा तोकिएको स्पेशिफिकेशनको आधारमा बढीमा रु १ करोड २० लाख सम्मको खरिद गर्नु सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु ११३४४७००। को १ वटा सवारी साधन खरिद गरेको छ । पालिकाको आन्तरिक आम्दानी रु ८८८५४०२९। रहेकोमा १२.७६ प्रतिशत रकम बराबरको सावरी साधन खरिद गरेको छ । उक्त सवारी साधन आन्तरिक आयबाट नगरी वित्तीय समानीकरण अनुदानबाट खरिद गरेको देखियो । यसैगरी बजेट अभावको कारण यस

वर्ष भुक्तानी दिन बाँकी रु २६५०४३३९०। रहेको अवस्थामा ठूलो मूल्यको सावरीसाधन खरिद गर्नु मितव्ययी नदेखिएकोले सवारी साधन खरिद गर्दा मितव्ययीता अपनाउनुपर्दछ ।

६७ **साना सिँचाई कार्यक्रम** (47-2082-02-15):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराउनु नहुने व्यवस्था छ । पालिकाले संघ सरकारबाट प्राप्त सशर्त अनुदानको रकम साना सिँचाई कार्यक्रम वडा नं. १२ को लागि स्यालो ट्युवेल १२६ थान खरिद गरी जडान गर्न श्री माहा धनलक्ष्मी कृषि सहकारी संस्था लि.सँग लागत अनुमान रु ५५३२३०१। को सम्झौता गरी रु ४७०२४५५। भुक्तानी गरेको देखियो । स्यालो ट्युवेल जडान कार्यमा प्राविधिक जटिलता, विशेष मापन, ड्रिलिङ् गहिराइ, मोटरपम्पको क्षमता, विद्युतीय जोडाइ, परीक्षण तथा दीर्घकालीन दिगोपनासँग सम्बन्धित विषयहरू हुन्छन। यस्ता कामहरू प्राविधिक रूपमा संवेदनशील हुने भएकाले योग्य र अनुभवी ठेकेदार वा प्राविधिक कम्पनीबाट गराउनु सुरक्षित र मापदण्ड अनुरूप हुन जान्छ। उपभोक्ता समितिबाट जडान गराउँदा प्राविधिक परीक्षण, पानीको डिस्चार्ज परीक्षण, केसिङ पाइपको गुणस्तर, ग्राभेल प्याकिङ्, मोटर सेटअप आदिमा जोखिम बढ्न गई भविष्यमा ट्युवेल नचल्ने, पानी ननिस्कने वा स्थायित्व कम हुने समस्या निम्त्याउन सक्छ। पालिकाले उपरोक्त ट्युवेल जडान कार्यको लागि कृषक माग आकृती फारम नभरेको, लाभग्राहीलाई ट्युवेल वितरणको निश्चित मापदण्ड तयार नगरेको, छनौटको स्पष्ट आधार राखि छनौट गरेको प्रमाण संलग्न नरहेको, कृषकको खेतीयोग्य जग्गाको प्रमाण, जडान भएको स्थान खुल्ने प्राविधिक विजक समावेश गरेको देखिदैन । जडान गर्नुपूर्व सो क्षेत्रमा साँच्चै पानी आपूर्ति सम्भव छ कि छैन, कोही दोहोरिएको भए नभएको, निजी लाभका लागि दुरुपयोग भए नभएको भन्ने आधारहरू मूल्यांकन गरेको छैन । जोखिमका दृष्टिले उपभोक्ता समितिबाट यस्ता प्राविधिक काम गराउँदा गुणस्तर कमजोर हुनु, केसिङ गलत हुनाले ट्युवेल चाँडै बिग्रनु, मोटरपम्प क्षमतामै त्रुटि आउनु, लेखाजोखा स्पष्ट नहुनु, सामूहिक स्वामित्वमा विवाद उत्पन्न हुने भएकोले स्यालो ट्युवेल जडान कार्य प्राविधिक मानकअनुसार योग्य ठेकेदारबाट गराउनु नै सुरक्षित र दिगो हुन जान्छ। जोखिमयुक्त कार्य प्राविधिक मानकअनुसार योग्य निर्माण व्यवासयीबाट नगराई सहकारी संस्थाबाट गराउदा हुने जोखिमलाई पालिकाले ध्यान दिएको देखिदैन । बजेट फ्रिज नगराउने उद्धेश्यले आर्थिक वर्षको अन्तमा खर्च गर्दा सार्वजनिक श्रोतको सदुपयोग भएको छ भन्न सकिने अवस्था नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४७,०२,४५५ |

६८ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) र (१क) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने र एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागीताको अंश समेत समावेश हुने उल्लेख छ । पालिकाले कलैया हाट बजार उत्तर तर्फ नयाँ भवन निर्माण तथा सौन्दर्यकरण कार्यको लागि रु ९८६६२९२। लागत अनुमान तयार गर्दा उपभोक्ता अंश १० प्रतिशत रु ८५३४३५। र कन्टिजेन्सी रकम १.५ प्रतिशत रु १३३१९४।समावेश गरेको देखियो । नियमावलीको प्रावधान अनुसार उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागीताको अंश समावेश गर्दा रु १२९०४८६४। हुने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ सँग सम्वन्धित अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा हुने लागत अनुमान रु १२९०४८६४। तयार नगरी १ करोड भन्दा कम लागत रु ९८६६२९२। (भ्याट, ओभरहेड, २.५प्रतिशत कन्टिजेन्सी समावेश नगरी) तयार गरी कार्य गराउनु नियमसम्मत देखिदैन । पालिकाले यस्तै प्रकारले कृषि बजार पूर्वाधार निर्माण वडा नं. १ को कार्यमा लागत अनुमान रु १०९१४८९५। हुनुपर्नेमा रु ८२९६००६। तयार गरी कार्य गराएको देखियो । यस्तो कार्यमा सुधार गरी कानुनको पुर्ण पालना गर्नुपर्दछ ।

६९ **भुक्तानी** (94-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले करारका शर्त बमोजिम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । वडा नं. ८ मा नाला तथा बाटो निर्माण उपभाक्ता समितिलाई प्राविधिक विलमा जम्मा काम भएको रकम रु २८६९३२४। उल्लेख छ । उक्त रकममा उपभोक्ता अंश रु १४३४६६। कट्टा गरी रु

२७२५८५७। भुक्तानी हुनुपर्नेमा रु ३०५३६७७। भुक्तानी भएको देखियो । भुक्तानी दिनुपर्ने रकम भन्दा रु ३२७८२०। बढी भुक्तानी भएको देखिएकोले एकिन गरी असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,८२० |

७० **मन्दिर निर्माण**

मन्दिर निर्माणका लागि वास्तुशास्त्र र शिल्पशास्त्रका मानकहरू तय भएका हुन्छन् । जसअनुसार मन्दिरको दिशा, आकार, मूर्तिको प्रमाण र भूमि शुद्धिको विधि प्रमुख हुने र निर्माणका क्रममा मुख्यतया मन्दिरको मुख पूर्वतर्फ, गर्भगृह सही स्थानमा र शिखरको उचाइ, पवित्रता र टिकाउपनका लागि प्राकृतिक सामग्री (पत्थर, ईंटा, काठ) लाई प्राथमिकता र आध्यात्मिक पक्षमा मूर्ति स्थापनाको मुहूर्त, गर्भाधान संस्कार र नित्य पूजाको व्यवस्था सुनिश्चित गरेको पाइन्छ ।पेश भएका मन्दिर निर्माण भुक्तानीका भौचरमा संलग्न प्राविधिक विल, नापी किताव, खर्च सँग सम्वन्धित विलमा सिमेन्ट रड प्रयोग गरी भित्री संरचना आधुनिक तवरले निर्माण भएतापनि बाहिरी रूप काठका आकृति, परम्परागत छाना, रंग संयोजन, प्राकृतिक सामग्री (पत्थर, ईंटा, काठ) र उपरोक्त परम्परागत नर्म्स ख्याल गरी निर्माण गर्नुपर्नेमा सो गरेको प्राविधिक विजक तथा पेश भएका विल विजक अनुसार देखिएन । यस्तो कार्यमा सुधार गरी तय भएका वास्तुशास्त्र र शिल्पशास्त्रका मानकहरूको आधार लिई निर्माण कार्य गराउनुपर्दछ ।

| भौचर/मिति | विविरण | रकम रु |
|---|---|---|
| २९९-०८१।९।८ | ब्रह्मबाबा मन्दिर निर्माण सन्तोष निर्माण सेवालाई गत वर्षको भुक्तानी गरेकोमा कंक्रिटजन्य कार्यको प्राविधिक विजकमात्र पेश भएको छ । | ९७७७५२ |
| १५-०८१।४।२८ | ब्रहमबाबाको मन्दिर निर्माण कार्य | ८६३२७३ |
| २०२,१०२-०८१।६।१५ | बेलपाती माई मन्दिर निर्माण | १६८४८०५ |
| | जम्मा | ३५२५८३० |

७१ **अधुरो योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगतमा अधुरो रहेको कार्यको सम्पन्न गर्न लागत अनुमान तयार गरी कार्य गरेको छ । परीक्षण गरिएका भौचरमा पिसिसि गर्ने कार्य, माटो खन्ने पूर्ने कार्य, टोर स्टिलको कार्य, प्लाष्टर कार्य जस्ता आईटमहरु समावेश गरेको देखिन्छ । उक्त आइटमहरु तयार गर्दा विगतमा भएको कार्यको प्रमाण आधार (लागत अनुमान, कार्यस्विकार/कार्यसम्पन्न प्रतिवेदन) संलग्न राखेको देखिएन । लेखापरीक्षणको समयमा विगतको भएको कामको विवरण माग गर्दा पेश हुन सकेन । पालिका अन्तर्गतका कृषि सडक, मन्दिर बनाउने, धर्मशाला मस्जिद बनाउने, स्वास्थ्य भवन बनाउने लगायतका कार्यहरु यस जिल्लामा रहेका प्रदेश कार्यालयहरुबाट पनि कार्यान्वियन भैरहेको देखिन्छ । गत विगतमा भएको कार्यको नापी विवरण तथा प्राविधिक अभिलेख संलग्न नराखी कार्य गराउदा दोहोरो हुनसक्ने देखिन्छ । भुक्तानी दिँदा दोहोरो नपर्ने गरी दिएको हो भन्न सकिने विश्वस्त आधार र प्रमाण संलग्न राखेको नदेखिएकोल देहाय बमोजिमका परीक्षण गरेका योजनाहरुको प्राविधिकबाट विगत वर्षमा भएको कार्य परिमाणको नापी तथा हाल भएको कार्यको लागत अनुमान तुलना गरी दोहोरो नपरेको यकिन गरी प्रमाण पेश हुनुपर्ने रु

| भौचर नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २६४-०८१।९।१ | अधुरो वेतनिया मन्दिर निर्माण | ३५६२७३ |
| | जनहित पुस्तकालयको अधुरो भवन निर्माण तथा मर्मत वडा नं. ७ | ४९८६२३ |
| | अधुरो स्वास्थ्य भवन निर्माण कार्य | २१४७०२१ |
| ३३०-०८१।९।१९ | अधुरो कल्भर्ट निर्माण कार्य | ५५८३६६ |
| ४६६-०८१।११।२३ | राम जानकी अधुरो मन्दिर निर्माण | ८९३००३ |
| १०४३-०८२।३।२५ | वडा नं. २२ मा अधुरो धर्मशाला निर्माण | ४५६७९४ |
| | जम्मा | ४९१००८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,१०,०८० |

७२ **धर्मशाला निर्माण**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले देहायानुसारका धर्मशाला निर्माणको कार्यमा रकम भुक्तानी गरेको देखियो । धर्मशालामा व्यवस्थापन संरचना अस्पष्ट हुनु, दर्ता तथा स्वामित्व अभिलेख नहुनु, आर्थिक पारदर्शिता र लेखापरीक्षणको व्यवस्था कमजोर हुनु, स्वच्छता अभाव तथा सामाजिक उद्देश्यभन्दा व्यक्तिगत लाभका लागि दुरुपयोग हुने जोखिमहरु समचार बनेको देखिन्छ । त्यस्तै दान, चन्दा, कोठा शुल्क वा अन्य आम्दानीको औपचारिक लेखाजोखा नहुने तथा समितिहरू असंगठित तरिकाले चल्ने भएकाले नियमन र उत्तरदायित्व दुवै कमजोर रहन्छन्। यी अवस्थामा स्थानीय तहले धर्मशालालाई अनुदान दिनु वा भवन निर्माणमा सहयोग गर्नु समुदायका लागि उपयोगी हुन सक्ने विश्वस्त आधार देखिदैन। पालिकाले वैधानिक दर्ता, स्वामित्व स्पष्टता, सेवा पुस्तिका, नियमित लेखापरीक्षण, सार्वजनिक हितमा प्रयोग हुने सुनिश्चितता, प्राविधिक मूल्यांकन तथा अनुगमन नगरी अनुदान प्रवाह गर्दा राजनीतिक हस्तक्षेप, व्यक्तिगत फाइदा र स्रोत दुरुपयोगको जोखिम बढ्ने भएकाले यस्तो सहयोग स्पष्ट मापदण्डसहित, दर्ता, स्वामित्व स्पष्टता, वार्षिक लेखापरीक्षण विवरणहरु पेश गरेर निर्माण कार्य गराउनुपर्दछ ।

| भौचर/मिति | विविरण | रकम रु |
|---|---|---|
| २८६-०८१।९।३ | गत वर्षको भुक्तानी भएको वडा नं. ११ अधुरो धर्मशाला निर्माण | ६३७८२५ |
| २७७-०८१।९।२ | गत वर्षको भुक्तानी वडा नं. १८ गणतान्त्रिक धर्मशाला निर्माणको लागत अनुमान रु ५४१८१४। रहेकोमा रु३७५२७१। को कार्यसम्पन्न भएको | ३७५२७१ |
| १६३-०८१।७।५ | वडा नं. २४ मा घाट श्रीपुरमा धर्मशाला निर्माण कार्य | ५७६८३३ |
| ४४७-०८१।११।१३ | वडा नं. ३ को गंगापुरमा धर्मशाला निर्माण कार्य | १६७५२२० |
| १०५०-०८२।३।२५ | वडा नं. २७ लहेरा समाजको अधुरो धर्मशाला निर्माण | ९७९७९० |
| | जम्मा | ४२४४९३९ |

| | |
|---|---|
| अनियमित भएको | ४२,४४,९३९ |

७३ **बोरिङ जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराउनु नहुने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका डिप बोरिङ कार्यका लागि उपभोक्ता समितिलाई रु २२३४०२२। भुक्तानी गरेको छ । डिप ट्युवेल जडान कार्यमा प्राविधिक जटिलता, विशेष मापन, ड्रिलिङ् गहिराइ, मोटरपम्पको क्षमता, विद्युतीय जोडाइ, परीक्षण तथा दीर्घकालीन दिगोपनासँग सम्बन्धित विषयहरू हुन्छन। यस्ता कामहरू प्राविधिक रूपमा संवेदनशील हुने भएकाले योग्य र अनुभवी ठेकेदार वा प्राविधिक कम्पनीबाट गराउनु सुरक्षित र मापदण्डअनुरूप हुनजान्छ। उपभोक्ता समितिबाट जडान गराउँदा प्राविधिक परीक्षण, पानीको डिस्चार्ज परीक्षण, केसिङ पाइपको गुणस्तर, ग्राभेल प्याकिङ्, मोटर सेटअप आदिमा जोखिम बढ्न गई भविष्यमा ट्युवेल नचल्ने, पानी ननिस्कने वा स्थायित्व कम हुने समस्या निम्त्याउन सक्छ। पालिकाले उपरोक्त ट्युवेल जडान कार्यको लागि कृषक माग आकृती फारम नभरेको, लाभग्राहीलाई ट्युवेल वितरणको निश्चित मापदण्ड तयार नगरेको, छनौटको स्पष्ट आधार राखि छनौट गरेको प्रमाण संलग्न नरहेको, कृषकको खेतीयोग्य जग्गाको प्रमाण, जडान भएको स्थान खुल्ने प्राविधिक विजक समावेश गरेको देखिदैन । जडान गर्नुपूर्व सो क्षेत्रमा साँच्चै पानी आपूर्ति सम्भव छ कि छैन, कोही दोहोरिएको भए नभएको, निजी लाभका लागि दुरुपयोग भए नभएको भन्ने आधारहरू मूल्यांकन गरेको छैन । जोखिमका दृष्टिले उपभोक्ता समितिबाट यस्ता प्राविधिक काम गराउँदा गुणस्तर कमजोर हुनु, केसिङ गलत हुनाले ट्युवेल चाँडै बिग्रनु, मोटरपम्प क्षमतामै त्रुटि आउनु, लेखाजोखा स्पष्ट नहुनु, सामूहिक स्वामित्वमा विवाद उत्पन्न हुने भएकोले डिप वा स्यालो ट्युवेल जडान कार्य प्राविधिक मानकअनुसार योग्य ठेकेदारबाट गराउनु नै सुरक्षित र दिगो हुन जान्छ। जोखिमयुक्त कार्य प्राविधिक मानकअनुसार योग्य निर्माण व्यवासयीबाट नगराई उपभोक्ता समितिबाट गराउदा हुने जोखिमलाई पालिकाले ध्यान दिएको देखिदैन । लाभग्राही छनौट देखि लाभग्राहीहरुको विवरण पालिकाको वेभसाइट तथा भविष्यमा देख्न सकिने गरी अभिलेखिकरण नगरेकोले उक्त कार्य गर्दा अन्य निकायबाट दोहोरो परेको छैन भन्न सकिने आधार देखिएन । यस्तो कार्यमा सुधार गरी अभिलेख तयार गरी पालिकाको वेभसाइटमा सार्वजनिकिकरण गर्नुपर्दछ ।

| भौचर नं./मिति | विवरण | रकम रु |
|---|---|---|
| ४४९-०८१।११।१५ | डिप वोरीङ जडान कार्य | १३२०३६७ |
| ५५१-०८१।१२।१७ | बोरीङ जडान कार्य | ९१३६५५ |
| | जम्मा | २२३४०२२ |

७४ **सशर्त शिक्षा तर्फः-**

स्थानीय तहमा शिक्षा तर्फको ससर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ अनुसार हुनेगरी शिक्षा तर्फको रु. ४३ करोड ८५ लाख १२ हजार बजेटका कार्यक्रममा रु. ३८ करोड ९६ लाख २३ हजार निकासा भुक्तानी गरेको देखिन्छ। यसमा १७ कार्यक्रम रहेकोमा शिक्षा तर्फ ६ कार्यक्रमहरु पूर्शण रुपमा र ११ कार्यक्रमहरु आंशिक संचालन भएको छ। तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विधालय संचालन तथा व्यवस्थापन अनुदान विद्यालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृति, स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रम संचालन भएकोमा पालिकाले विद्यार्थी सत्यापन, दिवा खाजामा हाजिरी प्रमाणित पेश नगरेको र शिक्षकको अभिलेख अध्यावधिक नगरी विद्यालयमा रकम निकासा गरेकाले यथार्थ खर्च यकिन गर्न सकियन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन।

७४.१ **शिक्षकको अभिलेखः-** कार्यक्रम कार्यान्वयन कार्याविधि,२०८१ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको, शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने, पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्याविधि पुस्तिका २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार त्रैमासिक तलवको माग फारम तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार

निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम कार्यविधि पुस्तिकाको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन ।

७४.२ **विद्यालयगत निकासा रजिष्ट्ररः-** कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्र राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले निकासा रजिष्ट्र र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। यस वर्ष पालिकाले ७१ विद्यालयलाई कुल रु. ३५,९५,९३,७८३।०० निकासा गरेको देखिन्छ।विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्र खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

७४.३ **शिक्षक विद्यार्थी अनुपातः-** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ ।लेखापरीक्षणको अवधिसम्मा पालिका अन्तर्गत रहेको सामुदायिक विद्यायलहरुमा दरबन्दी अनुसारको शिक्षकको पदपुर्ती विवरण माग हुदा पेश भएन। पालिकाले कार्यक्रम कार्यन्वयन कार्यविधिमा तोकिए अनुसारको शिक्षक विद्यार्थी अनुपात यकिन गर्न सकिएन। पालिकाले कार्यविधि अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम राख्नुपर्दछ ।

७४.४ **प्रति विधार्थी लागतः-** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विधार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट | खर्च | विधार्थी संख्या | प्रति विधार्थी लागत |
|---|---|---|---|
| ४३,८५,१२,०००। | ३८,९६,२३,११९। | ३०५८०। | १२७४१। |

यस वर्ष शिक्षा तर्फ रु. ४३ करोड ८५ लाख १२ हजार बजेट व्यवस्था भएकोमा रु.३८ करोड ९६ लाख २३ हजार खर्च भएको देखिन्छ । पालिकाको सामुदायिक विद्यालय तर्फ ७१ विद्यालयमा कुल ३०५८० विद्यार्थी संख्या रहेकोमा प्रति विधार्थी लागत रु.१२७४१।०० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७५ **विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

७५.१ **वुककर्नर र प्रति विधार्थी लागतः-** कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१/८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विधार्थी वालविकास व्यवस्थापन र सिकाई सामाग्रीका लागि रु.५००. कक्षा १ मा नयाँ भर्ना विद्यार्थी पोर्टफोलियो निर्माण रु.१००, बुक कर्नर व्यवस्थापनमा १-५ सम्म रु.१५०, ६-१० सम्म रु.२०० र ११-१२ सम्म रु.२५० का दरले दिन सक्ने र सो रकमवाट विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वयन शैक्षिक सामाग्री व्यवस्थापन, मर्मत संभार, सोलार, ल्याव, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ ।

पालिकाले ६३ विद्यालयलाई वालविकास २७५६ विद्यार्थीलाई रु.१३७८०००।,कक्षा १-५ का १०८०३ को रु.१६,२०,४५०।,६-१० का १०९६९ को रु.२१,९३,८००। र ११-१२ को २२४० को ५,६०,०००। गरी रु.५७,५२,२५०। निकासा गरेको छ । उक्त रकम निर्देशिकाले तोके बमोजिमको सत्यापन प्रमाणित नगरी निकासा गरेकाले यथार्थ अवस्था पहिचान गर्न सकिएन। पालिकाले विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थीको मात्र सत्यापन प्रमाणित गरेको आधारमा मात्र निकासा गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयन कार्यविधिमा भएको व्यवस्था बमोजिम क्रियाकलाप तथा सामाग्रीमा खर्च गरेको रु. ५७,५२,२५०। विल भरपाई र जिन्सी आम्दानी दाखिला, विद्यार्थी सत्यापन प्रमाणित र अनुगमन गरी विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा गर्नुपर्दछ।

७५.२ **शिक्षण सिकाई थप सामाग्री छपाई र वितरणः-** कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विधालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत कक्षा १-३ मा पाठ्यक्रम विकास

केन्द्रबाट विकास भएका भाषा तथा तथा गणित क्षेत्रमा थप सिकाई छपाई तथा वितरण गर्न प्रति विद्यालय वार्षिक तिन हजारका दरले प्रति कक्षा १ सेट स्वअध्ययन सामाग्री छपाई गरी विद्यालयलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ।

यस वर्ष विद्यालयले प्रति विद्यालय रु. ९००० का दरले ७१ विद्यालयलाई ७१ सेट शिक्षण सामाग्री रु.६,३५,६६२।को प्रकाश प्रिन्ट पैक (भ्याट नं.३०१५३२४७५) बाट खरिद गरी भुक्तानी गरेकोमा पालिकाले वितरण गरेको भरपाई श्रेस्तासँग संलग्न गरेको देखिएन। खरिद गरेको सामाग्री सम्वन्धित विद्यालयमा वितरण गरेको भरपाई तथा विद्यालयको जिन्सी आम्दानी बाँधेको जिन्सी दाखिला सहितको प्रमाण पेश गरेर मात्र निकासा दिनुपर्दछ ।

७५.३ **विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन अनुदानः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियन कार्यविधि,२०७६ दफा ५ (क),(ख) र (ग) मा भएको व्यवस्था तथा कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को बूँदा नं. ९.५ (क) अनुसार विद्यालय छनोटको प्रक्रिया पुरा गरी (ग) अनुसार छनोट भएका विद्यालयलाई एकमुष्ट रू.६,५०,००० ICT तथा पुस्तकालय व्यवस्थापन अनुदान उपलब्ध गराउने र उक्त अनुदान लाइब्रेरीका आवश्यक फर्निचरहरू, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरू व्यवस्था गर्न कुल बजेटको २५% सम्म सार्वजनकि खरिद ऐनअनुसार गर्नुपर्ने व्यवस्था छ।

उक्त व्यवस्था बमोजिम पालिकाले देहायाबमोजिमको ४ वटा विद्यालयलाई गो.भौ.नं. ३०५-२०८२।०३।१२ बाट कुल रु. २६,००,०००। अनुदान दिएकोमा खर्च पुष्ट्याई हुने विवरण पेश गरेको छैन। विद्यालयले देहायाबमोजिमको विद्यालयको तालिकामा उल्लिखित प्रयोजन बमोजिमको पुस्तकालय र ICT व्यवस्थापन गरेको प्रमाण, अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | श्री ने.रा.नमुना मा.वि. कलैया-१ | ICT व्यवस्थापन | ६५०००० |
| २ | श्री ने.रा. मा.वि. पत्रहट्टी , भौरा कलैया-१४ | ICT व्यवस्थापन | ६५०००० |
| ३ | श्री ने.रा. मा.वि. बलिरामपुर कलैया-१३ | ICT व्यवस्थापन | ६५०००० |
| ४ | श्री ने.रा. मा.वि. कलैया-६ | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| | कुल | | २६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,००,००० |

७५.४ **शुन्य दरबन्दी भएको सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदानः-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालय शैक्षिक गुस्तर सुदृढीकरण एवं कार्यसम्पानमा आधारीत प्रोत्साहन अनुदानमा शिक्षक दरबन्दी प्राप्त नगरेको विद्यालयलाई एकमुष्ठ अनुदान प्रति विद्यालय रु. १०,००,०००।दिन सकिने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम गो.भौ.नं. ३१७-२०८२।०३।१३ बाट पालिकाले श्री सार्वजनिक आधारभुत विद्यालय निलकण्ठवा कलैया-१० लाई प्रति विद्यालय रु. १० लाख अनुदान निकासा गरेकोमा उक्त अनुदानबाट विद्यालयले २ शिक्षक,१ वालविकास शिक्षक र १ का.स. को लागि कार्यविधि बमोजिम खर्च गर्नुपर्ने देखिन्छ। श्री सार्वजनिक आधारभुत विद्यालय निलकण्ठवा कलैया-१० ले कार्यविधि बमोजिमको शिक्षक तथा कर्मचारी नियुक्ती गरेको भए करारसम्झौतामा उल्लिखित शर्तनामानुसार कार्यप्रगती प्रतिवेदन (हाजिरी), करार सम्झौता र सोको म्याद थप र खर्च पुष्ट्याई हुने विल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

७५.५ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना अनुदानः-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनका लागि विज्ञान विषयको लागि छनौट भएको विद्यालयको लागि १००० जना सम्म विद्यार्थी भए प्रति विद्यालयल ३० लाख कार्यसम्पादनमा आधारित अनुदान सम्बन्धी व्यवस्था छ

। उक्त व्यवस्था बमोजिम पालिकाले आ.व. २०८१।०८२ मा IEMIS को तथ्याङ्क अनुसार ८१० जना विद्यार्थी भएको श्री दुर्गा मा.वि. बरेवा बैरीया, कलैया-७ लाई रु. २०,००,०००। अनुदान एकमुष्ट निकासा गरेकोमा खर्च पुष्ट्याई हुने विवरण पेश गरेको छैन। विद्यालयले कार्यविधि बमोजिम नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना बमोजिम कार्यसम्पादन गरेको प्रमाण, अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

७५.६ **प्राविधिक धार तर्फको विद्यालयलाई शैक्षिक अनुदानः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.७ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा ल्याव असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन तथा व्यवहारीक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५००० अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा पालिकाले कम्प्युटर ईन्जिनियरिङ्ग धारको लागि श्री दुर्गा मा.वि. बरेवा, बेरिया लाई रू.२४,३०,०००, कृषि तथा बाली विज्ञान धारको लागि श्री ने.रा.मा.वि.मनहर्वा लाई रू.१४,७०,००० र पशु विज्ञान धारको लागि श्री ने.रा.मा.वि. सिस्वामहेशपुर लाई रु. ९,३०,०००। गरी जम्मा रू.४८,३०,००० निकासा दिएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

अनुदान प्राप्त विद्यालयले प्राथमिकताको आधारमा देहायबमोजिमको खर्च गर्नुपर्दछ।

क.प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. तृतिय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले ल्याव असिस्टेन्ट नियुक्ती गरेको नियुक्तीपत्र तथा सम्झौताको म्याद थप प्रमाणको देखिएन।

ख.प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवहारिक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका,२०७३, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा गरिएको देवै ढाँचा अर्थात १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यवहारिक अभ्यास गराउने व्यवस्था छ। यसको व्यवस्थापन तपशिलअनुसार गर्नेः

१.विद्यार्थी निर्वाह खर्चः OJT मा सहभागी हुने विद्यार्थीको लागि प्रतिमहिना १ हजारको दरले रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेमा विद्यालयले OJT गराएको पाईएन।

२.आन्तरिक अनुगमन सहजिकरणः सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरणको लागि बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्नुपर्नेमा सो भएको देखिएन।

३.वाह्य अनुगमन मूल्याङ्कनः व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो पनि नभएको, साथै बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा विद्यालयले खर्च गर्नुपर्नेमा विद्यालयले उक्त अनुदानबाट उल्लेखित कुनै पनि काम नगरेको पाइयो।

संघीय सशर्त अनुदानबाट प्रत्येक वर्ष आउने बजेट आर्थिक वर्षको अन्त्यसम्म खर्च नभए सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था अनुसार खर्च भए नभएको यकिन गरी उक्त रकमको देहायका विद्यालयहरूबाट खर्चको विरण सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | प्राविधिक धार | निकासा रकम |
|---|---|---|---|
| १ | श्री दुर्गा मा.वि. बरेवा, बेरिया | कम्प्युटर ईन्जिनियरिङ्ग | २४३०००० |
| २ | श्री ने.रा.मा.वि.मनहर्वा | कृषि तथा बाली विज्ञान | १४७०००० |
| ३ | श्री ने.रा.मा.वि. सिस्वामहेशपुर | पशु विज्ञान | ९३०००० |
| | कुल जम्मा | | ४८३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,३०,००० |

७५.७ **अनुगमन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ । यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्याविधि पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन खर्च लगायतको कार्यको अनुगमन गरी पालिकाले खर्च यथार्थ भए नभएको विस्वस्त हुनुपर्ने देखिन्छ ।

७६ **छात्रवृत्तिः-**

७६.१ कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति र लक्षित समुह छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ।

पालिकाले सत्यापन नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८१ को तथ्याङ्क अनुसार ६६ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले कुल ७६६९ विद्यार्थीलाई रु.३०,६७,६००। अनुदान निकासा गरेको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार विद्यालयगत लक्षित समुह (मुसहर, डोम, दुसाद, माझी, धानुक) विद्यार्थीको पहिचान गरी छात्रवृति वितरण गर्नुपर्नेमा सो नगरेको देखियो। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा नगरेको र वितरण विल भरपाई समेत पुर्ण अध्यावधिक गरेको छैन । पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।

७६.२ **छात्रवृत्ति बढी भुक्तानीः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने, बुँदा नं ४.२ मा उल्लेख भए बमोजिमको छात्रा छात्रवृत्ति कक्षा १-५ सम्म मात्र उपलब्ध गराउनुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गरिएको देहायावमोजिमको विद्यालयलाई पालिकाले सत्यापन प्रमाणित नगरी कक्षा १-५ सम्म छात्रा छात्रवृत्ति वितरण गरेकोमा IEMIS अनुसारको विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी संख्यालाई निकासा गरेकोमा बढी निकासा भएको रकम रु. ९८,४००। सम्बन्धित विद्यालयबाट असुल गरी अन्य विद्यालयको समेत पालिकाले यकिन गरी संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| क्र.स. | विद्यालयको नाम | निकासा भएको | IEMIS विद्यार्थी संख्या | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | श्री ने. रा. प्रा. वि. लक्ष्मिनिया | २७६०० | ५३ | २१२०० | ६४०० |
| २ | श्री लोकतान्त्रिक गणतन्त्र प्रा. वि. | ३०८०० | ६९ | २७६०० | ३२०० |
| ३ | श्री ने. रा. मा. वि. बसतपुर | ११६८०० | २५० | १००००० | १६८०० |
| ४ | श्री ने. रा. प्रा. वि. बैराठपुर | २७६०० | ५५ | २२००० | ५६०० |
| ५ | श्री जनज्योती प्रा.वि. सगरदिना | ४६८०० | ११२ | ४४८०० | २००० |
| ६ | श्री शिव राधिका प्रा. वि. | ४६८०० | ११० | ४४००० | २८०० |
| ७ | श्री ने. रा. मा. वि. धर्मनगर | ७८४०० | १९४ | ७७६०० | ८०० |
| ८ | श्री ने. रा. आ. वि.शित्तलपुर | ५०००० | १०२ | ४०८०० | ९२०० |
| ९ | श्री ने. रा. आ. वि. खमवा | ६६४०० | १५१ | ६०४०० | ६००० |
| १० | श्री ने. रा. प्रा. वि. मझौलिया | ३३६०० | ८२ | ३२८०० | ८०० |
| ११ | श्री जनता मा. वि. भवानीपुर | ६८८०० | १६६ | ६६४०० | २४०० |
| १२ | श्री दुर्गा मा. वि. | १२०८०० | २७० | १०८००० | १२८०० |
| १३ | श्री सरस्वती विद्यामन्दिर प्रा. वि. | ४९६०० | १०५ | ४२००० | ७६०० |
| १४ | श्री ने. रा. मा. वि. मनहर्वा | १०१६०० | २४९ | ९९६०० | २००० |
| १५ | श्री ने. रा. मा. वि. मटिअर्वा | १५४४०० | ३६४ | १४५६०० | ८८०० |
| १६ | श्री ने. रा. नमुना मा. वि. | ५२४०० | ११२ | ४४८०० | ७६०० |
| १७ | श्री ने. रा. आ. वि. उक्तराझटकया | ५७२०० | १३६ | ५४४०० | २८०० |
| १८ | श्री बौदिमाई आ. वि. सिसहनिया | ६५२०० | १६१ | ६४४०० | ८०० |
| | कुल जम्मा | | | | ९८४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,४०० |

७६.३ **प्रमाण पेश गर्नुपेर्नेः**- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS)को २०८१ को तथ्याङ्क अनुसार ६६ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले रु.३०,६७,६००।गैरआवासीय छात्रा छात्रवृत्ति अनुदान निकासा दिएकोमा छात्रवृत्ति वितरणको निर्णय र नामनामेसी सहितको देहायबमोजिमको ६६ विद्यालयको रु.३०६७६००। वितरण भरपाई पेश भएको छैन। खर्च पुष्टी हुने गरी छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई, सत्यापन मार्फत यकिन भएको छात्रवृत्ति पाउने विधार्थीको संख्या र पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ७६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,६७,६०० |

७६.४ **आवासीय छात्रवृत्तिः** - मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२ को क्रियाकलाप नं.७.२.१.१ अनुसार विद्यालयमा आउन जान नसक्ने एवम अध्ययनका लागी डेरा गरि वस्ने वा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने अपाङ्गता भएका वालवालिकाको लागि प्रति विद्यार्थी प्रति महिना रु.५००० का दरले १० महिनाको जम्मा रु.५००००।

विद्यालयलाई अनुदान दिने र विद्यालयले छात्रावासमा वस्ने छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० का दरले १० महिनाको रु.५००० नगदै अनिवार्य बुझाउनुपर्ने व्यवस्था छ। पालिकाले श्री दुर्गा माध्यमिक विद्यालय बरेवा लाई महिला फिडर छात्रवास र आवासीय छात्रवृत्ति २० जनाको रु.५०००० का दरले रु.१०,००,०००।- निकासा गरेको छ। छात्रावासमा बस्ने २० छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रु.५०० को दरले रु. १००,०००। नगद विद्यार्थीको खातामा जम्मा गरिदिनपर्ने व्यवस्था भएकोमा उक्त विद्यार्थीहरुको खातामा जम्मा गरेको छैन। विद्यालयले आवासिय छात्रावृत्ति अनुदान रकम आवासिय छात्रावास प्रयोजनको निमित्त खर्च गरेको खर्च पुष्टि हुने विल भरपाई र विद्यालयले २० जना विद्यार्थीको मासिक रु. ५०० को दरले १० महिनाको जम्मा रु.१,००,०००। विद्यार्थीको खातामा जम्मा गरेको भरपाई पेश सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| विधालयको नाम | जम्मा विधार्थी | निकासा | वार्षिक | विधार्थीलाई बुझाएको रकम |
|---|---|---|---|---|
| श्री दुर्गा माध्यमिक विद्यालय बरेवा | २० | १००००००। | ५०००। | १०००००। |
| जम्मा | | | | १००००० |

यस वर्ष अपाङ्ग र अन्य छात्राका लागि छात्रवास उपलव्ध गराउँदा अपाङ्गता भएका विद्यालय आउन नसक्नेका अतिरिक्त सिमान्तकृत समुदाय लगायत अभिभावक विहिन, अनाथ बालिका तथा अति विपन्न छात्रालाई छनौट गरी छात्रबासमा बसी अध्ययन गर्ने व्यवस्था गर्नुपर्नेमा छात्रवासमा बस्ने छात्राको छनौटको आधार पालिकाले पहिचान नगरी विद्यालयले राखेका आधारमा छात्रवास व्यवस्था गरेको छ। पालिकाले स्पष्ट मापदण्ड निर्माण गरी निर्देशिका बमोजिम विद्यालयले विद्यार्थीलाई वितरण गरेको भरपाई र समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गरी बास्तविक लाभग्राहीले सेवा पाएको सुनिश्चितता गर्नु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७६.५ **संस्थागत विद्यालयको छात्रवृत्ती:-** शिक्षा नियमावली २०५९को नियम १५१ मा विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विधार्थीलाई क्रमस सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रबृत्ति उपलव्ध गराउनुपर्ने, संस्थागत विद्यालयले कुल विधार्थी संख्याको कम्तिमा दश प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रबृत्ति उपलव्ध गराउनुपर्ने र छात्रबृत्ति उपलव्ध गराउनु अघि विद्यालयले छात्रबृत्तिका लागि निवेदन दिन विद्यालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गत कुल ५३ संस्थागत विद्यालयमा जम्मा १७४८६ जना विद्यार्थी रहेकोमा पालिकाले संस्थागत विद्यालयको अनुगमनगरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन कार्यविधिको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था बमोजिम अनुगमन गर्नुपर्दछ ।

७७ **दिवा खाजाः-**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पुरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण र हाजीरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा मापदण्डलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यस वर्ष विभिन्न किस्तामा पेश्की फर्स्यौट गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छन।

७७.१ **कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना अवस्थाः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ।

पालिकामा रहेका ७१ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु.३,९८,२९,७११।सत्यापन गरी विद्यर्थी संख्या र उपस्थित विद्यार्थीको हाजिरी संख्या यकिन गरी निकासा गर्नुपर्नेमा सो नगरी निकासा गरेको छ। यसबाट निकासा भएको दिवा खाजा रकम ठिक छ छैन भन्ने सम्बन्धमा आश्वश्त हुन सकिएन। पालिकाले नमुना छनौट गरी परीक्षण गरिएका विद्यालयलाई विद्यार्थीको संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणितका साथै औषत १८० दिन नबढाई अनुगमन गरी खर्च सुनिश्चित भएर मात्र निकासा गर्नुपर्दछ।

७७.२ **दिवाखाजा बढी भुक्तानीः-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ अनुसार विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानी IEMIS मा भएको तथ्याकलाई सत्यापन, हाजिरी प्रमाणित र विधालय व्यवस्थापन समितिको अध्यक्ष वा तोकेको समितिको अध्यक्षले गरेको सिफारिसलाई अनुगमन गरेरमात्र निकासा गर्नु पर्नेमा पालिकाले देहायका विद्यालयलाई सत्यापन नगरी र विद्यालयको मागको आधारमा दिवा खाजा वापतको रकम रु.१ करोड ८६ लाख १७ हजार ७०० निकासा गरेको छ। नमुना छनौटका आधारमा विभिन्न विद्यालयले पेश गरेको दिवा खाजा हाजिरी , पाठ्यपुस्तक निकासा संख्या र विद्यार्थीको हाजिरी माग गरी गरिएको परीक्षणमा अनुसुचि-७ मा उल्लिखित विद्यालयको बढी निकासा भएको रकम र अन्य विद्यालयको समेत पालिकाले हाजिरी प्रमाणित र सत्यापन अनुगमन गरेर यकिन गरी बढी निकासा भएको रु. ५५४८९५।असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ७७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५४,८९५ |

७७.३ **दिवा खाजा भरपाई पेश गर्नुपर्नेः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकामा रहेका ७१ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु.३,९८,२९,७११।सत्यापन गरी विद्यर्थी संख्या र उपस्थित विद्यार्थीको हाजिरी संख्या यकिन गरी निकासा गर्नुपर्नेमा देहायबमोजमिको विद्यालयहरुबाट दिवाखाजा वापत निकासा भएको रु. १००९००२९।०० को खुवाएको देखिने गरी विद्यार्थी हाजिरी, पाठ्यपुस्तक वितरण गरेको विल भरपाई र सत्यापन प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ७७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,९०,०२९ |

७८ **निशुल्क पाठ्यपुस्तकः-**

७८.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।०८२ को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।

पालिका अन्तर्गतका ७१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम अर्थात (गो.भौ.न १६७।८१।१२।२०) रु.१,३७,३१,२५०।चैत्रमा महिनामा निकासा गरेकोमा पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन समेत नगरी असार महिनामा थप (गो.भौ.न ३१७।०८२।०३।१७) रु.१५,०४,८१८। र कक्षा ११-१२ सञ्चालित ९ विद्यालयमा अनिवार्य विषयको लागि गो.भौ.नं. ४१७- २०८२।०३।२४ मा रु. ५,०३,९०३। निकासा सहित जम्मा रु.१,५७,३९,९७१। अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन । यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत निकासा गर्दा नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, पाठ्य पुस्तक खरिद र वितरणको विवरण, निकाशामा सत्यापन प्रमाणित, विधालयको वितरण भरपाई, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकिकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखिकरण गर्नुपर्नेमा गरेको देखिएन।

७८.२ **पाठ्यपुस्तक अनुदान बढी भुक्तानी:-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.४.६.१ मा तोकिए बमोजिम निकासा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित बेगर विद्यालयलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को २०८१ को तथ्याङ्कको आधारमा पाठ्यपुस्तक अनुदान निकासा गरेको देखियो। पालिकाले यस वर्ष निशुल्क पाठ्यपुस्तकमा ७१ विद्यालयहरुलाई रु.१,५७,३९,९७१। निकासा गरेकोमा लेखापरीक्षणको क्रममा देहायका विद्यालयहरुको हाजिरी रजिष्टर परिक्षण गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा देहायबकोजिको बढी संख्यामा वितरण गरिएको रु.२,६५,०३१। सम्बन्धित विद्यालयहरुबाट असुल गरी अन्य विद्यालयको समेत पालिकाले सत्यापन गरी बढी भुक्तानी भए/नभएको यकिन गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ७८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६५,०३१ |

७८.३ **प्रमाण पेश गर्नुपर्नेः-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।०८२ को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।पालिकाले पाठ्य पुस्तकबापत पहिलो किस्तामा ७५ प्रतिशत र दोश्रो किस्तामा वितरण भरपाई, हाजिरी प्रमाणित र अनुगमन गरी सत्यापन प्रमाणित गरी थप किस्ता १०० प्रतिशत सम्म निकासा गर्न सकिने व्यवस्था रहेको छ।

पालिका अन्तर्गतका ७१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम अर्थात (गो.भौ.न १६७।८१।१२।२०) रु.१,३७,३१,२५०। चैत्रमा महिनामा निकासा गरेकोमा पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन समेत नगरी असार महिनामा थप (गो.भौ.न ३१७।०८२।०३।१७) रु.१५,०४,८१८। र कक्षा ११-१२ सञ्चालित ९ विद्यालयमा अनिवार्य विषयको पाठ्यपुस्तक खरिदको लागि गो.भौ.नं. ४१७- २०८२।०३।२४ मा रु. ५,०३,९०३। निकासा सहित जम्मा रु. १,५७,३९,९७१। अनुदान निकासा गरेकोमा लेखापरीक्षणको अवधिसम्ममा कार्यविधिमा उल्लेख भएबमोजिमको देहायाबमोजिमको ४८ विद्यालयले खरिद गरेको रु. ८९६८९६१।०० पाठ्यपुस्तकको विल, वितरण गरेको भरपाई र सत्यापन गरेको प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | रकम | क्र.सं. | विद्यालयको नाम | रकम | क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. | ३०५८२९ | १७ | श्री ने.रा.आ.वि. टेङ्ग्रहर टोल | ३३३३१ | ३३ | श्री ने.रा.आ.वि. भतौडा | ७६१३५ |
| २ | श्री ने.रा.आ.वि. उत्तरझिटकैया | १९९५६६ | १८ | श्री ने.रा.आ.वि. बिजुलपुर | १९५६७६ | ३४ | श्री ने.रा.आ.वि. मझौलिया | ४८२०१ |
| ३ | श्री बरेवा सामुदायिक आ.वि. बरेवा | २६३९९ | १९ | श्री ने.रा.आ.वि. पुरानोपिप्रा | ३२११५ | ३५ | श्री रामजानकी आ.वि. सखुई | ५९३२७ |
| ४ | श्री दलित जनकल्याण आ.वि. सोनरनिया | ४५८७३ | २० | श्री ने.रा.मा.वि. मोतीसर | २२६०६० | ३६ | श्री सरस्वती आ.वि.पर्ताटोल | ३००७२ |
| ५ | श्री दलित आ.वि. ब्रम्हपुरी | २३१९७ | २१ | श्री नेपाल बालमन्दिर आ.वि. | ५६४३९ | ३७ | श्री सरस्वती विद्यामन्दिर आ.वि. | ७२३५७ |
| ६ | श्री दुर्गा मा.वि. बरेवा | १४७२५९३ | २२ | श्री ने.रा.आ.वि.शित्तलपुर | १५२४७१ | ३८ | श्री शिवराधिका आ.वि. मटेरिया | ७०२९२ |
| ७ | श्री ज्ञानज्योती आ.वि. पर्साकट्टि | ४०४२६ | २३ | श्री ने.रा.आ.वि. खमवा | १८९०९४ | ३९ | श्री गिर्जा आ.वि. | १६०१५ |
| ८ | श्री जनज्योती आ.वि. सगरदिना | ९०७२२ | २४ | श्री ने.रा.मा.वि. बसतपुर | ४७९७८९ | ४० | श्री ने.रा.आ.वि. बिशम्भरपुर | ७४२४५ |
| ९ | श्री लोकतान्त्रिक गणतन्त्र आ.वि. सगरदिना | ५७५१२ | २५ | श्री ने.रा.मा.वि. कलैया-६ मदर्सा | ६७९९६२ | ४१ | श्री ने.रा.आ.वि.बर्वा | ८३८४३ |
| १० | मदर्सा अबिया सितलपुर | ७४३४४ | २६ | श्री ने.रा.मा.वि.मनहर्वा | ४२४१५२ | ४२ | श्री ने.रा.मा.वि. पत्रहट्टि भौरा | २५८६७९ |
| ११ | मदर्सा ईस्लाहुल | ३३२५९ | २७ | श्री ने.रा.मा.वि. रामपुर | ४२०७६८ | ४३ | श्री ने.रा.आ.वि. छोटकिफूलबरिया | ८६९८१ |
| १२ | मदर्सा ईस्लामिया बहरुल उलुम | ९००५० | २८ | श्री ने.रा.मा.वि. धर्मनगर | ३०५३९१ | ४४ | श्री ने.रा.नमुना मा.वि. | २३४१५३ |
| १३ | मदर्सा सल्फिया कन्मुल उलमु | ११६९६४ | २९ | श्री ने.रा.मा.वि. मटिअर्वा | ७२६९२८ | ४५ | श्री ने.रा.मा.वि. सिसहनिया | ५७१४६१ |
| १४ | महाविर ने.रा.आ.वि. बकुलहर | १७६९८० | ३० | नेपाल यतिम खाना रघुनाथपुर | ९२३५६ | ४६ | श्री ने.रा.आ.वि. बघवन | २०१९२१ |
| १५ | श्री ने.रा.आ.वि. भरवलिया | ९९७०४ | ३१ | श्री ने.रा.आ.वि. बैधनाथपुर | ५२८५७ | ४७ | श्री सुर्योदय आ.वि. मौजेबिजुलपुर | ३३२९५ |
| १६ | श्री ने.रा.आ.वि. मटिअर्वा | ५६३३७ | ३२ | श्री ने.रा.आ.वि. बैराठपुर | ४४८९७ | ४८ | तालिमुस कुन्दिनी | २९९४३ |
| जम्मा | | | | | | | | ८९६८९६१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,६८,९६१ |

७९ **विद्यालय सञ्चालन तथा व्यवस्थापनः-**

७९.१ **मसलन्द र ईन्टरनेट खर्चः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा मसलन्द खर्च वापत प्रति विधालय वार्षिक

आधारभुत तह (कक्षा १-५) रु.१५०००।,आधारभूत तह (कक्षा १-८) मा रु.२००००। र माध्यमिक तह (कक्षा १-१०) मा रु.२५०००।का दरले र माध्यमिक माध्यमिक तह(१-१२) मा रु.३००००।का दरले निकासा दिन सकिने र ईन्टरनेट वापत प्रति विधालय वार्षिक कक्षा १-५ को रु.१२०००।, कक्षा १-८ को रु.१५०००। र कक्षा १-१० र १-१२को रु.२०,०००।का दरले निकासा दिन सकिने व्यवस्था छ ।

पालिकाले ६३ विद्यालयलाई विद्यालय संचालन तथा व्यवस्थापन कार्यको लागि मसलन्द रु.१२,४०,०००। र ६३ विद्यालयको लागि ईन्टरनेट जडान वापत कुल रु.९,३८,०००। गरी कुल रु.२१,७८,०००।निकासा गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म विल भरपाई, जिन्सी दाखिला र कार्यान्वयन अवस्था पेश नगरी खर्च गरेकोमा कार्यविधिमा उल्लेख भएबमोजिमको खर्च पुष्ट्याई गर्ने विल भरपाई र सोको जिन्सी दाखिला सहितको प्रमाण पेश गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ७९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७८,००० |

७९.२ **विद्यालय सुधार योजनाः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागि आधारभुत तहमा विद्यालयलाई रु.१५,०००।०० र माध्यमिक तहका विद्यालयलाई रु.२०,०००।०० का दरले निकासा दिन सकिने व्यवस्था छ। पालिकाले ६४ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रु.१०,६०,०००।- निकासा गरेकोमा सबैको सुधार योजना पेश गरेको देखिएन।अतः कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिमको विद्यालय सुधार योजना तयार गरी पेश गर्नुपर्ने देखिएको रु. (विधालयको विवरण लेखापरीक्षण प्रतिवेदनमा रहेको छ)

**(विस्तृत विवरण बेरूजु दफा ७९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६०,००० |

७९.३ **लेखापरीक्षण खर्चः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचयपत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन र लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा प्रति विधालय आधारभुत तहमा रु.१०,०००। र माध्यमिक तहमा रु.१५,०००। का दरले निकासा दिन सकिने व्यवस्था छ । पालिकाले १९ माध्यमिक विद्यालयलाई रु.२,८५,०००। र ५१ वटा आधारभुत विद्यालयलाई रु.५,१०,०००। गरी रु. ७,९५,०००। निकासा गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म हाल सम्मको लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन। विगतका वर्षहरुमा लेखापरीक्षणको लागि अनुदान रकम निकासा भैसकेको तर हालसम्म पनि प्रतिवेदन पेश नभएकोले अनुदान रकम भुक्तानी गर्नेलाई जिम्मेवार बनाई कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित अनुसारको रु.७,९५,०००। को लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ७९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९५,००० |

७९.४ **परम्मरागत विद्यालय अनुदानः-**कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२को क्रियाकलाप नं.२.७.१३.११ मा अनुमति लिई संचालित परम्परागत विद्यालयहरुको शैक्षिक तथ्याङ्क अनुसार विद्यार्थी संख्या एकिन गरी पाठ्यपुस्तक र छात्रवृति, सेनिटरी प्याड एवम् दिवा खाजा अनुदान सम्बन्धित शीर्षकहरुबाट अनुदान दिने मात्र व्यवस्था भएको, शिक्षक दरबन्दी/कोटा प्राप्त नगरेको र सो खर्च पुष्ठाई हुने विल भरपाई तथा कार्यक्रम प्रगति प्रतिबेदन अनिवार्य भौचरको साथमा संलग्न राख्नु पर्ने व्यवस्था छ ।

पालिकाले गो. भौ. नं. २९१-२०८२।०३।१२ बाट देहायाबमोजिमको परम्परागत विद्यालयलाई एकमुष्ठ अनुदान २१०००००। र १ खुला विद्यालयलाई अनुदान रु. १५२०००। गरी रु. २२५२०००।निकासा गरेकोमा कार्यक्रम कार्यन्वयन कार्यविधि अनुसार अनुगमन प्रतिवेदन, शिक्षक सम्झौता तथा म्याद थप पत्र र कार्यक्रम प्रगती प्रतिवेदन साथ संलग्न नराखी निकासा गरेको देखिएकोले विद्यालयले शिक्षक करार सम्झौता, म्याद थप र खर्च पुष्टि हुने विल भरपाई सहितको प्रमाण र कार्यविधि बमोजिमको खुला विद्यालय सञ्चालन निर्देशिकाको २.७.१३.११ को ६.५ बमोजिमको खर्च पुष्टि हुने विल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| सि. नं. | परम्परागत विद्यालयको नाम | विद्यालयको किसिम | निकासा |
|---|---|---|---|
| १ | सिद्धेश्वर संस्कृत मा.वि., कलैया-३ | खुला विद्यालय | १५२००० |
| २ | मदरसा सल्फिया दारुल इस्लाम, कलैया-९ | धार्मिक विद्यालय | ३००००० |
| ३ | मदर्सा इस्लाहुल मुसलेमिन मदिल्वा, कलैया-२२ | धार्मिक विद्यालय | ३००००० |
| ४ | मदर्सा तालेमुल कुरआन मझौलियम | धार्मिक विद्यालय | ३००००० |
| ५ | नेपाल यतिमखाना इस्लामिया, इनर्वा कलैया-१९ | धार्मिक विद्यालय | ३००००० |
| ६ | मदर्सा इस्लामिया बहरुल उलुम, कलैया-६ | धार्मिक विद्यालय | ३००००० |
| ७ | मदर्सा अरिबिया अस्रफुल उलुम कलैया-१२ | धार्मिक विद्यालय | ३००००० |
| ८ | मदर्सा सलफिया कन्जुल उलुम कलैया-७ | धार्मिक विद्यालय | ३००००० |
| | | | २२५२००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५२,००० |

७९.५ **सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदानः-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२को क्रियाकलाप नं.२.७.१३.११ मा तोकिएको मापदण्ड पुरा गरेको सामुदायिक सिकाई केन्द्र सञ्चालनको लागि कार्सयविधिमा उल्लिखित शर्त पुरा गरेको सामुदायिक केन्द्रलाई प्रति सामुदायिक सिकाई केन्द्र एकमुष्ट रु.३०००००।अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा पालिकामा वार्षिक प्रगति प्रतिवेदन, विल भरपाई, माइन्युट, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १९-२०८१।०६।१५ बाट देहायाबमोजिमको सामुदायिक सिकाई केन्द्रालाई एकमुष्ट कुल रु. १७ लाख ६० हजार अनुदान निकासा दिएको देखियो। पालिकाबाट अनुदान रकम निकासा गराउदा वार्षकि साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको हुनुपर्ने व्यवस्था भएकोमा देहायाबमोजिमको सिकाई केन्द्रले कुल जम्मा रु. ८,५०,०००।मात्रको खर्च प्रश्ताव/कार्ययोजना पेश गरी कुल रु. १६७००००। निकासा गरेको देखियो। यसरी पालिकाले खर्चको कार्ययोजना भन्दा बढी निकासा गरेको रकम रु. ८,२०,०००। को सम्बन्धित सामुदायिक सिकाई केन्द्रबाट कार्ययोजना र खर्च पुष्ट्याई विल पेश गर्नुपर्ने अन्यथा सम्बनधित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि. नं. | सामुदायिक सिकाई केन्द्र | खर्च प्रस्ताव/कार्ययोजना | निकासा | कार्ययोजना भन्दा बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | महागढीमाई सामुदायिक सिकाई केन्द्र | १७०००० | ३००००० | १३०००० | |
| २ | साक्षर सामुदायिक सिकाई केन्द्र | १७०००० | ३००००० | १३०००० | |
| ३ | सरस्वती सामुदायिक सिकाई केन्द्र | १७०००० | ३००००० | १३०००० | |
| ४ | बागेश्वरी सामुदायिक सिकाई केन्द्र | १७०००० | ३००००० | १३०००० | |
| ५ | गौरीशंकर सामुदायिक सिकाई केन्द्र | १७०००० | ३००००० | १३०००० | |
| ६ | गौरा सामुदायिक सिकाई केन्द्र | ० | १७०००० | १७०००० | कार्ययोजना पेश नभएको |
| | | ८५०००० | १६७०००० | ८२०००० | |

पालिकाबाट निकासा भएको अनुदान रकमबाट सामाजिक परिचालकको पारिश्रमिक र भत्ता व्यवस्थापन समितिको निर्णयानुसार हाजिरी प्रमाणित, परिचालकको नियुक्ति र म्याद थपपत्र संलग्न, तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन र कार्यक्रम प्रगति प्रतिवेदन समेत लिई रु.८,५०,०००। खर्चको सुनिश्चितता हुने गरी

गर्नुपर्नेमा गरेको नदेखिएकोले देहायामोजिमको सामुदायिक सिकाई केन्द्रले परिचालकको कार्यसम्पादन (करार) सम्झौता र सो को म्याद थप, खर्च पुष्टि हुने विल भरपाई र अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२०,००० |

७९.६ **प्राविधिक विद्यालय ल्याव सामाग्री सहयोगः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयको लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रु. २ लाख रकम उपलब्ध गराउने र सो रकम विद्यालयले नियमित रुपमा ल्याब सञ्चालन गर्न मर्मत, मस्भार एंव सामाग्रीको व्यवस्था गरी शिक्षक एंव विद्यार्थीको प्रयोगको व्यवस्था मिलान खर्च गर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिमको विद्यालयलाई गो.भौ. नं. १२२- २०८१।११।१५ बाट प्राविधिक विषय ल्याव सामाग्री सहयोग अनुदान वापत रु. ६,००,०००। निकासा गरेको छ। पालिकाबाट अनुदान खर्चको अनुगमन गरेको छैन। विद्यालयले खरिद गरेको सामाग्रीको अभिलेख विवरण र विद्यालयगत जिन्सी दाखिला गराएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | श्री दुर्गा मा.वि. | ल्याव सामाग्री सहयोग अनुदान | २००००० |
| २ | श्री ने.रा.मा.वि. सिस्वामहेशपुर | ल्याव सामाग्री सहयोग अनुदान | २००००० |
| ३ | श्री ने.रा.मा.वि. मनहर्वा | ल्याव सामाग्री सहयोग अनुदान | २००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

७९.७ **स्रोत कक्षा संञ्चालन अनुदानः-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ को क्रियाकलापन २.७.१३.१० को ५.६ मा सोत कक्षाको व्यवस्थापनको लागि सम्बन्धित सोत कक्षा रहेको विद्यालयल लाई अनुदान दिने, अनुदान प्राप्त गर्ने विद्यालयले स्रोत शिक्षक वा घुम्ती शिक्षकले अपाङ्गता भएका बालबालिकाहरूका लागि बिहान साँझसमेत अतिरिक्त सहयोग गरेवापत विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार थप सुविधा मासिक रू.५०० का दरले वार्षिक रू.६,०००।, स्रोत कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापनका लागि प्रति स्रोत कक्षा वार्षिक रू.१०,०००, आयाको पारिश्रमिक रू.१९५००० प्रदान गर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम स्थानीय तहले थप गर्नसक्ने र अतिरिक्त क्रियाकलापका लागि सामग्री खरिद र पुरस्कार वितरण गर्न वार्षिक रू.४००० दरले विभिन्न शर्षकमा अनुदान दिन सक्ने व्यवस्था छ ।

पालिकाले गो भौ नं १२-०८१।०६।१३ बाट श्री दुर्गा माध्यमिक विद्यालय बरेवा लाई २० जना विद्यार्थीको लागि आवसीय खर्च शैक्षिक सामाग्री व्यवस्थापन अतिरिक्त क्रियाकलाप, स्रोत शिक्षक तथा आयाको पारिश्रमिक तथा स्रोत कक्षा व्यवस्थापन वापत जम्मा रु.२३५०००। भुक्तानी दिएको छ । स्रेस्तापरीक्षण गर्दा स्रोत शिक्षकको नियुक्ति, हजिरी विवरण र आया राखेकोमा निजको नियुक्ति, व्यवस्थापन समितिको निर्णय तथा उक्त विद्यालयको लेखापरीक्षण प्रतिवेदन तथा कार्यान्यिन कार्यविधिले तोकेको मापदण्ड बमोजिमको खर्च विल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३५,००० |

७९.८ **अनुगमनः-** कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१।८२ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइयन। पालिकाले कार्यान्वयन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन पर्दछ।

८० **अंग्रजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानः-**

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१ को क्रियाकलाप नं २.७.१३.४० मा अंग्रेजि,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षक प्रति विद्यालय र मावि तह (९-१०) लाई क्रमश ०,१ र २ वटा दरवन्दी भएकोमा क्रमश ३,२ र १ शिक्षकलाई १२ महिनाको शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ ।

पालिकाले देहायाबमोजमिको माध्यमिक विद्यालय तहको २४ शिक्षकका १२ महिनाको तलब, चाढपर्व र पोषाक खर्च वापत रु. ६९ लाख ३५ हजार ४८४ र नि.मा.वि. तहको ६ शिक्षकका १२ महिनाको तलब, चाढपर्व र पोषाक खर्च वापत रु. २७ लाख ६८ हजार ९४० सहित कुल जम्मा रु. ९७ लाख ४ हजार ४२७ निकासा गरेकोमा शिक्षकको नियुक्ति तथ म्याद थपको विवरण उपलब्ध गराएको छैन । विद्यालयले करार शिक्षकसँग गरेको कार्यस्पादन सम्झौता, म्याद थप र कार्य प्रगति प्रतिवेदन यकिन गरेर मात्र निकासा दिनुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक संख्या | | |
|---|---|---|---|---|
| | | नि.मा.वि (६-८) | मा.वि.(९-१०) | जम्मा |
| १ | ने.रा.नमुना मा.वि.कलैया -१ | | ३ | ३ |
| २ | ने.रा.मा.वि.धर्मनगर | | २ | २ |
| ३ | ने.रा.मा.वि.मोतिसर | | ३ | ३ |
| ४ | ने.रा.मा.वि.सिसहनिया | | ३ | ३ |
| ५ | ने.रा.मा.वि.बसतपुर | | ३ | ३ |
| ६ | ने.रा.मा.वि.सिस्वामहेशपुर | | ४ | ४ |
| ७ | ने.रा.मा.वि.रामपुर प्रा.खे. | | २ | २ |
| ८ | महावीर ने.रा.मा.वि.ब्रहमपुरी | | २ | २ |
| ९ | जनता मा.वि.भवानीपुर | | २ | २ |
| १० | ने.रा.आ.वि.सितलपुर | १ | | १ |
| ११ | ने.रा.आ.वि.पत्रहटिभौरा | १ | | १ |
| १२ | ने.रा.आ.वि.खम्वा | १ | | १ |
| १३ | ने.रा.आ.वि.उत्तर झिटकैया | १ | | १ |
| १४ | महावीर ने.रा.मा.वि.बकुलहर | १ | | १ |
| १५ | ने.रा, आ.वि.बलिरामपुर | १ | | १ |
| जम्मा | | ६ | २४ | ३० |

८१ **बढी ग्रेड भुक्तानीः-**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरी सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ। पालिकाले पेश गरेको शैक्षिक सत्र २०८१ को पारित तलवी प्रतिवेदन अनुसार लेखापरीक्षणको क्रममा ग्रेड रकम भिडान गर्दा निम्न

शिक्षकलाई पाउने ग्रेड रकम भन्दा बढी भुक्तानी हुन गएको देखिएकोले निम्न विद्यालयमा बढी भुक्तानी भएको ग्रेड रकम तथा संञ्चयकोष समेत गरी रु. ३६९४०। एकमुष्ट रुपमा निम्न विद्यालयबाट असुल गर्नु पर्ने देखिएको रु.

| शिक्षकको नाम | विद्यालयको नाम | पाउने ग्रेड संख्या | पाएको ग्रेड संख्या | बढी ग्रेड संख्या | ग्रेड दर | महिना | जम्मा रकम | बढी भुक्तानी संञ्चय कोष समेत |
|---|---|---|---|---|---|---|---|---|
| रमाकान्त प्रसाद यादव | श्री महाविर ने.रा. मा.वि. ब्रहमपुरी | ५ | ६ | १ | ११५८ | १३ | १५०५४ | १६५५९ |
| पुष्पादेवी मिश्रा | ने.रा.मा.वि. रामपुर खेस्राहा | ६ | ७ | १ | ११५८ | ३ | ३४७४ | ३८२१ |
| राकेश पाण्डेय | ने.रा.मा.वि. सितलपुर | ६ | ७ | १ | ११५८ | १३ | १५०५४ | १६५५९ |
| कुल जम्मा | | | | | | | | ३६९३९ |

| असुल गर्नुपर्ने | ३६,९३९ |
|---|---|

८२ **स्यानेटरी प्याड खरिद, भण्डारण र वितरण:-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को वुदाँ ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।

पालिकाले विद्युतिय खरिद प्रकृयाबाट ठेक्का मार्फत Angel touch hygiene manufacturing pvt.ltd (६०९८३३८९८) बाट (भौ.नं. ४८१-०८२।३।२५ मा) १११४६१। प्याकेट प्रति प्याकेट ८ piece भएको सेनिटरी प्याड रु.१९।७६ (मु.अ.कर समेत) का दरले रु.२२,०२,८८१।७७। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले ७७९८ जना छात्राको संख्या र खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले आर्थिक वर्षको अन्त्यतिर खरिद गरेको छ। हस्तान्तरण भईसकेको प्याडको विद्यालयगत मौज्दात, विद्यालयगत भण्डारणको अवस्था र विद्यार्थीले वुझिलिएको भरपाई लगायतको अभिलेख पालिका सँग छैन। वितरण गरिएको प्याडको व्यवस्थापनको अवस्था तथा प्याडहरु सहि सदुपयोग भएको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेमा प्रतिवेदन संलग्न नरहेको रु.

| प्रमाण पेश नगरेको | २२,०२,८८१ |
|---|---|

८३ **औषधि खरिदः-**

८३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतवाट रु. ८३ हजार (सर्जिकल सामाग्री खरिद) र संघीय सशर्त तर्फ रु.२४ लाख ५२ हजार समेत कुल रु.२५ लाख ३६ बजेट विनियोजन भएको छ। पालिकाले विनियोजित रकमको विभिन्न भौचरहरुबाट रु.२५ लाख ३६ हजारको खरिद कार्य सम्पन्न गरेको छ । कम्पनीले प्रकाशित गरेको मुल्य सुची अनुसार खरिद गरेको जनाएको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिश्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखिएन। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

| स्रोत | गो.भौ./मिति | खर्च | भुक्तानी पाउने व्यवसायी | आइटम | भुक्तानी (हजारमा) |
|---|---|---|---|---|---|
| सशर्त | २७।०८१।०७।०१ | ९४ | चिराग फार्मेसी प्रा.लि. | ४ | ९४ |
| सशर्त | २८।०८१।०७।०१ | ३९९ | इलाईट मेडिहेल्थ कन्सर्न प्रा.लि. | १० | ३९९ |
| सशर्त | २६।०८१।०७।०१ | १०० | मेडिसेल्स मेडिको फर्मा | १० | १०० |
| सशर्त | ५०।०८१।०८।१२ | १७६१ | चुन चुन फार्मेसी | ११४ | १७६१ |
| सशर्त | ७९।०८१।१०।०२ | ९९ | ओम सर्जिकल | ५ | ९९ |
| संघीय सशर्त तर्फको कुल रकम | | | | | २४५२ |
| पालिका चालु | १८०८।०८१।०३।१४ | ८४ | ओम सर्जिकल | ९ | ८४ |
| कुल जम्मा | | २५३६ | | | २५३६ |

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

८३.२ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेकपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरणको अवस्था निम्नानुसार रहेको छ ।

एमोक्सिलिन ५०० एम जि औषधि आर्थिक वर्ष २०७९।८० मा २३१३०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८०।८१ मा घटेर १३५७०० क्यापसुल मात्र र आर्थिक वर्ष २०८१।०८२ मा बढेर १७२१००। क्यापसुल मात्र हस्तान्तरण भएको छ । एंवबृतमा सिप्रोफ्लोक्सासिन, रेनिटाडाईन र अन्य औषधिको खर्च प्रवृति पनि आ.व. २०७९।०८० मा भन्दा आ.व. २०७९।८० मा बढेकोमा २०८१।०८२ मा घटेको र ELMIS मा खरिद दाखिला गरेको विरण पेश नभएकाले अवस्था यकिन गर्न सकिएन। यसरी पालिकामा औषधिका खर्च प्रवित्ति बढेर घट्नुमा बजेट अभावको कारण भएको कार्यालयले जनाएको छ। । त्यस्तै प्यारा सिटामोल तिन आर्थिक वर्षको अभिलेख प्रतिवेदन उपलब्ध भएन। विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले पालिकाको स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था छैन । सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८३.३ प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं., निशुल्क वितरण तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्नेमा निम्नलिखित औषधीमा भएको पाइएन । अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| सिन | औषधिको नाम | कैफियत |
|---|---|---|
| १ | CIPROFLOXACIN | निशुल्क वितरण छाप नभएको |
| २ | DOXYCYCLINE | |
| ३ | PARACETOMOL | |
| ४ | MOXYREX KID | |
| ५ | ORAL HYDRATION SALTS | |

नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनै पनि खरिदमा ब्याच नं, उत्पादन मिती र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, सोझै खरिद गरिएको, निकासा समेत पाम्स मार्फत गरीसकेको र ELMIS मार्फत खरिद, दाखिला र हस्तान्तरण नगरेकोको खरिद गरिएको औषधी खरिद भएको नभएको यकिन गर्न सकिएन । पालिकाले ELMIS मा खरिद, दाखिला एंव हस्तान्तरण गर्नुपर्दछ ।

८४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः-**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्येश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजीत रु. १००२६०००।- मध्ये रु ८५७६४६८ ।- खर्च गरेको छ ।जुन ८५ प्रतिशत हुन्छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन ।

| क्र.स. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | बिनियोजन बजेट | ८३०००००० | ८८७३०००० | १००२६००० |
| २ | खर्च | ६५०४७८३।३६ | ८२४८१४५।११ | ८५७६४६८।९७ |
| ३ | सुचिकृत संख्या | १०७२ | १६३५ | २०३१ |
| ४ | कुल दिन | ७८१९ | ७९०३ | ६४५१ |
| ५ | रोजगारीका लागि छनोट संख्या | १३६ | १२० | १०० |
| ६ | आयोजनाको संख्या | २७ | २८ | १८ |
| ७ | पालिकाले गरेको अनुदान | १४९७७४५।५० | १९९९११६।२८ | २८८३४७७।८८ |
| ८ | मुख्य काम | रुपा बरईको खेत देखि अलि असगर मियाको खेत सम्मको नयाँ कृषि बाटो निर्माण कार्य आयोजना | नाहर देखि नहरी खोला हुँदै गोसाई टोल सम्म कृषि बाटो निर्माण कार्य आयोजना | नाहर देखि नहरी खोला हुँदै गोसाई टोल सम्म कृषि बाटो निर्माण कार्य आयोजना |
| | | हिरालाल साहको घर देखि जोगी पाडेको घर सम्म सडकमा माटो पुरी ग्रेभल गर्ने कार्य आयोजना | मझौलियामा नाला तथा स्लेप निर्माण कार्य आयोजना | मझौलियामा नाला तथा स्लेप निर्माण कार्य आयोजना |
| | | बैराठपुर नायका टोलमा रहेको स्कूलको टुटफुट मर्मत , भुई ढलान तथा कोठा पार्टिसन र फिल्डमा माटो पुर्ने रंगरोगन कार्य आयोजना | बौधीमाई कृषि सहकारी संस्था देखि पश्चिम टेङगरहर नदी सम्म कृषि सडक निर्माण कार्य आयोजना | बौधीमाई कृषि सहकारी संस्था देखि पश्चिम टेङगरहर नदी सम्म कृषि सडक निर्माण कार्य आयोजना |
| | | वडा नं २१ िस्थत राजेन्द्र चौधरीको खेतदेखी दिक्षण अबदुल्लाह मियाँ अंसारीको खेत सम्म किरब १२०० मि मा नयाँ कृषि सडक निर्माण कार्य आयोजना | श्री ने रा आ बि भतौडा-५ मर्मत तथा रंगरोगन कार्य आयोजना | श्री ने रा आ बि भतौडा-५ मर्मत तथा रंगरोगन कार्य आयोजना |
| | | वडा नं २ मा लङ्डा पोखरी देखि पूर्व कृषि सडक निर्माण कार्य आयोजना | भतौडा मठको पर्खाल निर्माण , पिलर ढलान तथा मठको रंगरोगन कार्य आयोजना | भतौडा मठको पर्खाल निर्माण , पिलर ढलान तथा मठको रंगरोगन कार्य आयोजना |
| | | वडा नं २ मा मिठा मील देखि कन्तार्वा पोखरीसम्म कृषि सडक निर्माण कार्य | भतौडा पोखरीको डिलमा रहेको पिपलमा चौतारा निर्माण कार्य आयोजना | भतौडा पोखरीको डिलमा रहेको पिपलमा चौतारा निर्माण कार्य आयोजना |
| | | मझौलियामा नाला निर्माण प्रधानमन्त्री रोजगार कार्यत्रमको साझेदारीमा-कनाइ घर देखि तिलक यादवको घर सम्म- कार्य आयोजना | भतौडा स्वास्थय चौकीमा चर्पी निर्माण तथा बाउण्ड्री वाल निर्माण कार्य आयोजना | भतौडा स्वास्थय चौकीमा चर्पी निर्माण तथा बाउण्ड्री वाल निर्माण कार्य आयोजना |
| | | भोडाहा बजार टोलको दक्षिण कलभर्ट देखि भलुहिया रामेश्वरनाथ मन्दिर जाने बाटोलाई मर्मत | मझौलियामा नाला तथा स्लेप निर्माण कार्य आयोजना | मझौलियामा नाला तथा स्लेप निर्माण कार्य आयोजना |

| | | | | |
|---|---|---|---|---|
| | | तथा रामेश्वर नाथ मन्दिर वरिपरि समेत सरसफाई कार्य आयोजना | | |
| | | श्री ने रा प्रा वि बिजुलपुर रामपुरको पछाडी पट्टीबाट दक्षिण तर्फ मछवा दीह सम्मको कृषि बाटो निर्माण कार्य आयोजना | वार्ड नं २६ स्थित महेशपुरको आशमहमद अंसारीको खेत देखि लदौरामाई हुदै पाचगछिया सम्म | वार्ड नं २६ स्थित महेशपुरको आशमहमद अंसारीको खेत देखि लदौरामाई हुदै पाचगछिया सम्म |
| | | | र रामटोल देखि उमेश यादवको पोखरी सम्म नया कृषि बाटो निर्माण | र रामटोल देखि उमेश यादवको पोखरी सम्म नया कृषि बाटो निर्माण |
| | | रामपुर ओहद मिया चिरिहारको घरदेखि लहेरवा तथा लक्ष्मीनिया टोल जाने बाटो सम्म कृषि बाटो निर्माण कार्य आयोजना | तकेया पोखरी देखि पकडी नदीको कलभर्ट सम्म नया कृषि बाटो निर्माण कार्य आयोजना | तकेया पोखरी देखि पकडी नदीको कलभर्ट सम्म नया कृषि बाटो निर्माण कार्य आयोजना |
| | | मन्हर्वा , सखुई र श्रीपुर टोलमा रहेको सिंचाईको लागि कुलो पैनी सरसफाई तथा मर्मत कार्य आयोजना | सिद्धेश्वर मन्दिरको परिसर भित्र रहेको बोटबिरुवाहरुमा रंगरोगन गर्ने कार्य आयोजना | सिद्धेश्वर मन्दिरको परिसर भित्र रहेको बोटबिरुवाहरुमा रंगरोगन गर्ने कार्य आयोजना |
| | | कृषि सडक निर्माण कार्य आयोजना | २६ नं वडाको वडाभरी सडक मर्मत कार्य आयोजना | २६ नं वडाको वडाभरी सडक मर्मत कार्य आयोजना |
| | | | | मस्जिद निर्माण , कविरा आश्रम निर्माण , सार्वजानिका जग्गा संरक्षण , खेलकुद मैदान निर्माण तथा वृक्षारोपन , कृषि सडक निर्माण , बाटो मर्मत आदी |

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुदाँ ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

• पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे परेको परेको देखियो । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

• लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

• प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को बुदाँ ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने सेवाग्रही सन्तुष्टी सर्वेक्षण गुनासो पेटिका राख्नुपर्ने सो गरेको देखिएन।

• प्रधानमन्त्री रोजगार कार्यक्रम- २०७९।८० मा १०७२, २०८०।८१ मा १६३५ र २०८१।८२ मा सुचिकृत २०३१ जना रहेकोमा १०० जनालाई कुल रोजगारी दिन ६४५१ दिएको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।धेरै वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

• प्रधानमन्त्री रोजगार कार्यक्रममा पालिकाको ३ बर्षको प्राप्त विवरण अनुसार २०७९।८० मा मात्र रु. १४,९७,७४५।५०, २०८०।०८१ मा रु. १९,९९,११६।२८ र आ.व. २०८१।८२ मा २८८३४७७।८८ सहभागीता जनाएको देखिन्छ। कार्यक्रम संचालन गर्न

आवश्यक पर्ने जनशक्ति रोजगार संयोजक र रोजगार सहायक पनि रहेको अवस्थापमा पनि रोजगार पाएको व्यक्तिहरुको अद्यावधिक डोर हाजिरीक अभिलेख विवरण राखेको देखिएन।

• प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ अनुसारको पालिकाले गर्न पर्ने विषयहरु बुंदा नं. १५ मा तथ्याङ्क संकलनको कार्य नभएको, (१७) मा रोजगारीको सम्भाव्यता अध्ययन नगरिएको, बुंदा नं. २५ मा श्रमिक समुह गठन गरी काममा लगाउनु पर्ने, बुंदा नं. ३३ मा रोजगार सुचना उपलब्ध गराउनु पर्ने, रोजगारीको लागि निजी क्षेत्रसँग सहकार्य गर्नुपर्नेमा नगरेको, बुंदा नं. ४४ मा रोजगारी सेवा केन्द्र स्थापना गर्नुपर्नेमा सो नगरेको, बुंदा नं. ४७ मा रोजगार सम्वाद मञ्च स्थापना गर्नुपर्नेमा सो पनि नगरेको, स्थानीय रोजगार रणनीति निर्माण नगरेको, वीमा तथा कार्यस्थल सुरक्षा जस्ता महत्वपुर्ण विषयहरुलाई पालिकाले सम्बोधन गरेको छैन।

औद्योगिक नगरिको रुपमा चिनिएको पालिकाले उद्योग सँग समन्वय गरी रोजगारी व्यवस्थापन सुचना प्रणालीको सहायताले पर्याप्त रोजगारीको लागि पहल गर्न सक्ने थियो सो गरेको देखिएन।

## ८५ **सशर्त स्वास्थ्य तर्फ:-**

८५.१ कार्यक्रम कार्यान्वियन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको रु. ९ करोड १० लाख ९० हजार बजेटका कार्यक्रममा रु. ८ करोड ९२ लाख ९५ हजार खर्च गरेको देखिन्छ। स्वास्थ्य तर्फ २७ कार्यक्रम रहेकोमा १४ वटामा पुर्ण र १३ वटा आंशिक रुपमा कार्यक्रम संचालन भएको छ।
तलवी प्रतिवेदन वेगर तलव भत्ता खर्च, CBIMNCI, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, नातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद लगायतका कार्यक्रम संचालन गरेको छ। कार्यक्रम कार्यान्वियन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम संचालन गरेको विवरण पेश गरेपनि कार्यक्रमसँग असम्वन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ। एकै किसिमका कार्यक्रममा एकै व्यानर राखी विभिन्न कार्यक्रमको फरक फरक व्यानर खर्च लिएको, विविध खर्चमा आवश्यक अनावश्यक आंकलन नगरेको कारण यथार्थ खर्चको अवस्था आंकलन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाका नम्स अनुसार कार्य संचालन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन,

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | १००००० | ९९५०० | ९९.५ |
| एच.पी.भी. खोप अभियान तथा नियमित खोपमा शुरुवात को लागि कार्यक्रम संचालन तथा ब्यबस्थापन | ७७९००० | ७७९००० | १००. |
| स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम | १६२००० | १६२००० | १००. |
| जुनोटिक रोगहरु, AMR सम्बन्धि पैरवी तथा अभिमुखिकरण, Rabies Day | २०००० | १६००० | ८०. |
| प्रजनन् रुग्णता स्वास्थ्य सेवा | २०३००० | २०३००० | १००. |
| पोषण कार्यक्रम | ११०४००० | ११०३७९० | ९९.९८ |
| जेरियाट्रिक तथा लैगिंक हिंसा व्यवस्थापन कार्यक्रम | ५०००० | ५०००० | १००. |
| आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश् | १९०००० | १९०००० | १००. |
| मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ७९६५००० | ७६३०००० | ९५.७९ |
| कम्युनिटि डट्स कार्यक्रम कार्यक्रम संचालन, र महानगर, उपमहानगर तथा नगरपालिकाका स्वास्थ्यकर्मिहरू लाइ क्षयरोग मोड्युलर तालिम | १८०००० | १७८१०० | ९८.९४ |
| नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | ४००००० | ४००००० | १००. |
| राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | ३८५०००० | ३८५०००० | १००. |
| महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | ८०००० | ७९९७५ | ९९.९७ |
| समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग रो | १५१००० | १५१००० | १००. |
| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | ६४६२२००० | ६३३५५४७७ | ९८.०४ |
| स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | १५८०००० | १४१८५५२ | ८९.७८ |
| IMNCI को सचेतनात्मक कार्यक्रम | १००००० | १००००० | १००. |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | २४९८००० | २४९७९९९ | १००. |
| स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ७५२००० | ७३८९२२ | ९८.२६ |
| रेबिज नियन्त्रण कार्यक्रम | ८०००० | ७९९८९ | ९९.९९ |
| विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम | ४५८०००० | ४५७९४५१ | ९९.९९ |
| स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाका लागि स्वास्थ्यकर्मिबाट वडामा घरधुरी सर्वेक्षण, पालिकाबाट वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको सुपरिवेक्षण तथा व्यवस्थापन खर्च | ६२३००० | ६२३००० | १००. |

| | | | |
|---|---|---|---|
| डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने, बिद्यालय शिक्षा कार्यक्रम, अभियान संचालन गर्ने तथा सरोकारवालाहरूसंग अभिमुखिकरण गर्ने र किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन | ५५०००० | ५५०००० | १००. |
| परिवार योजना सेवा | १०५००० | १०४१९४ | ९९.२३ |
| किशोरकिशोरी स्वास्थ्य सेवा | १५४००० | १५४००० | १००. |
| स्वास्थ्यकर्मीहरुलाई इम्प्लान्ट तालिम | २००००० | २००००० | १००. |
| इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | १२००० | १४०० | ११.६७ |
| जम्मा | ९१०९०००० | ८९२९५३४९ | ९८.०२ |

८५.२ **स्वास्थ्य कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा निजामती सेवा ऐन,२०४९ को दफा ७ ख १ अनुसार स्थायी कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलव खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख अनुसार तलवी प्रतिवेन पारित नगाराई तलव खुवाएमा त्यस्तो तलव खुवाउने पदाधिकारीबाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अन्तर्गत स्वास्थ्य तर्फ कार्यरत ७५ कर्मचारीका लागि (९२ करार कर्मचारीको समेत) तलावी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु. ६,३३,५५,४७६। (सशर्ततर्फ) भुक्तानी दिएको छ। तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको, विवरण अद्यावद्यिक नगरेको देखिएको हुदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। निजामति सेवा ऐन,२०४९ बमोजिम दरबन्दी अनुसार कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत स्वास्थ्य तर्फको दरबन्दी तेरिज तयार गरेको देखिएन। पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरुको दरवन्दी एकिन गरी ऐँन बमोजिम स्विकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनुपर्दछ।दरवन्दी एकिन बिना कर्मचारीलाई तलव भत्ता भुक्तानी दिने र तलवी प्रतिवेदन पास नगरी ग्रेड भिडान विना तलव भत्ता दिने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

८५.३ **कर्मचारी स्तरबृद्धिः-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने, प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन २०७५ मा स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले साविक स्थानिय तहका कर्मचारी र लोकसेवा आयोगबाट सिफारिस कर्मचारीलाई स्थानिय सेवाको गठन, संचालन र सेवाका शर्तहरुको सम्बन्धमा बनेको ऐन २०८१ को दफा ४ (छ) मा साविक स्थानिय सेवाका पदका कर्मचारीलाई समान पदमा समायोजन भएकाहरुको हकमा लोक सेवा आयोगबाट परामर्श लिएर बढीमा १ पटक स्तरवृद्वी गर्न सक्ने व्यवस्था भएको र तलव समायोजन गर्नुपर्ने व्यवस्था रहेकोमा देहायाबमोजिमको कर्मचरीहरुको तलव समायोजन नगरी स्तरवृद्धि गर्दा यो वर्ष (कार्यालयबाट पेश भएको विवरणको आधारमा) रु. ५९१८१३। थप रकम भुक्तानी भएको नियमसँगत देखिएन। यसरी लोकसेवा आयोग र स्वास्थ्य विभागको परामर्श वेगर तलव समायोजन नगरी स्तरवृद्धि गर्दा थप व्ययभार देखिएको रु. ५,९१,८१३। नियमसम्मत नदेखिएको रु.

| क्र.स. | कर्मचारीको नाम | साविकको तह | हालको पद | स्तरवृद्धि मिति | साविकको तलव | हालको तलव | बार्षिक बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | शैलेश कुमार महतो | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | ९/२९/२०८१ | ४३६८९ | ४५८५१ | ३०७०० |
| २ | अजय कुमार जयसवाल | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | २०८१ | ४३६८९ | ४५८५१ | ३०७०० |
| ३ | मोहम्मद सजाद अंसारी | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | १०/१/२०७८ | ४३६८९ | ४५८५१ | ३०७०० |
| ४ | भागिरथ साह | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | १०/०५/२०८१ | ४३६८९ | ४५८५१ | ३०७०० |
| ५ | लालबाबु प्रसाद यादव | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | ८/२६/२०७६ | ४३६८९ | ४५८५१ | ३०७०० |
| ६ | निलम कुमारी कुशवाहा | पाँचौ / हे.अ. | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | ७/१०/२०७३ | ३४७३० | ४३६८९ | १२७२१८ |
| ७ | सिताराम प्र. यादव | छैठौ अ./ जनस्वास्थ्य निरिक्षक | सातौ/जनस्वास्थ्य अधिकृत | ४/१७/२०८१ | ४३६८९ | ४५८५१ | ३०७०० |
| ८ | गंगा महतो धानुक | पाँचौ / सि. अ.हे.ब. | छैठौ/ सि. अ.हे.ब. | ३/८/२०८० | ३४७३० | ४३६८९ | १२७२१८ |
| ९ | रुपेश कुमार गुप्ता | चौथो/ अ.हे.ब. | पाँचौ / सि. अ.हे.ब. | १२/१/२०७९ | ३२९०२ | ३४७३० | २५९५८ |
| १० | सेहराज खा | पाँचौ / हे.अ. | छैठौ अ./जनस्वास्थ्य निरिक्षक | १०/११/२०७१ | ३४७३० | ४३६८९ | १२७२१८ |
| | | | | | | | ५९१८१३ |

| | |
|---|---|
| अनियमित भएको | ५,९१,८१३ |

८५.४ **पारिश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दाम्पतीको करयोग्य आयमा अनुसुची १ को उपदफा (४) र (४क) बमोजिम पहिलो २ लाखमा १० प्रतिशत त्यस पछिको ३ लाखमा २० प्रतिशतका र ११ लाख देखि २० लाख सम्म ३० प्रतिशतको दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। कार्यालयको कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहाय बमोजिम पारिश्रमिक कर रु. ४०८६०। दाखिला गरेको नदेखिएकोले दाखिला हुनपर्ने रु.

| सि.नं. | पद | नाम | वार्षिक आय | कर छुट | वार्षिक कर | तिरेको कर | बाँकी कर |
|---|---|---|---|---|---|---|---|
| १ | सातौं | लाल बाबु प्रसाद यादव | ७६८६२३ | ६००००० | १६८६२ | १२४११ | ४४५२ |
| २ | छैटौं | रामएकवाल प्रसाद जैयसवाल | ७५०९४२ | ६००००० | १५०९४ | १३५१२ | १५८२ |
| ३ | छैटौं | सिताराम प्रसाद यादव | ७५०९४२ | ६००००० | १५०९४ | ९९७२ | ५१२२ |
| ४ | छैठौ | रघु प्रसाद सहनी | ६१३७५७ | ६००००० | १३७६ | ० | १३७६ |
| ५ | छैठौ | शिवपुजन साह | ६१३४६८ | ६००००० | १३४७ | ० | १३४७ |
| ६ | छैठौ | श्याम कुमार यादव | ६३९०९८ | ६००००० | ३९१० | ७३१ | ३१७९ |
| ७ | छैठौ | मनोज कुमार यादव | ६३०९४२ | ६००००० | ३०९४ | २४३५ | ६५९ |
| ८ | सातौं | अजय कुमार जयसवाल | ६८६७०३ | ६००००० | ८६७० | ३७८२ | ४८८८ |
| ९ | सातौं | मोहम्मद सजाद अंसारी | ६४३४६६ | ६००००० | ४३४७ | ० | ४३४७ |
| १० | छैटौं | मनोज कुमार यादव ( १०१६०६५४९) | ६४८६२३ | ६००००० | ४८६२ | २२० | ४६४२ |
| ११ | सातौं | भगिरथ साह | ६४८६२३ | ६००००० | ४८६२ | ३६५ | ४४९७ |
| १२ | छैटौं | दिपक पंडित | ७५०९४२ | ६००००० | १५०९४ | १३३९१ | १७०३ |
| १३ | छैटौं | दिवाकर जयसवाल | ६३०६५१ | ६००००० | ३०६५ | ० | ३०६५ |
| | | कुल जम्मा | | | | | ४०८५९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८५९ |

८५.५ **राष्ट्रिय भिटामिन ए कार्यक्रमः**-बैशाख ६ र ७ र कार्तिक २ र ३ गते भिटामिन ए तथा जुकाको औषधि आम वितरण अभियान अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाले लक्षित उमेरका ६ देखि ५९ महिनाका बालबालिकालाई भिटामिन ए तथा १ वर्पदेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने रहेको देखिन्छ। पालिकाले गो. भौ नं. ४८ र ३८७ बाट भिटामिन ए तथा जुकाको औषधि वितरणको लागि कुल रु. ८,३६,६००। खर्च गरेको देखिन्छ। पालिकामा कुल ६ देखि ५९ महिनाको उमेर समुहको बालबालिका ११४१७ रहेकोमा प्रगति सुचकको रुपमा भिटामिन ए ११४१७ लाई खुवाउने लक्ष्य लिएकोमा कार्तिक महिनामा १४४१७ र बैशाख महिनामा १०३२५ जनालाई र जुकाको औषधि ९९५९ जनालाई खुवाउने लक्ष्य भएकोमा कार्तिक महिनामा १२७८० जनालाई र बैशाख महिनामा ९०८० जनालाई खुवाएको देखिन्छ। यसबाट लक्ष्य अनुसार प्रगति देखिएतापनि पालिकामा बास्तविक समय (Real time) कुल वालबालिकाको संख्या कति छन् र अभियानमा सहभागि हुन छुटेका कति छन् सो अभिलेख तथा प्रतिवेदन छैन। साथै कार्यक्रम सम्पन्न भएपछि १ हप्ताभित्र कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेमा सो नबुझाएको देखियो।अत पालिकाले आफ्नो क्षेत्रभित्र कुल बालबालिकाको संख्या यकिन गरी कार्यक्रम संचालन गरी कार्यविधि अनुसार प्रतिवेदन पेश गर्नुपर्दछ।

८५.६ **किशोर किशोरी तथा प्रजनन रुग्णता स्वास्थ्य सेवाः-** नवशिशु कार्यक्रम निर्देशिका २०७८ मा कार्यक्रम सम्पन्न पश्चात सम्बन्धित पालिकाले कार्यक्रमको प्रतिवेदन र प्रमाणीकरण गरेको अभिलेख स्वास्थ्य कार्यालय र प्रदेश निर्देशनालय र परिवार कल्याण महाशाखामा पठाउनुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं. ३६२ - २०८२।०३।१८ बाट यस वर्ष किशोर किशोरीको यौन तथा प्रजनन रुग्णता स्वास्थ सम्बन्धी शिविर कार्यक्रम गरी रु. २०३०००।० खर्च गरेकोमा सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाएको देखिएन।शिविर सञ्चालन पछि किशोर किशोरीको यौन साक्षरता र शिक्षामा भएको सुधार र गरेको दुरगामि अभिलेख पालिका सँग छैन। अतःनियमानुसार पालिकाले कार्यक्रमको प्रतिवेदन सम्बन्धित निकायमा पठाउनुपर्दछ।

८६ **सशर्त कृषि तथा पशुः-**

यस वर्ष पालिकाले कृषि तथा पशु विकास तर्फ तर्फ रु. ३६ लाख ९० हजार बजेट बिनियोजन भएकोमा रु. ३६ लाख ३८ हजार (९७.२० प्रतिशत) का कार्यक्रम कार्यान्वयन भएको छ । पालिकाले ८ कार्यक्रम व्यवस्था भएकोमा ५ कार्यक्रम सम्पन्न भएको देखिन्छ । पकेट विकास कार्यक्रम, बेमौसमी तरकारी उत्पादन, उन्नत धान गहुँको विउ वितरण लगायतका कार्यक्रम भएकोमा पालिका चालु तर्फको कार्यक्रम केही मात्र गरेको छ । सशर्त तर्फका अधिकांश कार्यक्रम भएपनि पालिका तर्फका कृषि बजार निर्माण, माछाको भुरा वितरण लगायतका अधिकाशं कार्यक्रम संचालन भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

८६.१ **पकेट कार्यक्रम:** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७९को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानीय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ । यसैगरी परियोजना कार्यान्वयन म्यानुवल, २०७७को ४.१.९.२ (क)मा पकेट निर्धारणकोलागी तालिका नं. १ मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमिकताका साथ संचालन गर्नुपर्नेर (ग) मा स्थानीय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागीतामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सुची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरुको छनौट गरी स्थानीय दर रेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले नयाँ तरकारी पकेट विकास कार्यक्रम अन्तरगत अनुदानमा निम्न अनुसारको कार्यक्रम पकेट संचालन गरी रु. १२ लाख अनुदान वापत भुक्तानी दिएको छ ।यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन्।

| सि.नं. | सहकारी संस्था | क्रियाकलाप | लागत | | कुल | लाभग्राही |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिकाले व्योहोर्ने | कृषि सहकारी/ समुह | | |
| १ | श्री जनकल्यान कृषक समुह | तरकारी विउ , electric स्पेयर , सिंचाई सामाग्री , सुक्ष्म तत्व तथा मल , तरकारी केरेट , डिजिटल ढक तराजु आदि हस्तान्तरण | ३८०७२२ | २१०३७२ | ५९१०९४ | कृषक परिवार संख्या-१७५ जनसंख्या -२०० |
| २ | श्री ब्रहमपुरी कृषक समुह | तरकारी विउ , electric स्पेयर , सिंचाई सामाग्री , सुक्ष्म तत्व तथा मल , तरकारी केरेट , डिजिटल ढक तराजु आदि हस्तान्तरण | ३८०७२२ | २१०३७२ | ५९१०९४ | कृषक परिवार संख्या-३० जनसंख्या -२०० |
| ३ | श्री मा ब्रहम भागवती कृषक समुह | तरकारी विउ , electric स्पेयर , सिंचाई सामाग्री , सुक्ष्म तत्व तथा मल , तरकारी केरेट , डिजिटल ढक तराजु आदि हस्तान्तरण | ३८०७२२ | २१०३७२ | ५९१०९४ | कृषक परिवार संख्या-५० जनसंख्या -१७० |

१ श्री जनकल्यान कृषक समुह तरकारी विउ, electric स्पेयर, सिंचाई सामाग्री, सुक्ष्म तत्व तथा मल, तरकारी केरेट, डिजिटल ढक तराजु आदि हस्तान्तरण ३८०७२२ २१०३७२ ५९१०९४ कृषक परिवार संख्या-१७५ जनसंख्या -२००

२ श्री ब्रहमपुरी कृषक समुह तरकारी विउ, electric स्पेयर, सिंचाई सामाग्री, सुक्ष्म तत्व तथा मल, तरकारी केरेट, डिजिटल ढक तराजु आदि हस्तान्तरण ३८०७२२ २१०३७२ ५९१०९४ कृषक परिवार संख्या-३० जनसंख्या -२००

३ श्री मा ब्रहम भागवती कृषक समुह तरकारी विउ, electric स्पेयर, सिंचाई सामाग्री, सुक्ष्म तत्व तथा मल, तरकारी केरेट, डिजिटल ढक तराजु आदि हस्तान्तरण ३८०७२२ २१०३७२ ५९१०९४ कृषक परिवार संख्या-५० जनसंख्या -१७०

१. लाभग्राही छनौट गर्दा स्पष्ट मापदण्डका आधारमा छनौट गरेको पाइएन,

२. अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको सम्बन्धमा समेत स्पष्ट अभिलेख राखेको पाइएन,

३. पालिकाले कार्ययोजना तयार नगरेको, लाभग्राही छनौटको स्पष्ट आधार पेश नभएको र छनौटको विधि पारदर्शी र प्रतिस्पर्धी नभएको र अनुदानको विषयमा विगतको अभिलेख नभएको, लाभग्राहीहरु दोहोरिन गए नगएको अभिलेख समेत नराखेकोले यकिन गर्न समेत सकियन।

४. यस वर्ष मा नयाँ तरकारी पकेट विकास कार्यक्रम अन्तर्गत तरकारी विउ वितरण कार्यका लागि माथि उल्लिखित ३ वटा कृषि सहकारी मार्फत रु. ६ लाख ३१ हजार अनुदान निकासा गरेको छ ।

५. पालिकाले नयाँ तरकारी पकेट विकास कार्यक्रमबाट पालिकाको कृषि उत्पादन र उत्पादकत्व तथा सोको बजारीकरणको अवस्था, लाभग्राहीको जिवनस्तरमा भएको परिवर्तनको अवस्था र अनुदान उपयोगको अवस्था सुनिश्चित भएको सम्बन्धमा आश्वस्त हुन अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन।

तसर्थ कार्ययोजना, लाभग्राही छनौटको आधार पारदर्शी र प्रतिश्पर्धी भएको, गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेखको प्रमाण पेश गर्नु पर्ने देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वियन म्यानुयल प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

८६.२ **गहुँको विउ वितरणः**- १०५-२०८१।१०।३० संघीय सशर्त अनुदान शिर्षकबाट गहुँको विउ खरिद गरी वितरण गर्न पालिकाले सुचिकृत विभिन्न फर्महरुबाट दरभाउ माग गरी लागत अनुमान तयार तथा स्वीकृत नगरी सबै भन्दा कम दरभाउ पेश गर्ने फर्मबाट खरिद गर्ने निर्णय गरी श्री कंकाली कृषि उद्योगबाट ११ टन बिजय गहुँको विउको लागि रु. ९५९७५०।०० र श्री चुरियमाई कृषि फार्मबाट ११ टन एन एल ९७१ गहुँको विउको लागि रु. ९५९७५०।०० समेत जम्मा रु. १९१९५००।०० को गँहुको विउ खरिद गरी वितरण गरेकोमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

पालिकामा यस वर्ष गँहुबाली प्रवर्द्धनमा गँहुको विउ वितरणमा ५०% अनुदानको कार्यक्रम सञ्चालन गरी रु. १९१९५००।०० को ११ टन बिजय र ११ टन एन एल ९७१ गहुँको विउ खरिद गरी २७८ जना लाभग्राहीहरुलाई वितरण गरेकोमा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मूल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु हुनुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । लाभग्राही छनौटमा मापदण्ड नबनाई विगत वर्षहरुमा अनुदान प्रदान गरेको लाभग्राहीलाई समेत यस वर्ष पनि उक्त अनुदान प्रदान गरेको देखिएकोले पालिकाले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८६.३ **धानको विउ वितरणः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ वमोजिम मालसामानको लागत अनुमान तयार तथा स्वीकृत गरी सोही आधारमा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत धानको बिउ खरीद तथा बितरण ५० प्रतिशत अनुदान कार्यक्रमबाट धानको जात क्रमश हर्दिनाथ ६- ८७५ के.जी., सावित्रि -१०५०, लल्का बास्मती ५२५ के.जी. र हर्दिनाथ १- ८७५ के.जी. गरी कुल ३३२५। के.जि.को रू १,२९,९००.०० तथा पचास प्रतिशत किसानको समावेस गरी धान खरिद गरी बितरण गरेको देखिन्छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । लाभग्राही छनौटको निश्चित मापदण्ड तथा आधार तयार गरी लागु गरेको

छैन। अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८६.४ **किसान सुचिकरणः** किसान सुचिकरण प्रणालि व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१, दफा १० बमोजिम किसान पहिचान तथा वर्गीकरण र सुचिकरण सम्बन्धी कार्य गर्न मन्त्रालयले वेभमा आधारित एक सफ्टवेयर प्रणाली विकास गर्ने र दफा १२ बमोजिम किसानको विवरण सो प्रणालीमा प्रविष्टि गर्ने कार्य कार्यक्रम सञ्चालन गर्नेको दायित्व हुने तथा दफा २३ बमोजिम समन्वय तथा जनशक्ति व्यवस्थापन गर्नु पर्ने व्यवस्था रहेको छ । गो. भौ.नं. १६१ र २७२ बाट कुल रु. १८५३८१। खर्च लेखेको छ। उक्त अनुदान रकम सूचिकरणको गणक छनौट, गणक तालिम, प्रचार प्रशार, Dell vostro 13th gen ल्यापटप , स्थानिय तहमा जनप्रतिनिधहरुसहित अभिमुखिकरणको कार्यक्रम र प्रशिक्षण तथा तालिम, सहजकर्ताको पारिश्रमिक तथा विविध खर्चको लागि खर्च गरेको देखियो। कार्यालयले कार्यविधिमा उल्लेख भए बमोजिमको ५ जना जनशक्ति व्यवस्थापन गरी ७२३ वटा किसान सूचिकरण प्रणालिमा प्रविष्टि गरेको परिचय खुल्ने गरी स्पष्ट विवरण पेश नहुनुको साथै वेभसाइटमा प्रविष्टि गरेको विवरण पेश हुन नआएकोले उक्त कार्य भए/नभएको सम्बन्धमा एकिन हुन सकिएन ।साथै पालिकासँग कुल कति किसान संख्या छन् र उनिहरुको स्वामित्वमा रहेको कृषि योग्य जमिन तथा पशु चौपायाको एकिकृत लगत छैन । अघिल्लो आर्थिक वर्षमा कति संख्यामा किसान सुचिकरण प्रणालीमा प्रविष्टि भए पालिकासँग अभिलेख छैन। अतः पालिकाले निर्देशिकामा तोकिएबमोजिमको सूचिकरण गर्ने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

## ८७ सामाजिक सुरक्षा भत्ता वितरण

८७.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. ४५,०६,३८,०००.०० निकासा गरेकोमा रु ४४,७४,००,०८९.६५ खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

| सामाजिक सुरक्षा भत्ता | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौँथो त्रैमासिक | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | वितरण संङ्ख्या | वितरण रकम | वितरण रकम | वितरण रकम | वितरण संङ्ख्या | वितरण रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | ५७३६ | ६८२१६९०५ | ६९२५६७३२ | ६९८१२६८९ | ५९६७ | ७११३६९१५ | २७८४२३२४१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४१३ | ३२३९८८० | ३३२२३४० | ३३६२२४० | ४०१ | ३१७३३८० | १३०९७८४० |
| जेष्ठ नागरिक एकल महिला | ५३२ | ४२१८७६० | ४१६८२२० | ४१६७९३३ | ४७५ | ३७८३८०७ | १६३३८७२० |
| विधवा | १२६० | ९९१९१४० | १०२४६३२० | १०५९४७८० | १३६४ | १०८२३५४० | ४१५८३७८० |
| पूर्ण अपाङ्गता भत्ता | २६३ | ३१२१७७६ | ३१७८१६८ | ३२६०८९४ | २८२ | ३३३५१०८ | १२८९५९४६ |
| अति अशक्त अपाङ्गता भत्ता | ४२८ | २६९६७०८ | २७७२७८४ | २८११६२० | ४४९ | २८३४०८४ | १११११५१९६ |
| क्षेत्र तोकिएका बालबालिका | १०४७८ | १५९५०१०६ | १५६१५८८७ | १५६३६९२९ | १००६० | १५४३०८१२ | ६२६३३७३४ |
| दलित बालबालिका | ८२६ | १२३६५६३ | ११८१३९४ | ११४७८८७ | ७२० | १११११७०५ | ४६७७५४९ |
| लोपन्मुख जाति | १५१ | १७९९४९० | १८०७४७० | १८४३३८० | १५५ | १८५१३६० | ७३०१७०० |
| जम्मा | २००८७ | ११०३९९३२८ | १११५४९३१५ | ११२६३८३५२ | १९८७३ | ११३४८०७११ | ४४८०६७७०६ |

**फरक विवरण:** पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. ४४,७४,००,०८९.६५ देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा रु.४४,८०,६७,७०६.०० बैंक खाता मार्फत निकासा गरेकोमा रु.४४,८६,११,११६.०० इएफटी मार्फत सम्वन्धित लाभग्राहिको खातामा ट्रान्सफर गरी रु. ५,४३,४१०.०० मृत्यु तथा लगत कट्टा भई फिर्ता गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS मार्फत रु ४४,७४,००,०८९.६५ र VRSP-MIS System मार्फत रु.४४,८०,६७,७०६.०० इएफटी मार्फत विच खर्च लेख्दा निकासा रकम भन्दा .... जनालाई रु. ६,६७,६१७। बढी वितरण गरेको रहेको छ । पालिकाले आई.पि.एफ.एम.एस प्रणालीमा फरक पर्नुमा लाभग्राहीको खाता नम्बर, नाम, नागरिकता नम्बर म्याच नगरेको र खाता निष्कृय भईसकेको लगायतका कारण जनाएको छ । CGAS मार्फत निकासा भन्दा बढी रकम वितरण गरेको लाभग्राहि संख्या यथार्थ रहेको सम्वन्धमा एकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६७,६१७ |

८७.२ **लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन । पेश भएको विवरण

अनुसार २०८१ श्रावन देखि २०८२ असाढ मसान्त सम्मा मृत्यु भएका १२० जना लाभग्राहीबाट रु १२३१५५५।०० फिर्ता हुनुपर्ने रकमको बैक अनुसारको विवरण सहितको रकम यकिन गरी संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु

आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,३१,५५५ |

८७.३ **निस्कृय खाता:** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा विवरण माग गर्दा सामाजिक सुरक्षाका खाता वर्ष भरिमा एक पटक पनि भत्ता नझिकेका तथा बायोमेट्रिक नगराई भत्ता वितरण गरेको विवरण पेश भएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण एकिन गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

८७.४ हिसाब भिडान- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ।

८७.५ **पारदर्शिता र जवाफदेहिता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कलैया उप महानगरपालिका, बारा , कलैया उप-महानगरपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नाथु साह | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिव्या सरार्फ | २०७७-४-१ | २०८१-०८-१६ |
| लेखा प्रमुख | लोक वहादुर वुढा | २०८१-०८-१६ | २०८२-०३-३२ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,५३८,४५५ | ३३,९८७,६०१ | ८७,३१५,२२४ | ० | ० | १०,५०४,८६० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३५,३४६,१४० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३५,३४६,१४० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ११५८४४५१८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १०१३७६२५२० | चालु खर्च | ८५१३८१५१० |
| प्रदेश सरकारबाट अनुदान | ३३९४१७२९ | पूँजीगत खर्च | ३५०५२२२१३ |
| राजश्व बाँडफाँट | २०४२१८१६० | वित्तीय/अन्य व्यवस्था | ५७३१३६७४० |
| आन्तरिक आय | १५८७३५७३० | | |
| अन्य आय | ३७७५६३२६७ | | |
| कुल आय | १७८८२२१४०६ | कुल खर्च | १७७५०४०४६३ |
| बाँकी मौज्दात | | १२९०२५४६१ | |

**अनुसूची - २**

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| शीर्षक | वास्तविक आय | मौज्दात | शीर्षक | खर्च | मौज्दात |
| संघीय सरकार | ७९३९७२१०३.६० | ८५९५५८९६.४० | चालु | ८५१३८१५०९.६७ | १३५०३३४९०.३३ |
| १३३११ समानिकरण अनुदान | २३४१७१५२०.०० | २१०२८४८०.०० | २११११ पारिश्रमिक कर्मचारी | १६५८९७९३०.९८ | ११०३५१४७.०२ |
| १३३१२ शसर्त अनुदान चालु | ४९६७१२६२२.०० | ५२९१५३७८.०० | २११२१ पोशाक | १३२२८७५.०० | २६७१२५.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५९३८७९६१.६० | ५७१२०३८.४० | २११३२ महंगी भत्ता | १३३००००.०० | १७००००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३७०००००.०० | ६३०००००.०० | २११३४ कर्मचारीको बैठक भत्ता | १५९९१४०.०० | ५००८६०.०० |
| प्रदेश सरकार | ३३९२९५२८.०० | ३१५८४७२.०० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३०५९०००.०० | १४१०००.०० |
| १३३११ समानिकरण अनुदान | १९५८८०००.०० | ०.०० | २११३९ अन्य भत्ता | ९४५९५३०.०० | २५०४७०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ११३४१५२८.०० | ११५८४७२.०० | २११४२ पदाधिकारीअन्य सुबिधा | ३८५८९०००.०० | ११४११०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ३००००००.०० | ०.०० | २२१११ पानी तथा बिजुली | ६९५८७१.०४ | २३५४१२८.९६ |
| १३३१६ समपुरक अनुदान चालु | ०.०० | २००००००.०० | २२११२ संचार महसुल | २३२१२१.५९ | १०१७८७८.४१ |
| राजस्व बाडफाड | २५८०५७५४७.१४ | ३९५४२४५२.८६ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२३४१४७३.६६ | २६५८५२६.३४ |
| ११३१५ | ५४१५५९६६.८८ | १५८४४०३३.१२ | २२२१४ बिमा | ३९९९९९.२५ | ०.७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | तथा नवीकरण खर्च | | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२४९७७३९७.८५ | २२१०१२३६.१५ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०४९९८७१.२५ | ४००१२८.७५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५३९५४०९८.४१ | -५३२७३२.४१ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १८७२२३६.७० | ११२७७६३.३० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २४९७००८४.०० | २१२९९१६.०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | १३५६०.०० | ४६४४०.०० |
| अन्तरिक श्रोत | १५८७३५७२८.८३ | ३७३७७००७१.१७ | २२३१४ इन्धन - अन्य प्रयोजन | ०.०० | ६००००.०० |
| ११३१३ सम्पती कर | १५३७०६८३.८५ | ३३५६२९३१६.१५ | २२३१५ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ३७९४९७५.८१ | २५५०२४.१९ |
| ११३१४ भुमिकर/ मालपोत | ८९८२०३.३३ | २१०१७९६.६७ | २२३१९ अन्य कार्यालय संचालन खर्च | ६५५६४४.७५ | २१४४३५५.२५ |
| ११३१७ वहाल कर | ९८०५५५९.४४ | -११७४५५९.४४ | २२४११ सेवा र परामर्श खर्च | ८३७०००.०० | २०२९०००.०० |
| ११३१८ वहाल विटौरी कर | ०.०० | २००००००.०० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३९७५७५.०० | १८०२४२५.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २१७८०.०० | ७८२२०.०० | २२४१९ अन्य सेवा शुल्क | ९०६३४५.०० | १५९३६५५.०० |
| ११४५२ | ०.०० | १०००००.०० | २२५११ | १७२७००.०० | २७३००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | कर्मचारी तालिम खर्च | | |
| ११४७९ अन्य मनोरञ्जन कर | ०.०० | १०००००.०० | २२५२२ कार्यक्रम खर्च | ५१५१८४७५०.३३ | ७८५५२१७१.६७ |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ६८००.०० | ९३२००.०० | २२५२९ विविध कार्यक्रम खर्च | २३२६४२१०.५४ | ६६३५७८९.४६ |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.०० | १०००००.०० | २२६११ अनुगमन मूल्यांकन खर्च | ४७३७२९.०० | ५२६२७१.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २२१०.०० | ९७७९०.०० | २२६१२ भ्रमण खर्च | २००६६२६.०० | २३७४.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ०.०० | १०००००.०० | २२७११ विविध खर्च | १०००५५४०.५१ | ४९४४५९.४९ |
| ११६९१ अन्य कर | ३५५७५४०.९७ | ५८९७४५९.०३ | २२७२१ सभा सञ्चालन खर्च | २५०००००.०० | ०.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | १०००००.०० | २४२११ आन्तरिक ऋणको ब्याज | २५०००००.०० | ०.०० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ०.०० | १०००००.०० | २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ४७५४९३५.०० | ३९५०६५.०० |
| १४१११ वित्तीय निकायबाट प्राप्त ब्याज | ०.०० | १०००००.०० | २५३१५ अन्य सस्था सहायता | ३४९९९४२.०० | ५८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
